# मुहम्मद

## अल्लाहका सन्देशवाहक

(उहाँमाथि अल्लाहको दया र शान्ति होस्)


लेखः अब्दुर्रहमान अल्शीहा

अनुवादः अबू बक्र नद्वी

पुनरवलोकनः रहमतुल्लाह मियाँ



वितरण दअ्वह वल-इर्शाद केन्द्र

मदीना खलीफा जुनूबिया, दोहा, कतार

पो.बो. २४८२ - फो. ४४८७१७०६ फ्याक्स. ००९७४४४८६४७३७

बिस्मिल्लाहिर्रहमानिर्रहीम

(शुरु अल्लाहको नामबाट जो अत्यन्तै दयालु तथा कृपालु छन्)

सम्पूर्ण खुबी सर्वलोकका मालिक अल्लाहमै रहेको छ ।

हामीतर्फका अल्लाह दूत मुहम्मद (सल्ल.), उनका सन्ततिलगायत उनका सबै साथीहरुको मर्यादा बढोस् र ती सबैमाथि शान्ति होस् ।

यदि हामी समग्र मानव जातितर्फ अल्लाहका अन्तिम सन्देष्टा मुहम्मद (सल्ल.) बारे कुरा गर्दछौं भने हामी विगत र वर्तमान इतिहासले चिनेका सबैभन्दा महान मानवको बारेमा कुरा गरिरहेका हुन्छौं । हाम्रो यो निर्णय निराधार होइन किनकि जसले उनको जिवनी पढेको छ, उनको आचरण र स्वरुप जानेको छ, आफ्नो धार्मिक तथा निजी विचारहरुबाट निष्पक्ष भएको हुन्छ, ऊ हाम्रो उपरोक्त निर्णय सही हुनुको साक्षी हुनेछ । निसन्देह यसका साक्षी न्यायप्रेमी गैरमुस्लिमहरु पनि भएका छन् ।

स्वर्गीय प्राध्यापक हसन अलीले “नूरुल इस्लाम” नामक पत्रिकामा उल्लेख गरेका छन्, “मेरो एउटा बाहुन मित्रले मसित भन्यो, म इस्लामका सन्देशवाहकलाई संसारभरिका मानिसहरुमध्ये सर्वमहान र पूर्ण भएको देख्दछु, मैले सोधें, “किन ?” उसले जवाफ दियो, “किनकि इस्लामका सन्देशवाहकमा विभिन्न गुण, सम्पूर्ण आचरण र यस्ता अत्यधिक खुबीहरु भेट्छु जुन एकैचोटी इतिहासको कुनै पनि मानिसमा भेट्टाइदैनन् । उनी यस्तो

राजा हुन पुगे जसको अधिनमा सम्पूर्ण अरब जगत भयो । त्यसमा उनको उर्दी चल्थ्यो । तापनि उनी विनम्र थिए । उनको सोचाई के थियो भने मेरो कुनै अधिकार छैन, बरु सबै अधिकार अल्लाहको हातमा रहेको छ । तपाई उनलाई अति अलोभी पाउनु हुनेछौ । उनी कहां उनको राजधानीमा ऊंटहरु धेरै मालसामान र धनसम्पत्ति बोकेर आउने गर्थे । तैपनि उनी निर्धन हुन्थे । कैयन दिन उनको घरमा खानको लागि आगो बाल्दैनथ्यो । प्रायः भोकै सुत्नु हुन्थे । उनी महान सेनापति थिए । उनी थोरै संख्या र कम हतियार भएका सेनालिएर सुसज्जित सशस्त्र र हजारौं संख्याका सेनासित युद्ध गर्थे तर उनीहरुलाई पराजित गर्थे । हामी उनलाई शान्तिप्रेमी र सम्झौतालाई वरीयता दिने पनि पाउंछौं । उनले सम्झौताका बुंदाहरुमा ढुक्कभई सही गर्थे, जबकि उनीसंग आवेग र उत्तेजनाबाट परिपूर्ण हजारौं साहसी लडाकुहरु हुन्थे । हामी उनलाई यस्तो वीर लडाकु पाउंछौं जो आफ्ना हजारौं दुश्मनहरुसामु तिनको अपार ठूलो संख्याको वास्तै नगरी एक्लै लड्थे । तापनि उनी कोमल हृदयी, दयालु र एक थोपा रगत पनि बगाउन चाहंदैनथे । तपाई उनलाई समग्र प्रायद्वीपको चिन्तनमा मग्न देख्नु हुनेछ । तापनि उनीद्वारा आफ्नो घर परिवारलगायत निर्धन तथा विपन्न मुस्लिमहरुको कुनै मामिला बिर्सिइंदैनथ्यो । आफ्नो स्रस्टा अल्लाहलाई बिर्सेका तथा उनबाट बिचलित पारिएका मानिसहरुको मामिला उनलाई

चिन्तित तुल्याई राख्थ्यो । अनि उनी तिनका सुधारको लागि लालायित हुन्थे ।”

समग्रमा उनी यस्ता मान्छे थिए जसलाई सिंगो संसारका मामिलाहरुको चिन्ता थियो । तापनि उनी अल्लाहसित आबद्ध र संसारबाट बिमुख थिए । उनी संसारमा हुंदा पनि हुंदैनथे । किनकि उनको रुचि अल्लाह र उनलाई खुशी पार्ने कुराहरु बाहेक अन्य केही हुंदैनथ्यो । आफ्नो लागि कसैबाट कहिले पनि बदला लिएनन् । उनी आफ्ना दुश्मनको पनि भलो चाहन्थे । तिनको भलोको लागि प्रार्थना गर्दथे । तर अल्लाहका दुश्मनलाई कहिल्यै माफ गर्दैनथे । अल्लाहको मार्गबाट बिचलित पार्नेहरुलाई निरन्तर डराउने र नर्कको यातनाको डर सुनाउने गर्थे । तपाई उनलाई संसारबारे संयमी, भक्त, अल्लाहको सम्झनाको निम्ति रातमा उभिरहने र उनीसित विन्ती विसाउने पाउनु हुन्छ । उनको स्वरुपबारे हामी जुन बेला वीर सैनिक र तरवारबाट लड्नेवाला कल्पना गर्दछौं, जुनखेर उनलाई तत्वदर्शी सन्देष्टा र दोषरहित सन्देशवाहक पाउंछौं, त्यसैबेला उनलाई मुलुक र समुदायहरुको विजेता पनि कल्पना गर्नुपर्छ । उनी खजुरको पातबाट बुनिएको गुन्द्रीमा सुत्ने गर्थे । उनी यस्तो सिरानी प्रयोग गर्थे जो पातहरुबाट भरिएको हुन्थ्यो । जुन बेला हामी उनलाई अरब जगतको सम्राट भन्न चाहन्छौं त्यतिखेर उनको परिवार अरबी प्रायद्वीपको कुनाकाप्चाबाट अत्यधिक धनमाल प्राप्त भए पनि भोक र कष्टमा हुन्थ्यो । उनको मस्जिदको प्राङगणमा धन थुपारिएको हुन्थ्यो । उनको

हृदयको टुक्रा छोरी फातिमा (रजि.) आएर पानीको मशक (छालाबाट निर्मित भाडो) बोक्दा र जांतो पिंध्दा परेको चिन्हको कष्टको गुनासो पोख्छिन् । अल्लाहका सन्देशवाहकले त्यतिखेर लडाईमा विजयबाट प्राप्त भएका दास र दासीहरुलाई मुस्लिमहरु माझ बांड्ने गर्दथे । तर उनकी छोरी त्यसबाट एउटा दुआका केही शब्दहरु जुन उनले फातिमालाई अल्लाहसित प्रार्थना गर्न सिकाएका थिए त्यो वाहेक केही पाउँदैन थिइन् ।

एक दिन उनका अनन्य मित्र उमर उनी कहां आए । उनले कोठामा सबैतिर हेरे । उनलाई खजूरको पातबाट बुनिएको एउटा गुन्द्री मात्र देखा पर्‍यो । त्यसैमाथि अल्लाहका सन्देशवाहक सुतिरहेका थिए । गुन्द्रीले उनको ढाडमा चिन्ह पारेको थियो । घरका सिंगो सामानमध्ये एउटा भाडामा दुई तीन किलो जौ र नजिकै एउटा खूंटीमा झुण्डिरहेको पानीको लागि पुरानो मशक थियो । अल्लाहका सन्देशवाहकको स्वामित्वमा रहेको सम्पूर्ण सामान त्यही मात्र थियो । जबकि आधा अरब जगत उनको अधिनमा भइसकेको थियो । उमरले यो अवस्था देखेपछि आफ्ना आंशु थाम्न सकेनन् । “हे उमर किन रुन्छौ ?” अल्लाहका दूतले सोधे । “किन नरोऊं ? कैशर र किस्रा (संसारका दुई विश्व सम्राट) संसारको रमाई र बरदानबाट प्रफुल्लित छन् र अल्लाहका सन्देष्टालाई मैले हेरेको यति मात्र प्राप्त भएको छ ?” उनले भने । “हे उमर तिमी यसबाट खुशी हुंदैनौ, कैशर र किस्राको भागवण्डा संसारकै सुख र आरामका लागि होस र आखिरत (मरोणोत्तर जीवन) अरुको नभई हामीहरुको

लागि मात्र होस ?” अल्लाहका सन्देष्टाले उनीसित भने । अल्लाहका सन्देशवाहकबाट मक्का विजय गर्नको लागि तयार आफ्नो सेनाको सर्वेक्षण गर्ने बेलामा अबु सुफियान अल्लाहका सन्देशवाहकका काका अब्बासका छेऊमै थिए । यी दुबै जना मुस्लिम मुजाहिदीनहरुलाई हेर्दै थिए । तिनका सामुन्ने धेरै झण्डाहरु थिए । अबु सुफियान त्यतिखेर इस्लामको विरोधी थिए । उनलाई मुस्लिम सेनाको बाहुल्य र उनीसित सामेल भएका मुस्लिमहरुलाई मक्काको पहाडमा बाढी बगे सरह ओर्लदै थिए जसलाई रोक्ने र छेक्ने कोही थिएन, हेर्दा डर लाग्यो । “अब्बास तिम्रो भतिजो त ठूलो राजा भइसक्यो” उनले आफ्नो साथीसित भन्यो । उनको विचार अबु सुफियान भन्दा भिन्न थियो । “अबु सुफ्यान यसमा रजाईंको कुनै अंश पनि छैन । यो दूतत्व र अल्लाहको इच्छा पुऱ्याउने पद हो” अब्बासले उत्तर दिए ।

प्रख्यात व्यक्ति हातिम ताईको छोरा अदि उदारता र दानी हुनुमा जसको उदाहरण दिइन्थ्यो । जो तई जातिका नायक थिए । एक दिन उनी अल्लाहका सन्देशवाहकको बैठकमा आए । उनी त्यतिन्जेलसम्म क्रिश्चियन नै थिए । उनले सन्देशवाहकका साथीहरुबाट शसस्त्र अवस्थामा उनको उत्कर्ष गर्दै देखेपछि उनलाई दूतत्व र रजाईंमा फरक छुट्याउन गाह्रो भयो । उनले मनमनै भने, “यिनी राजा हुन् कि सन्देशवाहकहरुमध्येका एउटा सन्देशवाहक ?” त्यसैवखत मदीनाकी एउटी दासी, निरीह महिला

मुहम्मदनिर आएर भनिन्, "हे अल्लाहका सन्देशवाहक, म तपाईसित केही गोप्य कुरा गर्न चाहन्छु ।" उनले भने, "मदीनाको जुनसुकै पनि स्थानको एकान्तमा म तिम्रो कुरा सुन्न तयार छु ।" अनि उनीसित हिंडेर उनको गुनासो सुने । अदिले सन्देशवाहकबाट आफ्ना साथीहरुमाभ्र रजाईंको अवस्थामा यत्रो नम्रता हेरेपछि उनीबाट मिथ्याको अंध्यारो हटेर यथार्थ छरलङ भइहाल्यो । उनी अल्लाहका दूतत्वमध्येका हुन् भन्ने कुरा उनलाई यकीन भयो अनिआफ्नो क्रस फुकालेर सन्देशवाहकका मित्रहरुसंगै इस्लामको प्रकाशमा पुग्न सफल भए ।

अब म मुहम्मद (सल्ल.) बारे पूर्वियाहरुका केही कथनहरु उल्लेख गर्न चाहन्छु । एउटा मुस्लिम हुनु र उनको दूतत्वमा आस्था राखेकोले मलाई यी कथनहरु उल्लेख गर्ने आवश्यकता छैन, तर निम्न दुई कारणले यस्तो गर्दैछु:

पहिलो, जो मुस्लिमहरु इस्लामको नाम मात्र जान्दछन्, त्यसबारे अरु केही थाहा छैन, उनीहरुले यसलाई पढेर तथा गैरमुस्लिमहरु उनका सन्देशवाहक, जसको अनुसरण र अनुयाय यिनीहरुले छोडेका छन्, पूर्वियाहरु उनबारे के भन्छन्, थाहा पाऊन् । संभवतः यो उनीहरुको आफ्नो धर्मतर्फ विशुद्ध फर्कनको थालनी हुन सकोस् ।

दोस्रो, जसले गर्दा यसलाई गैरमुस्लिमहरु पनि पढुन् अनि यस आस्थावान ईश्वरीय सन्देशवाहकको वास्तविकता यस्ता मानिसहरुको मुखबाट जानुन् जो

उनीमध्ये कै होऊन् । शायद यसबाट उनीहरु इस्लामतर्फ मार्गदर्शित हुनसकुन् । यो अति महान धर्मज्ञानको निम्ति तिनको गम्भिर खोजको शुरुवात होओस् । म यिनीहरुलाई अरुको बुद्धिबाट न सोच्ने आग्रह गर्छु । बरु उनीहरुसित यस्तो बुद्धि रहेछ जसले (यदि उनी यसलाई पक्षपातरहित प्रयोग गरुन्) मिथ्याबाट यथार्थ र गलतबाट सही जान्न सक्छन् । अल्लाहले सत्यको लागि यिनको हृदय खोली देओस्, त्यसको ज्ञान देओस् र सोभ्रो बाटोतिर मार्गदर्शित गरोस् । यिनीहरुको लागि मेरो यही प्रार्थना छ ।

अब्दुर्रहमान बिन अब्दुल करीम अल-शीहा
रियाद, ११५३५, पो.ब.न.- ५९५६५

## अल्लाहका सन्देशवाहक मुहम्मद (सल्ल.) को हुन् ?

### वंश

मुहम्मद (सल्ल.) कासिमको बुवा, अब्दुल मुत्तलिबको नाति र अब्दुल्लाहको छोरा हुन् । उनको वंश अल्लाहको खलील (प्रिय) इब्राहीम (अलै.) को छोरा इस्माइलको सन्तानमध्ये अद्नानसम्म पुग्छ ।

उनको भनाई रहेछ, "निसन्देह अल्लाहले इस्माइलको सन्तानबाट किन्आन्लाई, किन्आन्बाट कुरैशलाई, कुरैशबाट हाशिमका सन्तानलाई र हाशिमका सन्तानबाट मलाई छान्नुभयो ।" (सही मुस्लिम)

उनी संसारका सर्वोत्कृष्ट मान्छे थिए । यसको गवाही उनका शत्रुहरुले पनि दिएका छन् । अबु सुफियान् ती हुन् जसले इस्लाम ग्रहण गर्नुभन्दा पहिला सन्देशवाहकसंग शत्रुताको नेतृत्व गरेका थिए । अबु सुफियान रोमका सम्राट हेरक्लेसनिर यसको साक्षी भए ।

अब्दुल्लाह बिन अब्बासबाट हदीस वर्णन भएको छ, "अल्लाहको सन्देशवाहक (सल्ल.) ले कैसरलाई इस्लाम स्वीकार गर्नका निम्ति पत्र लेखे । उनले आफ्नो पत्र दिह्या कल्बीमार्फत पठाए । उनलाई बुस्राको गभर्नरलाई दिएर पत्रलाई कैसरसम्म पठाउन आदेश दिए । त्यसताका हिम्स (दमस्कस) बाट ईलिया (पेलेस्टाइन) सम्म अल्लाहको कृतज्ञता प्राप्त गर्नको लागि उनी हिंडेर आएका थिए । किनकि फारस (इरान) का सेनाहरुलाई उनको सेनाले हराएको थियो । अनि जब उनलाई अल्लाहका सन्देशवाहक (सल्ल.) को पत्र सुम्पियो उनले त्यसलाई पढे पछि भने, "उनको समुदायमध्ये यहां

पाइएका कसैलाई खोजेर मनिर ल्याऊ । म उसबाट अल्लाहको सन्देशवाहकबारे केही सोध्न चाहन्छु ।" इब्ने अब्बासको वर्णनानुसार अबुसुफियानले उनीसित भने बमोजिम उनी त्यसताका कुरैश जातिका ती मानिसहरुसंग सिरियामै थिए । अल्लाहका सन्देशवाहक (सल्ल.) र कुरैशका मूर्तिपूजकहरुबीच सन्धिको अन्त्रालमा उनी त्यहां पुगेका थिए । अबुसुफियानको भनाई छ, "हामीले कैशरको सन्देशवाहकलाई सिरियामै भेट्यौं । उनले मसमेत मेरा मित्रहरुलाई उनीसमक्ष प्रस्तुत गरे । उनी आफ्नो सिंहासनमा बसेका थिए । उनको टाउकोमा ताज थियो । उनका वरिपरी रोमका ठूलठूला मानिसहरु थिए । उनले आफ्नो अनुवादकसित भने, "यिनीहरुसित सोध जसले आफू अल्लाहका सन्देशवाहक भएको दाबी गरेका हुन्, तिनीहरुमध्ये वंशमा उनको निकटतम् को हो ?" अबु सुफियानले भने, "म हुं ।" उनले सोधे, "तिमी र उनीबीच के नाता छ ?" मैले भनें, "उनी मेरो काकाको छोरा हुन् ।" र, त्यसताका यात्रुसमूहमा अब्देमुनाफ्को सन्तानमध्ये मबाहेक अरु कोही थिएन । कैशरले भने, "उसलाई नजिक ल्याऊ ।" र, मेरा साथीहरुकाबारेमा पनि त्यस्तै किसिमको हुकुम भयो । अनि उनीहरु मेरो पछाडि मेरो कांधनिर पारिए । अनि उनले आफ्नो अनुवादकसित भने, "यसका साथीहरुसित भन, म ऊसित उनको बारेमा केही सोध्न चाहन्छु । यदि उसले असत्य बोल्यो भने तिमीहरु सबै उसलाई असत्य भन ।" अबुसुफियानले भने, "अल्लाहको कसम, यदि मलाई

त्यस दिन मेरा साथीहरु मेरो झूठोलाई उदांग पार्छन् भन्ने लाज हुंदैनथ्यो भने म उनको प्रश्नहरुको जवाफमा अवश्य असत्य बोल्ने थिएं । तर मलाई लाज लाग्यो कि यिनीहरु मेरो असत्यको पर्दा उघारी दिनेछन् । तसर्थ म सांचो कुरा गर्न बाध्य भएं ।" अनि उनले आफ्नो अनुवादकमार्फत प्रश्न गरे, "उक्त मान्छेको वंश तिमीमाझ कस्तो हो ?" मैले उत्तर दिएं, "उनी हामीमाझ असल वंशवाला हुन् ।" उनले सोधे, "तिमीमध्ये कसैले यिनीभन्दा पहिला यस्तो दाबी गरेको थियो ?" मैले भने, "छैन ।" उनले सोधे, "यिनको यस्तो दाबीभन्दा अघि तिमीहरु उनीमाथि झुठोको आक्षेप लगाउने गर्थ्यौ ?" मैले भने, "छैन ।" उनले सोधे, "यिनको पुर्वजमध्ये कोही राजा थिए ?" मैले भने, "छैन ।" उनले सोधे, "मानिसहरुमध्ये प्रतिष्ठित र उच्चस्तरीय मानिसहरु यिनको अनुयायी बन्छन् वा निम्न स्तरीयहरु ?" मैले भने, "निम्न स्तरीयहरु ।" उनले सोधे, "उनीहरु बढ्दछन् कि घट्छन् ?" मैले भने, "बढ्दछन् ।" उनले सोधे, "यिनको धर्म अपनाएपछि कोही यिनीसित रिसाएर विमुख हुन्छन् ?" मैले भने, "हुंदैनन् ।" उनले सोधे, "उनी विश्वासघात गर्छन् ?" मैले भने, "गर्दैनन् ।" "तर हामी उनीसंग एउटा सन्धिमा छौं र हामीलाई यसमा उनीबाट विश्वासघात हुने खतरा छ" अबुसुफियानले भने, उनमा आहत पुऱ्याउने खालको कुनै शब्द यसबाहेक मलाई सम्भव भएन । उनले सोधे, "तिमीहरुले उनीसित वा उनले तिमीहरुसित लडाईं गरेका छौ ?" मैले भने, "छौं ।"

उनले सोधे, "उनको र तिम्रो लडाई कस्तो रह्यो ?" मैले भने, "कहिले हामीहरु विजयी र कहिले उनीहरु विजयी ।" उनले सोधे, "उनले तिमीहरुलाई के को आदेश दिन्छन् ?" मैले भने, "हामी अल्लाहको मात्र उपासना गरौं । अल्लाहको हक अधिकारमा कसै र केहीलाई मिश्रण नगरौं र हाम्रा पूर्वजका उपासनालाई निषेध गर्दछन् । हामीलाई नमाज (प्रार्थना) पढ्न, दान दिन, संयमी बन्न, वाचा निर्वाह गर्न लगायत इमानदारीको आदेश दिन्छन् ।" अनि उनले अनुवादकमार्फत मसित भने, "मैले उनको वंशबारे सोधे, तिमीले उनी असल वंशवाला हुन् भन्यौ । त यसरी नै अल्लाहका सन्देशवाहकहरु आफ्नो जातिका वंशमै पठाइदै छन् । मैले तिमीसित सोधें, उनको उक्त दाबीभन्दा अघि तिमीमध्ये कसैले यस्तो दाबी गरेको थियो ? तिमीले छैन भन्यौं । मेरो विचारमा यदि तिमीमध्ये कसैले उनीभन्दाअघि त्यस्तो दाबी गरेको हुन्थ्यो भने उनले पनि पहिलाको दाबीको सिको गरेका होलान् भन्न सकिन्थ्यो । मैले सोधें, तिमी उक्त दाबीभन्दाअघि उनीमाथि असत्यको दोषारोपण गर्थ्यौ ? तिमीले होइन भन्यो । मेरो विचारमा उनले मानिसहरुमाथि असत्य छोडेर अल्लाहमाथि झूठो बोल्नेवाला हुन सक्तैनन् । मैले तिमीसित सोधें, उनको पूर्वजमध्ये कोही राजा थिए ? तिमीले छैन भन्यौं । मेरो विचारमा यदि उनको पूर्वजमध्ये कोही राजा भएको भए शायद उनले आफ्नो पूर्खाको रजाईं चाहेको होलान् भन्न सकिन्थ्यो । मैले सोधें, ठूलठूला मानिसहरु उनका

अनुयायी बन्छन् कि साना तिना ? तिमीले साना तिना भन्यौं । त सन्देशवाहककहरुको अनुयायी यिनीहरु नै हुंदै आएका छन् । मैले सोधें, उनीहरु बढ्छन् कि घट्छन् ? तिमीले उनीहरु बढेको नै बतायौं । त धर्म परिपूर्ण नभइञ्जेल यस्तै हुंदो रहेछ । मैले सोधें, उनको धर्म अपनाएपछि कोही रिसाएर विमुख पनि हुन्छन् ? तिमीले हुंदैनन् भन्यौं । त यसरी नै आस्था दिलको रमाईमा परिणत भएपछि कोही त्यससित रिसाउादैन । मैले सोधें, उनले विश्वासघात गर्छन् ? तिमीले गर्दैनन् भन्यौं । त यसरी नै सन्देशवाहककहरु विश्वासघात गर्दैनन् । मैले सोधें, तिमी र उनीमाभ्रु लडाई भएको छ ? तिमीले भएको छ भन्यौं र लडाई तिमी र उनीबीच ठेकाभ्रैं कहिले तिम्रो त कहिले उनको पोल्टामा रह्यो । त यसरी नै सन्देशवाहककहरु परिक्षित हुंदा रहेछन् । र अन्त्य उनीहरुको हितमै हुनेगर्छ । मैले सोधें, उनले तिमीहरुलाई के को आदेश दिन्छन् ? तिमीले भन्यौं, अल्लाहको उपासना र त्यसमा कसैलाई मिश्रण नगर्ने आदेश दिन्छन् । तिम्रा बुवाबाजेहरुले पूज्ने गरेकोबाट रोक्छन् । उनले नमाज (प्रार्थना) पढ्न, सत्यता अपनाउन, संयम राख्न, वाचा निर्वाह गर्न र धरौटी फर्काउन आदिको आदेश दिन्छन् । त यिनी नै सन्देशवाहकमा पाइने गुणहरु हुन् । मलाई उनको प्रकट हुनेबारे थाहा थियो तर उनी तिमीमध्ये हुनेछन् भन्ने बारेमा आभास पनि थिएन । यदि तिमीले भनेको कुरा सांचो हो भने उनी चांडै नै मेरा यी दुई पाइलाका ठाउंको मालिक हुनेछन् । यदि मलाई उनीसम्म पुग्ने

यकीन हुन्थ्यो भने म उनीलाई भेट्नुको कष्ट भोग्थे । र यदि म उनीनिर हुन्थे भने म उनको खुट्टा धुन्थे ।" अबु सुफ्यानले भने, "त्यसपछि उनले उक्त पत्र लिएर पढ्न लगायो, त त्यसमा यो विवरण थियो, त्यस अल्लाहको नामबाट प्रारम्भ गर्छु जो अति दयालु र कृपालु छन् । अल्लाहको दासलगायत सन्देशवाहक मुहम्मद (सल्ल.) बाट रोमको सम्राट हेरक्लसतर्फ । जो कोही सत्मार्गको अनुसरण गर्छ उसमाथि सलाम (शान्ति) होस् । निसन्देह म तिमीलाई इस्लामको सन्देशतर्फ डाक्छु । इस्लाम अपनाऊ, सुरक्षित रहनेछौ र अल्लाह तिम्रो प्रतिफल दुई गुना दिनेछन् । तर, यदि तिमी मान्दैनौ भने तिमीमाथि सिंगो जनताको पाप हुनेछ । अल्लाहको भनाई छ, भन, हे किताबवालाहरु, आऊ यस्ता शब्दतर्फ जुन हामी र तिमीमाझ समान छ, अर्थात् हामी अल्लाहबाहेक कसैको उपासना नगरौं न ऊसंग कसैलाई मिश्रण गरौं । न हामीमध्ये कसैले कसैलाई अल्लाहको सट्टा प्रभु बनाओस् । यदि उनीहरु मान्दैनन् भने हामी मुस्लिम हौंबारे साक्षी रह.)

अबु सुफियानले भने, "उनले आफ्नो भनाई पूरा गरे लगत्तै उनका वरिपरी बसेका रोमका ठूलाठूला मानिसहरुको आवाज तीव्र हुन थाल्यो र धेरै हल्ला हुन लाग्यौ । मैले उनीहरुको भनाई बुझ्न सकिन । हामीलाई निष्काशित गर्ने आदेश भयो । म आफ्ना साथीहरुसित निस्केर एकान्तमा गएपछि भनें, अबु कब्शाको छोरोको मामिला ठूलो भइसकेछ । यो पहेंलोहरुको राजा पनि उनीसित डर्न थालेको छ ।

अल्लाहको कसम, म लगातार हीनताबोध गरी यकीन गर्दै गरें कि यिनको मामिला चांडै प्रभावी हुनेछ, यहांसम्म कि अल्लाहले मेरो दिलमा मेरो इच्छा विपरीत इस्लामलाई छिराई दियो । (सही बुखारी)

**जन्म र पालनपोषण**

उनको जन्म सन् ५७१ मा कुरैश बंशमा भयो । कुरैश बंशलाई समग्र अरबीहरु बढी महत्व दिन्थे र तिनको लागि आफूमाझ हरेक किसिमको आदर सम्मान राख्दथे । मक्का अरबी प्रायद्वीपको केन्द्र मानिन्थ्यो । त्यहीं प्रतिष्ठित काबा छ जसलाई अल्लाहका सन्देशवाहकहरुको पूर्खा इब्राहीमले आफ्नो छोरो इस्माइल (अलै.) कासाथ निर्माण गरेका थिए । त्यसैतर्फ अरबीहरु तीर्थयात्रा र त्यसको परिक्रमा गर्थे । उनी आमाको गर्भमै छंदा उनको बुवाको देहान्त भएको थियो । जन्मको केही वर्षपछि आमाको पनि देहान्त भयो अनि टुहुरो हुर्के । उनको पालनपोषण उनको बाजे अब्दुल मुत्तलिबले गरे । तिनको देहान्तपछि उनको स्याहारसुसार उनका काका अबु तालिबले गरे । उनको वंश पनि सबै मानिसहरुझैं मूर्तिकै पूजा गर्थे । ती मूर्तिहरु केही काठबाट, केही ढुंगाबाट र केही सुनबाट बनाइएका थिए । सबै काबाका वरिपरी स्थापित गरिएका थिए । तिनमा नाफा र नोक्सान पुऱ्याउने सामर्थ्य हुन्छ भने उनीहरुको आस्था थियो ।

उनी (सल्ल.) को समग्र जीवन सत्यता र इमान्दारीले भरिपूर्ण थियो । उनीबारे न विश्वासघात पाइयो न झुठो, न बेइमानी न नै धोका । आफ्नो समुदायबीच

इमानदारको उपनामले चिनिन्थे । अरबीहरु उनी कहां आफ्ना धरोहर, धनसम्पत्ति राख्ने गर्थे । यात्राको बेलामा आफ्ना धरौटीहरु उनी कहां सुरक्षित गर्थे । तिनीमाझ उनी आफ्नो भनाई र गराईमा सत्य भएकोले, सांचो उपनामले जानिन्थे । उनी सचरित्र, राम्रोबानी र शुद्धभाषी थिए । मानिसहरुको भलो चाहन्थे । उनको समुदायले उनलाई माया गऱ्यो । उनको कदर र प्रतिष्ठा आफन्तलगायत सबैले गरे । उनको शरीर सुन्दर आकारको थियो । उनलाई हेर्दा आंखा अघाउंदैनथ्यो । सुन्दर स्वरुप र सचरित्र शब्दका जतिसुकै अर्थ हुन सक्छन् ती सबै उनमा भरपूर थिए । परम् अल्लाहले उनीबारे भन्नुभएका छन्, “निसन्देह तिमी महान चरित्रवान हौ ।” (कुरआन, ६८:४)

पश्चिमा लेखक कार्लायलले आफ्नो किताब नायकहरुमा उनीबारे यस्तो लेख्नुभएको छ, “मुहम्मद (सल्ल.) बारे उनको उमेरको प्रारम्भदेखि नै चिन्तक मान्छे हुने विचार गरिएको छ । उनका साथीहरुले उनलाई इमानदार नामाकरण गरेका थिए । कथनी, करनी र सोचाई सबैमा सत्य । उनीहरुले के अवलोकन गरेका थिए भने जुन शब्द पनि उनको मुखबाट निस्कन्छ त्यसमा दुरदर्शिता नै हुन्थ्यो । मेरो बुझाईनुसार उनी धेरै चुपचाप बस्ने, बिना अर्थ न बोल्नेखालका थिए । यदि बोल्थे भने बुद्धिमतापूर्ण हुन्थ्यो । हामीले उनलाई जीवनभरि सिद्धान्तनिष्ठ, दृढइच्छई र दुरगामी देख्यौं । उदार, सद्धे, दयालु, अल्लाहसित भय गरिरहने, उत्कृष्ट र स्वतन्त्र भेटेका छौं । अत्यन्तै गम्भीर र

निष्कपट भन्दा पनि सिधा, हांसिलो, मैत्रीपूर्ण, मिलनसार र यदाकदा खेलवाड पनि गर्थे । उनको अनुहार प्रायः सहृदयबाट निस्कने एउटा चम्किलो मुस्कानले प्रज्वलित पार्ने खालको हुन्थ्यो । उनी चलाख, महात्मा र नैसर्गिक तवरले महान थिए । न कुनै विद्यालयले उनलाई पढायो न कुनै शिक्षकले उनलाई सभ्य पाऱ्यो । उनलाई यसको आवश्यकता पनि थिएन । मरुभूमिको फराकिलोमा उनले आफ्नो काम एक्लै सिध्याए ।

दूतत्वभन्दा अघि उनीद्वारा एकान्त बसाई मन पराइएको थियो । तसर्थ उनी हेरा पहाडको गुफामा रातभर प्रार्थना गर्दै हुन्थे । उनी (सल्ल.) उनको समुदायले गर्दै गरेको मूर्ख्याईहरुबाट पूर्णतः मुक्त थिए । न कहिले मदिरा सेवन गरे न कुनै मूर्तिलाई ढोगे न त्यसको शपथ नै खाए । न त्यसको लागि बलि चढाए । तर आफ्नो खानदानका अन्य सबै कार्यहरु गर्ने गर्थे, बाख्रा चराए । उनले भनेका छन्, “अल्लाहले यस्तो कुनै सन्देशवाहक जसले बाख्रा न चराएको होस् पठाएको भएन । उनका साथीहरुले सोधे, तपाईले पनि ? भने, हो । म केही कीरात (मुद्रा) को सट्टा मक्काबासीहरुको बाख्रा चराउने गर्थे (सही बुखारी)

उनको उमेर ४० वर्ष पुगेपछि उनीमाथि आकाशबाट वह्य (अल्लाहको प्रकाशना) अवतरित हुन थाल्यो । त्यसवखत उनी मक्कामा हेरा पहाडको गुफामा प्रार्थना गर्दै थिए । सन्देशवाहक (सल्ल.) की श्रीमती (सबै मुस्लिमहरुको आमा खदीजा रजि.) भन्दछिन्, “अल्लाहका सन्देशवाहकतर्फ शुरु गरिएको अल्लाहको

सर्वप्रथम प्रकाशना उनको निद्रावस्थामा सांचो स्वप्न थियो । जहिले पनि उनले कुनै स्वप्न देख्थे बिहानीको उज्यालोझैं त्यो सामुन्ने आउंथ्यो । उनी एकान्त मन पराउंथे । हेराको गुफामा उनी एकान्त भएर प्रार्थना गर्ने गर्थे र त्यसको लागि खाना पनि संगै बोकेर लैजाने गर्थे । खाना सकिएपछि खदीजा (रजि.) कहां फर्केर पुनः लिई जाने गर्थे । सत्य अवत्रण हुने बेलामा उनी उक्त गुफामै थिए । उनीसमक्ष स्वर्ग दूतले आएर भने, पढ्नुस् । उनले भने, म पढ्न जान्दिन । उनले भने, त्यसपछि उनले मलाई समातेर यत्रो जोडले थिचे कि म सख्त कठिनाईमा परें । अनि छोडेर भने, पढ्नुस् । मैले भने, म पढ्न जान्दिन । अनि दोस्रो पटक मलाई समातेर यति जोडले थिचे कि मलाई धेरै कष्ट भयो । अनि छोडेर पढ्न लगाए । मैले भने, म पढ्न जान्दिन । अनि तेस्रो पटक थिचेपछि छोडेर भने, आफ्नो त्यस प्रभुको नामबाट पढ जसले सृजना गरेका हुन् । मानिसलाई जमेको रगतबाट सृजना गरेको हुन् । पढ र तिम्रो प्रभु दानी छन् । उनी (सल्ल.) काम्दै घर फर्के । घरमा पसेर खदीजा (रजि.) सित भने, मलाई ओढाऊ, मलाई ओढाऊ । खदीजा (रजि.) ले मुहम्मद (सल्ल.) लाई निको आभास नहुन्जेल ओढाई राखिन् । त्यसपछि उनी (सल्ल.) ले खदीजालाई खबर गर्दै भने, मलाई आफूबारे भय लागि रहेको छ । खदीजा (रजि.) ले भनिन्, कदापि होइन, अल्लाहको कसम अल्लाह तपाईलाई कहिले पनि अपमानित गर्ने छैन । निसन्देह, तपाई आफन्तहरुसित राम्रो हुनुहुन्छ । दीनदुःखीको मद्दत गर्नुहुन्छ । पाहुनाको

सत्कार गर्नुहुन्छ । समस्याग्रस्तलाई सघाउनु हुन्छ । अनि खदीजा (रजि.) ले आफ्नो श्रीमानलाई काकाको छोरा वर्का बिन नौफल कहां लगिन् । उनी अज्ञानता कालमा क्रिश्चियन भइसकेका थिए । उनी हिब्रु लिपिका लेखक थिए । उनले बाइबललाई हिब्रुमा लेख्ने गर्थे । उनी धेरै वृद्ध भएकाले अन्धो पनि भइसकेका थिए । उनीसित खदीजा (रजि.) ले भनिन्, हे मेरो काकाको छोरा आफ्नो यस भतीजाको कुरा सुन्नुहोस् । वर्काले उनीसित भने, भतीजा तिमी के देख्दछौ ? अनि अल्लाहका सन्देशवाहक (सल्ल.) ले भोगेका घटनालाई बताए । त्यसपछि वर्काले उनीसित भने, यिनी त स्वर्गदूत जिब्रईल हुन् जसलाई अल्लाहले मूसा (अलै.) तिर पठाएका थिए । कति राम्रो हुन्थ्यो यदि म त्यसबेलासम्म बांच्थें जब तिम्रो समुदायले तिमीलाई मक्काबाट निकाल्नेछन् । सन्देशवाहक (सल्ल.) ले भने, के उनीहरु मलाई निकाल्नेछन् ? उनले भने, हो जहिले पनि कसैले तिम्रो जस्तो कुरो ल्यायो, उससित शत्रुता गरियो । यदि मलाई त्यो दिन प्राप्त भयो भने म तिम्रो ठोस मद्दत गर्नेछु । त्यसपछि नै वर्काको देहान्त भयो र वह्य (अल्लाहको प्रकाशना) रोकियो । (सही बुखारीलगायत मुस्लिम)

उपरोक्त अवस्थामा उनको दूतत्वको प्रारम्भ भएको थियो । त्यसपछि उनीमाथि परमसमेत शुभ अल्लाहको यो भनाई अवतरित गरियो, “हे तन्ना ओढेको मान्छे उठ र डराऊ र आफ्नो प्रभु (अल्लाह) को प्रशंसा गर । र आफ्नो लुगा पवित्र पार । (कुरआन, ७४.१,४)

उपरोक्त अवस्थामा उनको दूतत्व र निमन्त्रणाको प्रारम्भ भएको थियो । त्यसपछि उनले आफ्नो दूतत्वको घोषणा गरेर मक्काका आफ्ना जातिहरुलाई इस्लामतर्फ खुलारुपमा डाक्न थाले । तर उनीहरुबाट हठ र अस्वीकारको सामना गरे किनकि उनको दृष्टिमा यो एउटा अनौठो धर्म थियो । यसमा तिनका धार्मिक, राजनैतिक, आर्थिकलगायत सबै मामिलाहरु समाहित थिए । यसले उनीहरुलाई अल्लाहमात्रको उपासना गर्ने, उसबाहेक अरुको उपासना छाड्ने, तिनीसमेत तिनका पूज्यहरुका बुद्धिलाई असंगत मात्र भनेन बरु ब्याज, व्यभिचार, जुवा र मदिरा जस्ता मनोरञ्जनात्मक संपद र शेखीका स्रोतहरुलाई उनीमाथि हराम (निषेध) पाऱ्यो । सिंगो मानिससित न्याय गर्न लगायो । उनीहरुबीच भक्तिको आधारमा मात्र फरक हुनुपर्छ भन्यो । कुरैश, जो अरब जगतका नायक थिए । आफू र दासहरुबीच समानतालाई कसरी आत्मसात गर्न सक्थे । उनले उक्त धर्मको सशक्त विरोध मात्र गरेनन् बरु उनलाई गाली गरे । उनमाथि जादुलगायत असत्य र पागलपनको आक्षेप लगाए । उक्त धर्मको उद्घोषभन्दा अघि उनीहरु उनमाथि त्यस्तो आक्षेप लगाउन सक्दैनथे । उनीहरुले आफ्ना केही अबोध मान्छेहरुलाई उनलाई शारीरिक दुःख दिनको लागि अह्राए । अब्दुल्लाह बिन मस्ऊद (रजि.) भन्छन्, एक पटक सन्देशवाहक (सल्ल.) कअ्बानिर नमाज पढ्दै थिए । कुरैशको समूह आफ्नो बासस्थानमा बसेको थियो । एक्कासी उनीमध्ये एक जनाले भन्यो, तिमीहरु यस देखाउटी गर्नेलाई देख्दैनौ ?

तिमीमध्ये को जान्छ ताकि फलानोको ऊंटको लिदिलगायत रगत र आन्द्रा ल्याएर पर्खोस्, अनि उसले सज्दा (ढोग्ने कर्म) गरेपछि उसको दुबै कांधामाथि राखि हालोस् ? तिनीमध्ये सबैभन्दा तुच्छ मान्छे उठ्यो । अनि सन्देशवाहक (सल्ल.) ले सज्दा गरे लगत्तै उनको दुबै कांधबीच राखिहाल्यो । सन्देशवाहक साष्टाङगमा रहिरहे । उनीहरु हांस्दाहांस्दै एकअर्कामाथि जाइलागे । एउटी बालिकाले फातिमालाई खबर गरिन् । फातिमा दगुर्दै आइन् । त्यतिञ्जेल उनी सज्दैमा थिए । अनि उनले त्यसलाई झारेर उनीहरुलाई शरापिन् । (सही बुखारी)

मुनीब अज्दी भन्छन्, मैले सन्देशवाहकलाई अज्ञानताका वेलामा हेरे । उनी के भन्दै थिए भने, हे मानिसहरु, अल्लाहबाहेक कोही र केही सांचो पूजनीय हैन लाई भन, सफल भइहाल्छौ । त कसैले उनको मुखमा थुक्यो, कसैले उनीमाथि धुलो फ्यांक्यो र कसैले उनलाई गाली गऱ्यो । मध्यान्न भइसक्यो अनि एउटी नानीले एउटा ठूलो कटोरामा पानी ल्याएर उनको अनुहार र हात धोइन् । हे मेरी छोरी आफ्ना बुवाको बारेमा विपन्नता र हीनताको चिन्ता नगर उनले भने । (अल्मोअ्जमुल्कबीर तबरानी)

उरवा बिन जुबैर (रजि.) भन्दछन्, मुस्रिकहरुले अल्लाहको सन्देशवाहकसंग सबभन्दा कडा व्यवहार के गरेका थिए ? मैले अब्दुल्लाह बिन अम्र बिन आससित यो प्रश्न गरें । उनले भने, अल्लाहका सन्देशवाहक कअ्बानिर नमाज (प्रार्थना) पढ्दै थिए । त्यतिखेर उक्बा

बिन मोईत आयो । उसले उनको गर्धनमा आफ्नो कपडा लपेटेर कडाईकासाथ घांटी थिच्यो । अनि अबु बक्र (रजि.) आइपुगे । र उसको कांधा समातेर मुहम्मद (सल्ल.) बाट हटाउंदै भने, तिमी यसले यिनको हत्या गर्न चाहन्छौ कि उनी मेरो प्रभु अल्लाह हो भन्दछन् जबकि यसको लागि उनले तिम्रो प्रभुबाट तर्क पनि ल्याएका छन् ? (सही बुखारी)

ती दुःखद घटनाहरुले सन्देशवाहकलाई इस्लामको प्रचारबाट रोक्न सकेनन् । जे जति समुदायहरु हज्जको लागि मक्का आउने गर्थे, उनी (सल्ल.) तिनीहरुसित भेट्थे । फलस्वरुप यसरिब (मदीना) का बासिन्दामध्ये केही मानिसहरु इस्लाम धर्म अंगाले । आज त्यो शहरलाई मदीना भनिन्छ । तिनीहरुले मुहम्मद (सल्ल.) सित, यदि उनीं आफ्नो बसाई मदीनामा सार्दछन्को शर्तमा मद्दत र सघाउको वाचा गरे । उनले आफ्नो एक साथी मुसअब बिन उमैरलाई उनीहरुलाई इस्लामको शिक्षा दिनका निम्ति पठाए । उनी र उनका निरीह साथीहरु आफ्ना जातिबाट धेरै ज्यादती र कठिनाई भोगेपछि उनको प्रभुले उनलाई मदीनातर्फ सर्ने अनुमति दिनुभयो । त्यहांका बासिन्दाले उनका राम्ररी स्वागत गरे । अब यही इस्लामको विस्तार स्थल र इस्लामी राज्यको राजधानी बन्यो । सन्देशवाहक (सल्ल.) यसैमा स्थिर भए । तिनीहरुलाई कुरआनको पाठ गराउनसमेत धर्मको शिक्षा दिन थाले । तिनीहरु सन्देशवाहक (सल्ल.) का सदाचरण र उच्तम् विशिष्ट गुणहरुबाट प्रभावित भए । तसर्थ उनीसंग उनले

आफूभन्दा पनि बढि माया गरे । उनीहरु उनको सेवाको निम्ति प्रतिस्प्रर्धा गर्थे । उनको निर्देशनमा जे जति भए पनि खर्च गर्थे । उनीहरुको समाज आध्यात्मिक आस्थायुक्त समाज हुन पुग्यो जसमा भरपूर खुशी देखिन्थ्यो । त्यस समाजका बासिन्दाहरुबीच अत्यन्तै माया, आत्मियता र भाइचारा थियो । यस महान धर्ममा धनी, गरीब, उपल्लो, तल्लो, गोरो, कालो, अरबी गैरअरबी सबै समान भइसके । उनीहरुबीच भक्तिको आधारमा मात्र फरक गरिन्थ्यो । मदीनामा उनको स्थितिको एक वर्षपछि उनी र उनको त्यस जातिबीच जो उनको धर्म विस्तारलाई मन पराउँदैनथे, भिडन्त हुन थाल्यो । बद्र भन्ने स्थानमा इस्लामको पहिलो लडाई यी दुई समूहबीच भयो जो संख्या र हतियारको हिसाबले निकै भिन्न थिए । मुस्लिम लडाकुहरुको संख्या ३१३ र मुशिरक लडाकुहरुको संख्या १ हजार भन्दा बढी थियो । परम र पवित्र अल्लाहले आफ्ना सन्देशवाहक र उनका साथीहरुको दह्रो मद्दत गरे । तसर्थ उनलाई विजय प्राप्त भयो । त्यसपछि मुस्लिमहरु र तिनका मिश्रणवादी समुदायबीच निरन्तर लडाई हुंदै भइ नै रह्यो । आठ वर्षपछि सन्देशवाहक (सल्ल.) १० हजार लडाकु तयार पार्न सफल भए र मक्कामाथि चढाई गरे । अनि विजय प्राप्त गरी त्यसमा छिरेर आफ्ना बंश, खानदान र जातिलाई पराजित पारे । उनीहरुले उनी र उनका अनुयायीहरुलाई यातनाका सबै तरीकाहरुबाट सजाय दिने गरेका थिए । तिनका धनमाल, सन्तानसमेत जन्मभूमि छाड्न बाध्य पारेका थिए । सन्देशवाहकलाई

उनीहरुमाथि पूर्ण विजय प्राप्त भयो । त्यसले गर्दा यस वर्षको नाम फत्तेह अर्थात् विजयको वर्ष राखियो । अल्लाहले यसको बारेमा यस्तो भन्नु भएको छ, जब अल्लाहको सहायता र विजय प्राप्त भइहालोस् र तिमीले मानिसहरुलाई अल्लाहको धर्मतिर समूहगत आउँदै गरेको देख्नेछौ भने आफ्नो प्रभुको महिमा र प्रशंसामा लागि हाल्नुहोस् र उनबाट माफी माग्नुस् । निसन्देह उनी माफ गर्नेवाला हुन् । (कुरआन, ११०.१,२,३) ।

त्यसपछि उनले मक्काबासीहरुलाई भेलापारी भने, तिम्रा विचारमा म तिमीहरुसंग के गर्नेछु ?" उनीहरुले भने, "राम्रै । तपाई असल भाई र असल भाईको छोरो हौ ।" उनले भने, "जाऊ, तिमीहरु सबै स्वतन्त्र भयौ ।" (सुनन् बैहकि अलकुब्रा)

उक्त घटना नै अधिकांशको इस्लाम ग्रहण गर्ने कारण बन्यो । अनि सन्देशवाहक (सल्ल.) मदीना फर्के । केही अवधिपछि उनी हज्जको मनसायले आफ्ना १ लाख १४ हजार अनुयायी साथीहरुसंग मक्कातर्फ निस्के । उक्त हज्ज हज्जतुल वदाअ्को नामले जानिन्छ किनकि मुहम्मद (सल्ल.) को देहान्त नजिक भएकोले उनले मुस्लिमहरुबाट विदा हुनु जस्तो भयो ।

उनी (सल्ल.) को देहान्त ११ हिजरी सम्मत् १२ रबिउल अव्वल सोमवारको दिन मदीनामा भएको थियो । त्यहीं उनलाई पुरियो । मुस्लिमहरुलाई उनको देहान्तबाट सख्त झट्का लाग्यो । केही साथीहरुले त त्यो समाचारलाई सत्य मानेनन् । उमर बिन खत्ताब (रजि.) पनि तिनीहरुमध्येकै थिए । उनले भने, "यदि मैले

कसैबाट मुहम्मद (सल्ल.) मरिसके भन्ने कुरा सुने, उसको टाउको उडाई दिन्छु । अनि अबु बक्र रजिअल्लाहु अन्हु उठेर अल्लाहको यो कथनको पाठ गरे, "मुहम्मद अल्लाहका एउटा सन्देशवाहक मात्रै हुन् । उनीभन्दा अघि अल्लाहका धेरै सन्देशवाहकहरु बितिसकेका छन् । यदि उनी मरिसकुन् वा हत्या गरियून् भने के तिमीहरु इस्लामबाट विमुख हुनेछौ ? जो इस्लामबाट विमुख हुनेछ उनीहरु अल्लाहलाई कुनै नोक्सान पुऱ्याउन सक्दैनन् । अल्लाहले कृतज्ञहरुलाई छिट्टै प्रतिदान दिनेछन् ।" (कुरआन, ३.१४४)

उमर (रजि.) ले यो श्लोक सुनेपछि त्यहीं रुकी हाले । उनी (रजि.)अल्लाहको किताबमा बढि रुक्नेवाला थिए । देहान्तको बेला मुहम्मद (सल्ल.) को उमेर ६३ वर्षको थियो । मक्कामा ईशदूतत्व प्राप्त गर्नुभन्दा अघि ४० वर्ष बसे । ईशदूतत्व प्राप्त गरेपछि १३ वर्षसम्म मानिसहरुलाई एकैश्वरवादतर्फ डाके अनि मदीनातर्फ सरेर त्यहां १० वर्षसम्म बांचे । त्यहां उनीमाथि कुरआन र इस्लामको कानून पूर्ण नहुन्जेल अल्लाहको प्रकाशना निरन्तर अवत्रण भइरह्यो ।

डाक्टर जी. लेबन आफ्नो किताब अरबको सभ्यतामा लेख्छन्, यदि मानिसहरुको मूल्य तिनका ठूला कर्मको आधारमा आकलन गरिन्छ भने मुहम्मद (सल्ल.) इतिहासले चिनेको महामानवमा पर्दछन् । यद्यपि पाश्चात्य विद्वानहरु मुहम्मद (सल्ल.) संग न्याय गर्न थालेका छन् तर धार्मिक पक्षपातले अधिकांश

इतिहासकारहरुलाई उनको खुबी स्वीकार्नुबाट अन्धो बनाएको छ ।

## स्वरुप

अल्लाहका सन्देशवाहक (सल्ल.) मध्यम ऊचाई र दुबै कांध चौडा भएका थिए । उनको कपाल कानको लोतीसम्म झुल्लिएको हुन्थ्यो । अनुहार सबभन्दा सुन्दर र चरित्र सबभन्दा उत्कृष्ट थियो । न निकै अग्ला थिए न निकै होचा । न अत्यन्तै गोरा थिए न नै गहुंगोरो । उनको कपाल न एकदम वाागिएको थियो न एकदम ठाडो । उनी गोरो, रुपवान, अनुहार चांदीबाट ढालिएको जस्तो देखिन्थ्यो । उनको रंग चम्किलो थियो भने पसिना मोती जस्तै चम्किन्थ्यो । दाह्री सघन थियो । जाबिर बिन समुरा (रजि.) सित सोधियो, "के उनको अनुहार तरवार जस्तो थियो ?" उनले भने, "बरु सूर्य र चन्द्रमा जस्तो गोलो थियो । मुख अलि ठूलो, आंखा लामो र कुर्कुच्चामा मासु कम थियो । उनी माध्यम कदका थिए । न धेरै मोटा न धेरै दुब्ला । न धेरै अग्ला न धेरै होचा । उनको दुबै हात र खुट्टा भरिएका, दुबै हत्केला फराकिला थिए ।" अनस (रजि.) ले भने, "मैले सन्देशवाहक (सल्ल.) को हत्केलाभन्दा नरम न कुनै रेशम छोएको छु न कुनै कस्तुरी, न उनको सुगन्धभन्दा बढि सुगन्धित कुनै सुगन्ध संुघेको छु । (सही बुखारी र सही मुस्लिम)

## केही शैली र चरित्रहरु

### १. बौद्धिकता

यसमा जुन हदसम्म उनी पुगेका थिए त्यहांसम्म कोही पुगेको छैन । काजी एयाज भन्छन्, "उनको बुद्धिमत्ताको गरिमा र भिन्नता त्यस व्यक्तिनिर स्पष्ट हुन्छ जसले मुहम्मद (सल्ल.) बाट प्रकट भएका घटनाहरुलगायत उनको स्थिर र दह्रो जीवनीको पत्ता लगाउंछ । उनका सार्थक समावेशी वचनहरु, उनको सुन्दर संस्कार, उनको अनौठो जीवन शैली, अवतरित सम्पूर्ण धर्मशास्त्रलगायत पुरानो र नयां बाइबलमा भएकोबारे उनको ज्ञान, बुद्धिजीविहरुको बुद्धिमत्ता, बितेका समुदायहरुको इतिहास, उनका उखान, विभिन्न समुदायहरुको राजनीति, विधि विधानको अनुमोदन, आत्मिक आचारसंहिता र प्रशंसनीय गुणहरुको स्थापना आदि इत्यादि वाहेक विद्या, भक्ति, औषधोपचार, गणित, अपुतालीको भागवण्डा र वंश आदिको ज्ञानबारे उनी नमूना थिए । त्यसका बावजुद न उनी पढेलेखेका थिए न विगतका किताबहरुको अध्ययन गरेका विद्वानहरुको संगतमा बसेका थिए । बरु निरक्षर थिए उनी सन्देशवाहक (सल्ल.) । अल्लाहले उनको छाती खोलेपछि मात्र उनले तीमध्ये केही जान्न सके । अल्लाहले उनको मामिला छर्लङ पारेर उनलाई सिकायो अनि आफ्नो बुद्धिनुसार उनले भूत र भविष्यलगायत अल्लाहका केही अनौठो सामर्थ्य र उसको महान सत्तामध्ये उसले सिकाए र अवगत गराएका केही ज्ञानहरु हासिल गरे । (अल सफा बितअ्रीफि हुकूकुल्मुस्लिमीन १.५८)

## २. पुण्यको नियति

उनी (सल्ल.) पुण्यमनसायीहरुका अग्रज थिए । उनले इस्लामको प्रचारप्रसारको बाटोमा जे जति भोगे ती सबै धैर्यकासाथ पुण्यको अपेक्षाकृत सहे । अब्दुल्लाह बिन मस्ऊद (रजि.) भन्दछन्, “मलाई के लाग्छ भने मानव म अल्लाहको सन्देशवाहकतर्फको लक्षण हेर्दैछु जब उनी एउटा दूतबारे त्यो घटनालाई बयान गर्दथे जब उनलाई उनको जातिले पिटेको थियो । अनि उनले आफ्नो अनुहारबाट रगत पुछ्दै भन्दथे, हे अल्लाह मेरो समुदायलाई माफ गर किनकि यिनीहरु अनभिज्ञ छन् । (सही बुखारी र सही मुस्लिम)

जुन्दुब बिन सुफियान (रजि.) भन्छन्, एउटा लडाईमा सन्देशवाहक (सल्ल.) को औंला रक्ताम्य भयो अनि उनले भने, तिम्रो एउटा औंलो मात्र रत्ताम्य भएको र यो अल्लाहको बाटोमा भेटेको हौ । (सही बुखारी र सही मुस्लिम)

## ३. शुद्ध इच्छा

उनी (सल्ल.) आफ्ना सम्पूर्ण मामिलाहरुमा अल्लाहको निर्देशानुसार शुद्धमनसायी थिए । शुभ अल्लाहले भन्नुभएको छ, “भन, निसन्देह मेरो प्रार्थना, मेरो समर्पण, मेरो बांच्नु र मेरो मर्नु सबै अल्लाहका लागि नै हुन् । उनको कुनै समकक्षी छैन र यसैको मलाई हुकुम दिइएको छ र म सबभन्दा पहिलो मुस्लिम हुं ।” (कुरआन, ६.१६२,१६३)

## ४. राम्रो चरित्र र संगत

उनकी श्रीमती आइशा (रजि.) सित उनको आचरणबारे सोधिएपछि उनले भनिन्, उनको चरित्र कुरआन थियो । (मुस्नद इमाम अहमद)

उनी कुरआनका आदेशहरुको पालना गर्ने, उसको निषेधबाट रुक्ने, तिनमा उल्लेखित सद्‌गुणबाट सुसज्जित, क्रमबद्ध, उसले निषेध गरेको आन्तरिक वा बाह्य कुर्कमहरुबाट पर बस्नेवाला थिए । यो अचम्मको कुरो होइन किनकि उनले भनेका छन्, निसन्देह मलाई अल्लाहले सदाचरण र सत्र्कमलाई पूर्ण गर्नको लागि पठाएको छ । (बुखारी र अहमद)

अल्लाहले उनलाई यसरी चित्रित गर्नु भएको छ, निसन्देह तिमी महान चरित्रवान हौ । (कुरआन, ६८.४)

अनस बिन मालिक (रजि.) सन्देशवाहकको १० वर्षसम्म दिन र रात, यात्रा र बसाईका हरेक अवस्थामा उनले सेवा गरे । यस अन्तरालमा उनीबारे राम्ररी अवगत भए पश्चात् भने अल्लाहको सन्देशवाहक (सल्ल.) चरित्रमा सर्वश्रेष्ठ थिए । (सही बुखारी र मुस्लिम) अझ भन्छन्, सन्देशवाहक न गाली गर्थे न अपशब्द, न धित्कार नै । हामीमध्ये कसैलाई नसिहत दिंदा यसरी भन्थे, किन उसको निधार माटोग्रस्त भएको छ ? (सही बुखारी र मुस्लिम)

## ५. भद्रता

सह्ल बिन सअ्द (रजि.) बाट बर्णित छ, अल्लाहका सन्देशवाहक (सल्ल.) माझ पेय वस्तु ल्याइयो, उनले पिए । उनको दायांपट्टि एउटा केटो र बायांपट्टि वृद्धहरु

थिए । उनले केटोसित भने के तिमी पहिला यिनीहरुलाई दिने अनुमति दिन्छौ ? केटोले भन्यो, हे सन्देशवाहक अल्लाहको कसम, तपाईसित आफ्ना भाग्यमाथि म कसैलाई वरीयता दिने होइन । वक्ता भन्छन्, अनि सन्देशवाहकले त्यसलाई उसको हातमा राखिदिए । (सही बुखारी र मुस्लिम)

## ६. सम्झौता प्रेमी

सहल बिन सअ्द (रजि.) भन्छन्, कुबाबासीहरुले अन्तरकलह गर्दै ढुंगामुढा गरे । उनी (सल्ल.) लाई यसको खबर गरियो । अनि भने हामी सबै गएर उनीबीच सम्झौता गराऔं । (सही बुखारी)

## ७. शिष्टाचारको आदेश र विकृति निषेध

अब्दुल्लाह बिन अब्बासबाट बयान भएको छ, सन्देशवाहकले एक जनाको हातमा सुनको एउटा औंठी हेर्नुभयो । अनि झिकेर फालेपछि भन्नुभयो, के तिमी आफ्नो हातमा अंगार लगाइरहेका छौ ? सन्देशवाहक (सल्ल.) गइसकेपछि उनसित भनियो, आफ्नो औंठी उठाएर लगाऊ । उनले भने, होइन, यदि त्यसलाई सन्देशवाहक (सल्ल.) ले फालिदिनु भएको छ भने म कदापि उठाउंदिन । (सही मुस्लिम)

## ८. पवित्रतासंग मोह

मोहाजिर बिन कुन्फुज (रजि.) बाट बर्णन गरिएको छ, उनी सन्देशवाहक समक्ष आएर सलाम गरे । सन्देशवाक (सल्ल.) पिशाब फेर्दै थिए । तर उनले वजु नगरिकन जवाफ फर्काउनु भएन । अनि मुहम्मद (सल्ल.) ले

उनीसित क्षमायाचना गर्दै भने पवित्रता बेगर अल्लाहको जिकिर गर्नु मैले रुचाइन । (सुनन् अबुदाऊद)

## ९. जिभ्रोको सुरक्षा

अब्दुल्लाह बिन अबि अवफा (रजि.) बाट वर्णित छ, अल्लाहका सन्देशवाहक (सल्ल.) अल्लाहको भक्ति बढि गर्दथे । फजूल कुरा कम गर्थे । नमाज लम्बियाउंथे । खुत्बा (शुक्रवारको प्रवचन) छोटो दिन्थे । विधवा वा विपन्नसंग तिनका आवश्यकता पूरा गर्नको निम्ति हिड्नुमा हीनताबोध मान्दैनथे । (सुनन् निसाई)

## १०. धेरै उपासना

आइशा (रजि.) भन्छिन्, अल्लाहका सन्देशवाहक (सल्ल.) को रातको उभाई (नमाज) ले गर्दा उनका दुबै पैतला सुनिन्थे । आइशा (रजि.) ले सोधिन्, जब अल्लाहले तपाईको अघिल्ला पछिल्ला सबै गल्ति माफ गरि सकेका छन् भने तपाई किन यत्रो दुःख भोग्नुहुन्छ ? भन्नुभयो, म एउटा कृतज्ञ दास बन्न मनपराउंछु । (सही बुखारी र मुस्लिम)

## ११. सरलता र नम्रता

अबु हुरैरह (रजि.) बाट उद्घृत गरिएको छ, तुफैल बिन अम्र दौसी (रजि.) आफ्ना मित्रहरुसंग सन्देशवाहक कहां आएर भने, हे अल्लाहको सन्देशवाहक निसन्देह हाम्रो जाति दौसले तपाईको अवज्ञा र इन्कार गरेका छन् त उनीमाथि अल्लाहसित प्रकोपको आग्रह गर्नुस ताकि दौस बर्बाद हुन सकुन् । अनि सन्देशवाहकले भने, हे

मेरो अल्लाह (पूजनीय) दौसलाई सत्मार्गमा लाईदिनुस् । (सही बुखारी र मुस्लिम)

## १२. सुन्दर बस्त्र

बराअ् बिन आजिब (रजि.) बाट बर्णन गरिएको छ, सन्देशवाहक (सल्ल.) मध्यम अग्लोपन र दुबै कांधबीच चौडाई भएका थिए । उनको कपाल कानको लोतीसम्म पुग्थ्यो । मैले उनलाई यस्तो रातो पोशाकमा हेरें कि उनीभन्दा सुन्दर कहिल्यै पनि हेरेको छैन । (सही बुखारी र मुस्लिम)

## १३. सांसारिक विलासिता परित्याग

अब्दुल्लाह बिन मस्ऊद (रजि.) बाट वर्णित छ, अल्लाहको सन्देशवाहक एउटा चटाईमाथि सुतेका थिए । चटाईले उनको किनारमा चिन्ह पारेको थियो । हामीले उनीसित भन्यौं, हे अल्लाहका सन्देशवाहक (सल्ल.) हामी तपाईका निम्ति ओछ्यान बनाउन चाहन्छौं । भन्नुभयो, मेरो यस संसारसित के सरोकार । मेरो उदाहरण यस संसारमा त्यस सवारी जस्तो छ जसले कुनै रुखमुनि सितलको लागि केही बेर रोक्यो अनि त्यसलाई छोडेर गइहाल्यो । (सुनन् तिर्मिजी)

अम्र बिन हारिस (रजि.) बाट बर्णन गरिएको छ, अल्लाहका सन्देशवाहक (सल्ल.) ले मृत्युका बेलामा उनले आफ्नो सेतो खच्चड र हतियार एवम् केही जग्गाबाहेक जसलाई दान गर्नु भएको थियो, नगदी, जिन्सी, दास, दासी वा कुनै अरु वस्तु छोड्नु भएन । (सही बुखारी)

## १४. अरुलाई प्राथमिकता दिनु

सह्ल बिन सअ्द (रजि.) बाट वर्णित छ, एक जना महिलाले एउटा जामा ल्याइन् । सोध्नुभयो, तिमीहरुलाई थाहा छ जामा कस्तो हो ? भनियो, छ । एउटा पछ्यौरा जसको किनारमा केही बुनिएको छ । उनले भनिन्, हे अल्लाहको सन्देशवाहक (सल्ल.) मैले तपाईलाई लगाइदिनको लागि आफ्नो हातबाट बुनेको हुं । उनी (सल्ल.) ले त्यसलाई आवश्यकताकासाथ लिए । अनि कम्मरमा लपेटेर हामीतर्फ आए लगत्तै हामीमध्ये एक जनाले भन्यो, हे अल्लाहको सन्देशवाहक यसलाई मलाई लगाउन दिनुहोस् । भने, हुन्छ । अनि केही बेरपछि फुकालेर उसलाई दिए । हाम्रो समूहले उसलाई भन्यौ, तिमी जान्दछौ यिनी कसैको माग टार्दैनन् । त्यसैले तिमीले त्यो पछ्यौरा मागेर राम्रो गरेनौ । उसले भन्यो, अल्लाहको कसम म यसलाई मरेपछि आफ्नो कफन्को लागि मागेको हुं । सह्ल भन्छन्, अनि त्यो उसको कफन बन्यो । (सही बुखारी)

## १५. आस्था र भरोसाको शक्ति

अबु बक्र सिद्दीक (रजि.) भन्छन्, हामी गुफामा लुकेको बेलामा मैले आफ्नो टाउकोमाथि मुश्रिकहरुको पाइला देखें । अनि भने, हे अल्लाहका सन्देशवाहक यदि यिनीहरुमध्ये कसैले आफ्नो पैतला मुनि हेऱ्यो भने हामीलाई देखिहाल्नेछ । अनि उनले भने, हे अबु बक्र ती दुई जनाको बारे तिम्रो के विचार छ जसको तेस्रो अल्लाह होस् ? (सही बुखारी र मुस्लिम)

## १६. दया र माया

अबु कतादह (रजि.) भन्छन्, अल्लाहका सन्देशवाहक. हामीसामु निस्के । अबुल आसकी छोरी उमामह उनको कांधमा थिइन् अनि नमाज पढ्न थाले । रुकुअ् गर्ने बेलामा उनलाई भुईंमा राख्ने र उठ्ने बेला उनलाई पनि उठाउने गर्थे । (सही बुखारी र मुस्लिम)

## १७. सहज पार्नु

अनस (रजि.) अल्लाहका सन्देशवाहकको भनाई यसरी उद्‌घृत गर्छन्, म नमाज पढ्न थाल्छु । मेरो मनसाय यसलाई लम्बियाउने हुन्छ । तर बच्चा रुने आवाज सुनेपछि यसलाई छोटो पारिदिन्छु किनकि कराउंदा उसको आमाको दुःख मलाई आभास हुन्छ । (सही बुखारी र मुस्लिम)

## १८. भय र संयम

अबु हुरैरह (रजि.) सन्देशवाहक (सल्ल.) को भनाई यसरी उद्‌घृत गर्छन्, म आफ्नो घरमा छिरेपछि आफ्नो ओछ्यानमा खसेको खजुर देख्छु अनि त्यसलाई उठाएर खान मन लाग्छ । तर त्यो जकातको हुन सक्छ भन्ने भयले फालिदिन्छु । (सही बुखारी र मुस्लिम)

## १९. खर्च

अनस बिन मालिक (रजि.) भन्छन्, अल्लाहका सन्देशवाहकसित इस्लाम धर्मको नामबाट जे पनि माग्ने गरिन्थ्यो भने दिन्थे । एक जना उनी (सल्ल.) निर आए । उनले उनलाई उपत्यका भरिसक्नेभरका बाखाहरु प्रदान गरे । उनले आफ्नो समुदायतर्फ फर्केपछि यस्तो भने, हे

मेरा समुदायका मान्छेहरु, इस्लाम धर्म अपनाऊ किनकि मुहम्मद (सल्ल.) निर्धन हुन सक्नुको पनि चिन्ता नगरी दिइ राख्छन् । (सही मुस्लिम)

## २०. सहयोग प्रेमी

आइशा रजिअल्लाहु अन्हासित सन्देशवाहक (सल्ल.) आफ्नो घरमा के गर्नुहुन्थ्यो भन्ने प्रश्न सोधेपछि उनले भनिन्, उनी आफ्नो परिवारको सहयोगमा हुन्थे । नमाजको बेला नमाजको लागि निस्कन्थे । (सही बुखारी)

ब्राअ् बिन आजिब रजिअल्लाहु अन्हु भन्छन्, मैले सन्देशवाहक (सल्ल.) लाई सुरुंग खन्ने दिन माटो पल्टाउंदै गरेको देखें । धुलोले उनको छातीका रौं छोपेका थिए । उनी बढि रौंयुक्त थिए । उनी त्यसवखत अब्दुल्लाह बिन रवाहाका यी कविता गाउंदै थिए, मेरो अल्लाह (पूजनीय) तिमी न भएको भए हामी सोझो बाटो पाउदैंन थियौं । हामी जकात (अनिवार्य दान) दिदैंन थियौं । नमाज (प्रार्थना) पढ्दैन थियौं । हे अल्लाह, हामीमाथि शान्ति उतार र यदि भिडन्त भयो भने हाम्रा कदम अडिग राख । निसन्देह दुश्मनहरुले हामीमाथि ज्यादती गरेका छन् । उनीहरुले हामीलाई पिडा दिन खोजेपछि हामीले अस्वीकार गरेका हौं । ऊंचो स्वरले गाउंदै थिए । (बुखारी र मुस्लिम)

## २१. सत्यता

उनकी श्रीमती आइशा रजिअल्लाहु अन्हा भन्छिन्, अल्लाहका सन्देशवाहक (सल्ल.) निर असत्यभन्दा बढि अर्को कुनै आचरण अप्रिय थिएन । यदि कोही उनीसित

झूठो कुरो गर्थ्यो भने उनको मनमा ऊ क्षमायाचना नगरुञ्जेल सधैं रहन्थ्यो । (तिर्मिजी)

उनका दुश्मनहरु उनको सत्यताको साक्षी हुन् । अबु जह्ल जो सन्देशवाहकको ठूला दुश्मनहरुमध्ये थियो, एक दिन उनीसित भन्यो, हे मुहम्मद म तिमीलाई झूठो भन्दिन । बरु तिमीले जे ल्याएका हौ र जुनतिर तिमी डाक्दै छौ त्यसको इन्कार मात्र गर्दछु । त्यसपछि अल्लाहले भने, हामीलाई पक्कै थाहा छ उनीहरुको भनाईले तिम्रो चित्त दुख्छ । निश्चय नै उनीहरु तिमीलाई झुठ्लाउंदैनन् । बरु यी अन्यायीहरु अल्लाहका श्लोकहरुको अस्वीकार गर्छन् ।

## २२. अल्लाहको सीमा र परिधिको विचार

आइशा रजिअल्लाहु अन्हा भन्छिन्, जहिले पनि सन्देशवाहकलाई दुई कुरामध्ये एउटालाई अपनाउने अधिकार दिइयो भने उनले सबभन्दा सजिलोलाई नै अपनाए । अल्लाहको कसम उनले आफूप्रति कसैसित कहिले पनि बदला लिंदैनथे । तर अल्लाहको परिधि कसैले नाघेपछि उसलाई दण्डित गर्थे । (बुखारी र मुस्लिम)

## २३. हांसिलो अनुहार

अब्दुल्लाह बिन हारिस रजिअल्लाहु अन्हु भन्छन्, मैले कसैलाई अल्लाहका सन्देशवाहक भन्दा बढि हांसिलो देखेको छैन । (तिर्मिजी)

## २४. इमानदारी र सम्झौताको पालना

उनी (सल्ल.) को इमानदारी अछुतो थियो । उनले आफ्नो धर्मको निम्तो दिएपछि मक्काबासीहरुले उनी र उनका अनुयायीहरुमाथि सख्त दुश्मनी कायम गरेका थिए । उनी र उनका अनुयायीहरुमाथि शोषण गरेका थिए । उनीसित यत्रो दुश्मनीका बावजूद उनीकहां आफ्ना धनसम्पत्तिहरु राख्ने गर्थे । उनको इमानदारीको त्यसबेला हदै भयो जब उनीहरुले उनीलगायत उनका साथीहरुलाई असह्य कष्ट दिएर मदीनातर्फ हिजरत (प्रवास) गर्न विवश पारे । उनले आफ्ना भतीजा अली बिन अबी तालिब (रजि.) लाई आफ्नो हिजरतबाट ३ दिनपछि आफूकहां आउने उनलाई आदेश दिए ताकि आफूकहां राखिएका धरोहरहरु सम्बन्धितहरुलाई फिर्ता गर्न सकियोस् । (सिरत इब्ने हिशाम ३.११)

उनको समझदारी निर्वाहको एउटा उदाहरण, जब अल्लाहका सन्देशवाहक (सल्ल.) ले सुहैल बिन अम्र (रजि.) सित हुदैबियाको दिन सम्झौता अवधिबारे लिखित सम्झौता गरेका थिए । जसमा सुहैलले यस्तो शर्त राखेको थियो, यदि हामीमध्येका कोही तिमी कहां जान्छ भने (चाहे ऊ तिम्रो धर्म अंगालिसकेको नै किन नहोस्) तिमीले उसलाई हामीतर्फ फर्काउनु र हाम्रो सुपुर्द गर्नुपर्छ । सुहैल उक्त शर्तको स्वीकारोक्ती बेगर तयार भएन । तर मुस्लिमहरुले त्यो कुरालाई मन नपराएर रिसाए । त्यसबारे धेरै बहस गरे । अनि सुहैल त्यस बिना सहमत नहुने जनाएपछि मुहम्मद (सल्ल.) ले त्यसलाई लेख्न सहमति जनाए । अनि तत्कालै सुहैलको

छोरो अबु जन्दल आफ्नो बेडीसंगै मुस्लिमहरुको शरण माग्दै आइपुगे । अबु जन्दलको बुवा सुहैलले भन्यो, हे मुहम्मद यो पहिलो मान्छे हो जसलाई हामीतर्फ फर्काउने हाम्रो माग हो । सन्देशवाहक (सल्ल.) ले भने, यसलाई मात्र हाम्रा लागि अनुमति देऊ । उसले भन्यो, अहं, दिन्नौं । ईशदूतले भने, दिनैपर्छ । सुहैलले भन्यो, दिन्न । अबु जन्दलले नतीजा बुझेर भने, हे आस्थावानहरु म मुसलमान भएर तिमीहरुसम्म पुगे पनि मुशिरकहरुतर्फ फर्काइ दिन्छौ ? मैले कति पीडा भोगे को छु, तिमीहरुलाई थाहा छैन ? उनी अल्लाहको लागि धेरै सताइएका थिए । सन्देशवाहक (सल्ल.) ले सम्झौता निर्वाह गर्दै उनलाई सुहैलतर्फ फिर्ता पठाए । (बुखारी)

अबु जन्दल धैर्य गर र प्रतिफलको आशा राख । निसन्देह अल्लाहले तिम्रो र तिम्रा निरीह साथीहरुको रिहाईको कुनै न कुनै उपाय गर्नेछन् । हामीले यिनीहरुसंग सम्झौता गरिसकेका छौं र हामी सम्झौता भंग गर्दैनौं । ईशदूत (सल्ल.) ले अबु जन्दलसित यसरी भने । (मुस्नद इमाम अहमद)

त्यसपछि सन्देशवाहक (सल्ल.) मदीनातर्फ फर्के । अनि कुरैश जातिका अबु बसीर भन्ने एक जना मुस्लिम भएर आए । विपक्षीहरुले उनलाई फिर्ता गराउन दुई जनालाई पठाए । उनीहरुले उक्त सम्झौताको कुरा गरे । अनि मुहम्मद (सल्ल.) ले उनीहरु पनि तिनीहरुलाई सुम्पे ।

## २५. वीरता र दृढता

अलि रजिअल्लाहु अन्हु भन्छन्, बद्रको लडाईको दिन हामी मुहम्मद (सल्ल.) को शरणमा थियौं । उनी

दुश्मनतर्फ हामीमध्ये सबभन्दा नजिक थिए । त्यस दिन उनी हामीमध्ये सबभन्दा ठूलो लडाकु थिए । (मुस्नद इमाम अहमद)

युद्ध बाहेकबारे उनको साहसको जिकिर अनस बिन मालिक रजिअल्लाहु अन्हु यसरी गर्छन्, सन्देशवाहक (सल्ल.) सबभन्दा सुन्दर र सबभन्दा साहसी थिए । मदीनाबासीहरु एक रात हडबडाएर कुनै आवाजतर्फ निस्के । उनीसित सन्देशवाहक (सल्ल.) को भेट भयो । तपाईले घटनाको पत्तो लगाइसकेपछि फर्कदै थिए । उनी अबु तलहाको नांगो घोडामाथि सवार थिए । नडराऊ, नडराऊ भन्दै थिए । अनि (घोडातर्फ संकेत गर्दै) भने, म यसलाई समुद्र महसुस गरिरहेको छु अथवा यो समुद्र हो । (बुखारी र मुस्लिम)

मदीनाबासीहरु आवाज सुनेपछि मामिला जान्नका निम्ति आश्चर्यचकित भएर निस्कन्छन् । सन्देशवाहक (सल्ल.) उक्त आवाजतर्फबाटै फर्कदैं उनीहरुसित एक्लै भेट्छन् । उनीहरुको चिन्ता बिना काठीको घोडामाथि सवारभई साम्म पार्छन् किनकि अवस्था हतारको थियो । आफ्नो तरवार पनि झुण्डियाएका थिए । किनकि त्यसको प्रयोगको आवश्यकता पर्न सक्थ्यो । साथमा रहेको घोडा समुद्र अर्थात् तीब्र थियो । तसर्थ उनले मानिसहरुलाई मामिला जान्नका निम्ति साथै लैजान पखर्नु त कता जनाए पनि थिएनन् ।

उहुदको लडाईबारे सन्देशवाहक (सल्ल.) ले आफ्ना साथीहरुसित परामर्श गरे । उनीहरुले युद्ध गर्न सल्लाह दिए । सन्देशवाहक (सल्ल.) को राय विपरीत थियो । तर

उनीहरुको सल्लाह मान्नु पऱ्यो । अनि साथीहरुले त्यो थाहा भएपछि पछुतो गरे । अन्सार समुदायले भने, हामी मुहम्मद (सल्ल.) को इच्छातिर फर्कन्छौं । उनीहरुले आएर भने, हे ईशदूत (सल्ल.) आफ्नो इच्छाअनुसार गर्नुहोस् । उनले भने, यदि कुनै सन्देशवाहकले आफ्नो कवच लगाउंछ भने युद्ध नगरिकन त्यसलाई फुकाल्नु मिल्दैन । (मुस्नद इमाम अहमद)

## २६. दानशीलता

इब्ने अब्बास रजिअल्लाहु अन्हु भन्छन्, अल्लाहका सन्देशवाहक (सल्ल.) सबभन्दा बढी दानी थिए । उनको दानकर्म रमजान महिनामा जब उनीसित स्वर्गदूत जिब्रइल अलैहिस्सलाम भेट्ने गर्थे बढि हुन्थ्यो । जिब्रइल (अलै.) रमजानको हरेक रात उनीसित भेटेर उनलाई कुरआनको पाठ गराउंथे । त्यतिखेर सन्देशवाहक (सल्ल.) आंधीबेहेरीभन्दा पनि बढि दानी हुन्थे । (बुखारी र मुस्लिम)

अबुजर रजिअल्लाहु अन्हु भन्छन्, म मदीनाको बगरमा मुहम्मद (सल्ल.) संगै हिड्दै थिएं । त्यत्तिकैमा उहुद पहाड देखापऱ्यो । अनि उनी (सल्ल.) ले भने, हे अबु जर, मैले भनें, लब्बैक (हाजिर छु) अल्लाहका सन्देशवाहक । उनले भने, यदि मसित उहुद जति सुन हुन्थ्यो भने पनि म त्यसमध्ये कर्जा चुकाउनुबाहेक आफू समक्ष एक वा तीन रातभन्दा बढि बांच्न मन पराउंदिन थिएं । बरु म त्यसलाई अल्लाहका भक्तहरुमाझ यता र उता -दायां, बायां, अगाडि र पछाडितिर संकेत गर्दै) खर्च गर्नेछु । (सही बुखारी)

जाबिर बिन अब्दुल्लाह रजिअल्लाहु अन्हु भन्छन्, सन्देशवाहकबाट जहिले पनि कुनै वस्तु मागियो भने उनले अस्वीकार गरेनन् । (सही बुखारी र सही मुस्लिम)

## २७. लज्जा

अबु सईद खुद्री रजिअल्लाहु अन्हु भन्छन्, सन्देशवाहक घरमा बसिरहने कुमारीभन्दा बढि लज्जालु थिए । उनी यदि कुनै नराम्रो कुरा देख्दथे भने हामी त्यसको प्रभाव उनको अनुहारमा पाइहाल्थ्यौं । (सही बुखारी)

## २८. नम्रता र नअहम्कार

मुहम्मद (सल्ल.) सबभन्दा बढी नम्र र नअहम्कारी थिए । उनको बढी सहनसिलताले गर्दा मस्जिदमा छिर्ने कसैले उनलाई साथीहरुमाभ्क पहिचान गर्न सक्दैनथ्यो । अनस बिन मालिक रजिअल्लाहु अन्हु भन्छन्, एक चोटी हामीहरु सन्देशवाहक (सल्ल.) संग मस्जिदमा बसिरहेका थियौं । एक जना ऊंटसवार आयो । उसले त्यसलाई मस्जिदमा बसायो अनि बांध्यो । त्यसपछि तिमीहरुमध्ये मुहम्मद (सल्ल.) को हुन् भनि उसले सोध्यो । मुहम्मद (सल्ल.) उनीहरुबीच अडेस लगाएर बसेका थिए । हामीले उत्तर दियौं, त्यो अडेस लगाएको सेतो मान्छे । (सही बुखारी) उनी आफ्ना साथी र संगीहरुबाट भिन्न किसिमका थिएनन् ।

मुहम्मद (सल्ल.) निरीह र आवश्यककर्ताहरुसित तिनका आवश्यकता पूरा गर्न जानुबाट हिच्किचाउनु वा अहम्कार गर्नु हुंदैनथे । अनस रजिअल्लाहु अन्हु भन्छन्, मदीनाको एउटी महिलाको मनमा केही थियो । उनले सन्देशवाहकसित केही भलोकुसारी गर्न चाहिन् । उनी

(सल्ल.) ले भने, हे फलानोकी आमा तिमी जुन गल्लीमा चाहन्छौ म तिमीसित हिंडेर तिम्रो समस्या समाधार गर्न तयार छु । अनि उनीसित हिंडेर उनले उनको आवश्यकता पूरा गरे ।

## २९. दया र माया

अबु मस्ऊद अन्सारी रजिअल्लाहु अन्हु भन्छन्, एक जनाले मुहम्मद (सल्ल.) कहां आएर भने, हे अल्लाहका दूत फलानोले बिहानको नमाज (प्रार्थना) लम्ब्याउने गर्छन्, त्यसैले म त्यसमा जान ढिलो गर्छु । भन्छन्, अनि मैले अल्लाहका सन्देशवाहक (सल्ल.) लाई त्यस दिनको उपदेश दिनेभन्दा कुनै अरु उपदेशमा बढि आक्रोषित देखेको थिएन । भन्न लागे, हे मनुष्यहरु, तिमीहरुमध्ये कोही कोहीले अरुलाई बिमुख पार्ने गर्छन् । तसर्थ जसले नमाज पढाउने गर्छ भने छोटो पढाओस् किनकि तिमीमाझ बुढापाका र आवश्यककर्ताहरु पनि हुन्छन् । (सही बुखारी र मुस्लिम)

ओसामा बिन जैद (रजि.) भन्छन्, हामी मुहम्मद (सल्ल.) सगैं थियौं । त्यतिञ्जेल उनका छोरीहरुमध्ये एक उनको छोराको मृत्यु हुनाले उनलाई डाक्न आइपुगिन् । सन्देशवाहक (सल्ल.) ले भने, निसन्देह अल्लाहले जे दिएका छन् त्यो उनकै हो र हरेक कुराको उनी काहां समय निर्धारित छ । फर्केर उनलाई उक्त कुरा बताऊ र धैर्य गर्नको लागि भन । यसबाट पुण्य प्राप्त हुन्छ । उनले उनलाई आफू कहां अवश्य पुग्नुको लागि कसम दिएर सन्देशवाहकलाई पुनः फर्काइन् । त्यसपछि मुहम्मद (सल्ल.) उठे । उनकासाथ सअ्द बिन

ओबादा र मोआज बिन जबल पनि गए । बच्चालाई उनीतर्फ सारियो । उनको गला गर्भिलो भयो अनि दुबै आंखाबाट आंशु पनि बग्न थाले । सअ्दले सोधे, हे अल्लाहका सन्देशवाहक (सल्ल.) यो के हो ? उनले उत्तर दिए । यो त्यही दया हो जसलाई अल्लाहले आफ्ना दासहरुको मुटुमा गांसेको छ । निसन्देह अल्लाह आफ्ना दासहरुमध्ये दयावानहरुमाथि दया गर्छ । (सही बुखारी र सही मुस्लिम)

## ३०. सहिष्णुता र क्षमाशीलता

अनस बिन मालिक रजिअल्लाहु अन्हु भन्छन्, म सन्देशवाहक (सल्ल.) सगै हिड्दै थिएं । उनीमाथि नजरान निर्मित बाक्लो किनारको एउटा पछ्यौरा थियो । एउटा गाउंलेसित भेट भयो । अनि उसले त्यसलाई निकै कडाइका साथ झिक्यो । सख्त झिकाइले गर्दा चादरको छेऊले उनको कांधमाथि असर पार्‍यो । अनि उसले भन्यो, हे मुहम्मद, अल्लाहको धनमध्ये जुन तिमी कहां छ मलाई दिने आदेश देऊ । उनी (सल्ल.) उसतर्फ उन्मुख भई हांसे । अनि उसलाई दिने आदेश दिए । (सही बुखारी र मुस्लिम)

उनको सहिष्णुताका उदाहरणहरुमध्ये जैद बिन सअ्ना (यहुदी धर्मगुरु) को त्यो कथा पढ्नुस्, उनले सन्देशवाहक (सल्ल.) लाई कर्जा दिएको थियो । त्यो रकम मुहम्मद (सल्ल.) ले केही मानिसहरुलाई इस्लामतर्फ उन्मुख पार्नका निम्ति लिएको थिए । जैदको भनाई अनुसार म्याद पूरा हुनुभन्दा दुई तीन दिन अघि अल्लाहका सन्देशवाहक (सल्ल.) अन्सार समूहमध्ये एक

जनाको जनाजाको लागि अबू बक्र, उमर, उस्मान र अन्य साथीहरुकासाथ निस्केका थिए । जनाजाको नमाज पढाएपछि एउटा पर्खालको छेउमा बसे । मैले उनको कमीच समातेर उनीतर्फ तिखो आंखाले हेर्दै भने, मुहम्मद मेरो हक दिन्नौं ? अल्लाहको कसम मलाई अब्दुल मुत्तलिबको सन्तानबारे आलटाल नगर्नुको थाहा थियो र मैले उमर बिन खत्ताबतर्फ हेरें त उनका दुबै आंखा अनुहारमा बाटुलो कुण्डलीझैं घुम्दै थिए । उनले मलाई कठोर आंखाले हेर्दै भने, अल्लाहको दुश्मन तं अल्लाहका सन्देशवाहक (सल्ल.) लाई मेरो अगाडि नै यस्तो गर्छस् । त्यस हस्तीको कसम जसले उनलाई सत्यकासाथ पठाएका छन्, यदि उनलाई लाग्ने भय नहुन्थ्यो भने म तिम्रो टाउको आफ्नो यस तरवारबाट अलग पार्थें । त्यसपछि सन्देशवाहकले उमरतर्फ हेर्दै भने, उमर, हामी दुबैजनालाई तिमीबाट यसको अलावाको खांचो थियो अर्थात् मलाई राम्ररी कर्जा चुकाउने र उसलाई राम्ररी कर्जा असुल्ने भन्नुपर्थ्यो । उमर, यसलाई लगेर यसको हक दिई हाल र उसलाई त्रसित पारेको सट्टा २० साअ् अझ बढि देऊ । जैद भन्छन्, अनि उमरले मलाई लगेर मेरो हक चुक्ता गर्नुका साथै २० साअ् खजुर झन् बढि दिए । मैले सोधें, यो बढि किन ? उनले भने, मलाई अल्लाहका सन्देशवाहक (सल्ल.) ले तिमीलाई तर्साउनुको सट्टामा बढि दिने आदेश दिएका छन् । मैले भने, उमर मलाई चिन्छौ ? उनले भने, चिन्दिन । तिमी को हौ ? मैले भने, म जैद बिन सअ्ना हुं, यहुदी धर्मगुरु ? मैले भने, हो

धर्मगुरु । उनले भने, तिमीले किन यस्तो गर्नु र भन्नु भयो ? मैले भने, उमर दूतत्वका सबै चिन्हहरु मैले उनको अनुहारतर्फ हेरेपछि चिनी हालें कि केवल यी दुईलाई जांच्न बांकी थियो । एउटा, उनको सहिष्णुताले उनको अभद्रताभन्दा अघि हुनुपर्छ । दोस्रो, उनीसित सख्त अभद्रताले उनको सहिष्णुतालाई नै बढाउंछ । यी दुईलाई पनि मैले जांचिसके । तसर्थ हे उमर म तिमीलाई यसको साक्षी बनाउंछु कि म अल्लाहलाई प्रभु, इस्लामलाई धर्म र मुहम्मदलाई अल्लाहको सन्देशवाहक मान्दा खुशी भएं । अझ तिमीलाइ साक्षी राख्छु कि म मेरो आधा सम्पत्ति जबकि म मदीना शहरको सबभन्दा धनी मान्छे हुं, मुहम्मदको अनुयायीहरुको लागि दान गर्छु । उमरले भने केही जना मात्राको लागि भन्नुस् किनकि सबैको लागि जुटाउन सक्दैनौ । मैले भने, हो । केही जनाको लागि । अनि उमर र जैद रजिअल्लाह अन्हुमा अल्लाहका सन्देशवाहकतर्फ फर्के । त्यसपछि जैदले भने, म साक्षी बक्छु अल्लाहबाहेक अरु कोही उपास्य छैन र मुहम्मद (सल्ल.) उनका दास र सन्देशवाहक हुन् । यसरी उनले इस्लाम धर्म अपनाई सन्देशवाहकलाई सत्य ठहराए । अनि अल्लाहको सन्देशवाहकसंग कैयौं युद्धहरुमा सहभागी बने । अन्ततः तबुकको युद्धमा पछाडि हट्दै होइन अगाडि बढ्दै शहीद भए । अल्लाहको दया प्राप्त होस् जैदलाई । (सही इब्ने हिब्बान)

क्षमाशीलताको ठूलो उदाहरण शायद त्यो घटना होला जब उनले मक्कामा विजयी भएर छिरे । त्यहांका सबै

बासिन्दाहरु जसले उनलाई विभिन्न प्रकारका दुःख र कष्ट पुऱ्याएको थियो र उनलाई उनको शहरबाट निस्कने कारण बनेको थियो । उनले तिनीहरुसित मस्जिदमा एकत्रित रहेको अवस्थामा सोधे, म तिमीहरुसित के गर्नेछु, तिमीहरुको मेरो बारेमा कस्तो विचार रहेछ ? तिनीहरुले भने, राम्रो विचार छ । तपाई असल दाजु र असल भाईको छोरो हुनुहुन्छ । अनि उनले भने, जाऊ तिमी सबै स्वतन्त्र छौ । (सुनन् बैहकी अलकुब्रा)

## ३१. धैर्य

उनी (सल्ल.) धैर्यका नमूना थिए । उनको आमन्त्रणाभन्दा अघि उनको समुदायले गर्दै गरेको मूर्तिपूजामाथि धैर्यवान थिए र आमन्त्रणाको घोषणापछि पहिले मक्काका आफ्नो जाति समुदायबाट त्यसपछि मदीनाका मुनाफिकहरु (कपटी) बाट भोग्नु परेको अत्यन्तै कष्टहरुमाथि धैर्यवान र राम्रो प्रतिफलको आशावादी थिए । आफ्ना प्रियजनहरु गुम्ने बेला धैर्यको नमूना थिए । उनको श्रीमतीको निधन भयो । एउटी छोरी फातिमा रजिअल्लाहु अन्हाबाहेक उनका सबै सन्तानको निधन उनकै जीवनकालमा भएको थियो । काका अबुतालिब र काका हम्जा रजिअल्लाह अन्हुको निधन भइसकेको थियो । यस्ता सबै अवसरमा धैर्यवान र पुण्यका आशावादी थिए उनी (सल्ल.) । अनस बिन मालिक रजिअल्लाहु अन्हु भन्छन्, हामी अल्लाहका सन्देशवाहकसंग अबु सैफ अल्कैन कहां गयौं । उनी दूध चुसाउने नाताले इब्राहीमको बुवा थिए । अर्थात् उनकी

श्रीमतीले मुहम्मद (सल्ल.) का छोरा इब्राहीमलाई आफ्नो दूध चुसाएकि थिइन् । सन्देष्टा (मुहम्मद (सल्ल.) ले इब्राहीमलाई उठाएर म्वाई खादै सुंघ्न थाले । त्यत्तिकै हामी उनमाथि छिऱ्यौं । त्यसबेला इब्राहीमको प्राण निस्कदै थियो । सन्देशवाहक (सल्ल.) का दुबै आंखाबाट आंशु बग्न थाले । अब्दुर रहमान बिन औफ रजिअल्लाहु अन्हुले उनीसित भने, तपाई पनि, हे अल्लाहको दूत (सल्ल.) ? अनि उनले उत्तर दिए: इब्ने औफ, यो दया हो । झन् आश्रु झार्दै भने, आंखबाट आश्रु बगिरहेछ । दिल शोकाकुल छ । तर हामी उही भन्छौं जसबाट हाम्रो प्रभु खुशी होस् । इब्राहीम, हामी तिम्रो विदाईबाट मर्माहत भएका छौं । (सही बुखारी)

## ३२. न्याय र इमानदारी

उनी (सल्ल.) जीवनका हरेक मामिलामा न्यायी थिए । अल्लाहको शरीअत् (धार्मिक कानुन) को कार्यान्यवयनमा न्यायी थिए । आइशा रजिअल्लाहु अन्हाबाट वर्णित छ, कुरैश बंशलाई त्यस मख्जूमी महिलाबारे धेरै चिन्ता थियो जसले चोरेकी थिइन् । उनीहरुले भने यसबारे सन्देशवाहकसित सिफारिस गर्ने आंट ओसामाबाहेक कसैमा छैन किनकि ओसामा उनका प्यारा हुन् । ओसामाले ती महिलाका बारेमा दण्ड कम गराउन सिफारिस गरेपछि मुहम्मद (सल्ल.) ले भने, तिमीहरु अल्लाहले अनिवार्य गरेको सजायबारे सिफारिस गर्छौ ? अनि उभेर सम्बोधन गर्दै भने तिमीभन्दा पहिलाका मानिसहरु मात्र यसैले प्रकोपित गरिएर सखाप पारिएका थिए कि उनीमाझ यदि कुनै कुलीन मान्छे चोर्थ्यो भने

उसलाई छोड्ने गर्थे र यदि कोही निरीह मान्छे चोर्थ्यो भने पनि उसलाई दण्डित गर्थे । अल्लाहको कसम यदि मुहम्मद (सल्ल.) की छोरी फातिमा पनि चोर्छिन् भने (कदापि हुनसक्दैन) म उनको पनि हात काटिदिने थिएं । (सही बुखारी र सही मुस्लिम)

उनले स्वयम् निजबाट पनि बदला दिनुमा न्याय गरे । उसैद बिन हुजैर रजिअल्लाहु अन्हु भन्छन्, एक चोटि एक जना अन्सारी खेलवाड गर्दै मानिसहरुलाई हंसाउंदै थिए । मुहम्मद (सल्ल.) त्यहांबाट गुज्रिदै आफ्नो हातमा रहेको एउटा लौरोबाट उनको कम्मरमा घोच्नुभयो । उनले बदलाको माग गरे । उनले बदला दिन तयार भए । उनले भने, तिमीले लुंगी लगाएका छौ तर मैले लगाएको छैन । अनि सन्देशवाहक (सल्ल.) ले आफ्नो माथिल्लो लुंगी हटाए । त्यसपछि उनले समातेर मुहम्मद (सल्ल.) को पेटमा म्याईं खांदै भने, हे अल्लाहको सन्देष्टा मेरो मनसाय यति नै थियो । (अबुदाऊद)

### ३३. अल्लाहको ध्यान र भय

उनी (सल्ल.) लाई सबभन्दा बढि अल्लाहको ध्यान र भय रहन्थ्यो । अब्दुल्लाह बिन मस्ऊद भन्छन्, मलाई सन्देष्टाले कुरआन पाठ गर्न आदेश दिए । मैले भने, तपाईसामु म पाठ गरुं जबकि तपाईमाथि अवतरण गरिएको छ ? अनि उनले हो भनेपछि मैले अन्निशा सूरह पढ्न थालें । जब यस आयत (श्लोक) सम्म पुगें, कस्तो होला जब हामी हरेक जाति समुदायबाट एउटा साक्षी ल्याउनेछौं र तिमीलाई यिनीहरुमाथि साक्षी बनाउनेछौं ? (कुरआन ४.४१) उनले भने भयो भयो,

यति नै प्रयाप्त छ । मैले उनीतर्फ हेरें त उनका दुबै आंखाबाट आंशु बग्दै थिए । (सही बुखारी र सही मुस्लिम)

आइशा रजिअल्लाहु अन्हा भन्छिन्, सन्देष्टा (सल्ल.) आकाशमा कालो बादल देखेपछि अगाडि पछाडि आवतजावत र घरमा छिर्ने निस्कने गर्न थाल्थे र अनुहारको रंग बदलिएर पानी परिसकेपछि मात्र उनी ढुक्क हुन्थे । आइशा रजिअल्लाहु अन्हाले सोधेपछि भने, मलाई यसबाट पूर्वका प्रकोपितहुनेहरुभैं हुनसक्ने भय लाग्छ । जब उनीहरुले प्रकोपलाई बादलको रुपमा आफ्नो उपत्यकातिर आउंदै हेरेपछि कुरआनको उल्लेखानुसार भनेका थिए, यसले हामीमाथि बर्साउनेछ । होइन, बरु यो यथार्थमा त्यो प्रकोप हो जसको लागि तिमीहरु हतार मच्चाउंदै थियौ । (कुरआन, ४६.२४)

### ३४. आत्मसन्तुष्ट र हृदयका धनी

उमर बिन खत्ताब भन्छन्, मैले सन्देष्टा (सल्ल.) कहां छिरेपछि उनलाई बिना ओछ्यानको गुन्द्रीमाथि सुतेको देखें । उनको टाउकोमुनि छालाबाट निर्मित पात पतिंगर भरिएको एउटा तकिया थियो । खुट्टानिर पानी राख्ने छालाबाट निर्मित एउटा भाडो थियो र टाउकोतर्फ भित्तामा केही लुगाहरु झुण्डिदै थिए । मैले उनको जिउमा गुन्द्रीको चिन्ह हेरेपछि रुन थालें । सोध्नुभयो, किन रुन्छौ ? मैले भने, किस्रा र कैशर कस्तो कस्तो आराममा छन् र तपाईं अल्लाहको सन्देष्टा हुंदा पनि ? भन्नुभयो, तिनको लागि संसारमै छ र हाम्रा लागि

यसपछिको जीवन अर्थात् परलोकमा छ । तिमी यसबाट राजी हैनौ ? (सही बुखारी र मुस्लिम)

### ३५. शत्रुलगायत सबैको भलो चाहने

उनकी श्रीमती आइशा रजिअल्लाहु अन्हा भन्छिन्, मैले उनीसित सोधें, के तपाईमाथि उहुदको दिनभन्दा कष्टकर दिन पनि बितेको छ ? उनले भने, मैले तिम्रो जाति समुदायबाट जे भोगेको हुं त्यो थाहै छ । सबभन्दा बढि कष्ट अकबा घाटीको थियो, जब म इब्ने अब्दियालैल बिन अब्दि किलालतिर सघाउ माग्न गएको थिएं । उसले मलाई अस्वीकार गरेर छोड दिएको थियो । म धेरै दुःखी अवस्थामा त्यहांबाट हिडेको थिएं । कर्न अस्सआलिब भन्ने इलाकामा पुगेपछि आकाशतर्फ टाउको उठाएं त ममाथि छायां गरेको बादलमा जिब्रीलले (स्वर्गदूत) मलाई डाक्दै यसरी भने निसन्देह अल्लाहले तिम्रो जातिको तपाईसित दुःखद कुरा र तिनको जवाफ् सुन्नुभयो । अल्लाहले पहाड सम्बन्धित सन्देष्टालाई तपाई कहां पठाएको हो ताकि तपाई यसलाई उनीहरुबारे आफ्नो इच्छानुसार हुकुम दिनुहोस् । त्यसपछि पहाडहरुको कार्यभार सम्हालेको सन्देशवाहकले मलाई सलाम गरेर भन्यो, हे मुहम्मद (सल्ल.) दुबै अख्शबैन पहाडलाई जोडेर यिनीहरुलाई त्यसमाझ पिसिदिनको लागि यदि तपाईले मलाई हुकुम दिनु हुन्छ भने म त्यसो गर्न पनि तयार छु । होइन, बरु म के चाहन्छु भने अल्लाहले यिनको पेटबाट यस्तो वंश जन्माओस् जो केवल अल्लाहको उपासना गरुन् र त्यस

विषयमा कसैलाई पनि समकक्षी नठऱ्याउन् । (सही बुखारी र मुस्लिम)

इब्ने उमर भन्छन्, अब्दुल्लाह बिन उबइ इब्ने सलामको मृत्यपछि उसको छोरो अब्दुल्लाह बिन अब्दुल्लाह दूत स.कहां आएर आफ्नो बुवालाई कफन पहिराउन निम्ति उनको कमीच मागे । हजूरले दिनुभयो । अनि उनले तिनको जनाजाको नमाज पढाउन पनि मसित अनुरोध गरे । सन्देशवाहक (सल्ल.) उसको नमाज पढ्न उभिनु भयो । उमर रजिअल्लाहु अन्हुले उभेएर सन्देष्टाको लुगा समातेर भने, अल्लाहका सन्देष्टा तपाईले उसको जनाजा पढ्नुहुन्छ जबकि अल्लाहले यसमा बन्देज लगाएको छ ? उनले भने, अल्लाहको भनाई यस्तो रहेको छ, तपाई उनीहरुको मुक्तिको लागि क्षमा माग्नुस् वा न माग्नुस्, यदि ७० चोटि पनि क्षमा माग्नु हुन्छ भने...अधिकार दिएको छ । तसर्थ म सत्तरिभन्दा बढि चोटि उसको मुक्तिको लागि अनुरोध गर्नेछु । उमरले भने, ऊ मुनाफिक हो । तर अल्लाहको दूत स.ले उसको जनाजा पढ्नु भयो । त्यसपछि अल्लाहले यो आयत (श्लोक) उताऱ्यो, तिनीमध्ये कसैको लागि कहिले पनि जनाजा न पढ्नुस् न उनीहरुको कब्र (चिहान) निर उभिऊ । (सही बुखारी र सही मुस्लिम)

## केही आचरणहरु

१. आफ्ना मित्रहरुसित उनको निकटता र मिलजुल थियो । हामीसित उनको जीवनका विशिष्ट र सम्पूर्ण घटनाहरुबारे जुन उपलब्ध छ त्यसबाट यसको पुष्टि हुन्छ किनकि उनी (सल्ल.) उदाहरण र नमूना थिए । हामीले सम्पूर्ण मामिलाहरुमा उनको अनुसरण गर्नुपर्छ ।

जरीर बिन अब्दुल्लाह रजिअल्लाहु अन्हु भन्छन्, मलाई सन्देष्टा (सल्ल.) ले मुस्लिम भएदेखि आफुसंग बस्नुबाट कहिले पनि रोक्नु भएन र मलाई देख्दै मुस्क्याउंथे । मैले एक चोटि उनीसित घोडामाथि स्थिर नहुनसक्नुको गुनासो पोखे । अनि उनले आफ्नो हात मेरो छातिमा हानेर भने, हे मेरो पूजनीय अल्लाह, यसलाई त्यसमाथि स्थिर गर्नुस र यसलाई मार्गदर्शकसाथै मार्गदर्शित गर्नुस । (सही बुखारी र सही मुस्लिम)

उनी (सल्ल.) आफ्ना साथीहरुसित हांसो र ठट्टा पनि गर्थे । अनस बिन मालिक रजिअल्लाहु अन्हु भन्छन्, मुहम्मद (सल्ल.) आचरणमा सर्वश्रेष्ठ थिए । मेरो एउटा फुच्चे भाईलाई अबु उमैर भनिन्थ्यो । उनले उसलाई देखेर यसरी भन्ने गर्थे, अबु उमैर, के भयो नुगैर ? नुगैर एउटा चरा थियो जोसंग ऊ खेल्ने गर्थ्यो । (सही बुखारी र सही मुस्लिम)

उनको हंस्यौली र दिल्लगी केवल मुखबाटै थिएन बरु व्यवहारबाट पनि मजाक गर्थे । अनस बिन मालिक भन्छन्, मरुभूमिका बासिन्दाहरुमध्ये एकजना जाहिर बिन हराम थिए । उनी सन्देशवाहक (सल्ल.) लाई उपहार दिने गर्थे । साथै, सन्देष्टा पनि फर्कने बेला उनलाई

केही सामानहरु दिएर पठाउंथे । एक चोटि उनले भने जाहिर हाम्रो मरुभूमि हुन् र हामी उनका शहर हौं । एक चोटि उनी बजारमा सामान बेच्दै थिए । सन्देशवाहक पछाडिबाट आएर उनलाई समाते । उनले मुहम्मद (सल्ल.) लाई देख्न सकेनन् । भन्न थाले, को हो ? मलाई छोडिदेऊ । सन्देशवाहक हुन् भन्ने जब थाहा भयो त आफ्नो पिठयूं उनको छातीमा जोड्न थाले । मुहम्मद (सल्ल.) ले भने यो गुलामलाई कसले किन्छ ? उनले भने, म अमूल्य हुं । सन्देष्टा (सल्ल.) ले भने तर अल्लाहनिर तिमी अमूल्य होइनौ बरु मूल्यवान हौ । (सही इब्ने हिब्बान)

२. वह्य (अल्लाहको प्रकाशना) नभएका मामिलाहरुमा आफ्ना साथीहरुसित परामर्श र उनीहरुको राय लिने गर्थे । अबु हुरैरह रजिअल्लाहु अन्हु भन्छन्, मैले कसैलाई आफ्ना साथीहरुसित मुहम्मद (सल्ल.) भन्दा बढि परामर्श गर्ने मान्छे देखेको छैन । (सुनन् तिर्मिजी)

३. बिरामी, मुस्लिम होस् वा गैरमुस्लिम कहां गएर उसलाई भेट्ने गर्दथे । मुहम्मद (सल्ल.) आफ्ना साथीहरुको खोज खबर लिइराख्थे । यदि कसैबारे बिरामी भएको खबर मिल्थ्यो भने साथमा रहेका साथीहरुलाई लिएर लगत्तै उसलाई भेट्न जान्थे । यो मुस्लिमहरुको लागि मात्र थिएन बरु सबैको लागि थियो । अनस रजिअल्लाहु अन्हुबाट व्यक्त भएको छ, एउटा यहुदी केटा मुहम्मद (सल्ल.) को सेवा गर्ने गर्थ्यो । ऊ बिरामी भयो । सन्देशवाहक (सल्ल.) उसलाई भेट्न गएपछि उसको टाउकोनिर बसेर भने, इस्लाम धर्म अंगाल ।

उसले आफूनिर भएको आफ्नो बुबातर्फ हेऱ्यो । उसको बुबाले उसलाई भन्यो, अबुल काशिमको आज्ञापालन गर । अनि उसले इस्लाम प्रवेशिकाको मन्त्र यसरी भन्न थाल्यो, अरु र केही सांचो उपासनीय छैन अल्लाहबाहेक । साथै, मुहम्मद (सल्ल.) अल्लाहका अन्तिम सन्देष्टा हुन् । अल्लाहको प्रशंसा र कृतज्ञता ज्ञापन गर्छु जसले यसलाई नर्कको आगोबाट बचायो भन्दै मुहम्मद (सल्ल.) त्यहांबाट निस्के । (सही बुखारी)

४. उपकारको कृतज्ञता र त्यसको वदलाका सन्दर्भमा उनको भनाई यस्तो रहेको छ, जो तिमीसित अल्लाहको नामबाट शरण चाहन्छ भने उसलाई शरण देऊ । जो तिमीलाई आमन्त्रणा दिन्छ भने स्वीकार गर । जो तिमीसित उपकार गर्छ भने बदलामा पनि देऊ । यदि बदलामा दिनका लागि केही पाउंदैनौ भने साटो पूरा भइसकेको आभास नहुन्जेलसम्म अल्लाहबाट उसको लागि आशीर्वाद दिंदै गर । (सुनन् अबु दाऊद)

उनकी श्रीमती आइशा रजिअल्लाहु अन्हा भन्छिन्, अल्लाहका दूत (सल्ल.) उपहार लिन्थे, साथै, त्यसको साटो पनि केही दिने गर्थे । (सही बुखारी)

५. उनी (सल्ल.) हरेक सुन्दर र राम्रो चीजलाई मन पराउंथे । अनस रजिअल्लाहु अन्हु भन्छन्, मैले सन्देशवाहक (सल्ल.) को हत्केलाभन्दा नरम न रेशम छोएको छु न उनको सुगन्धभन्दा बढि कुनै सुगन्ध सुंघेको छु । (सही बुखारी र मुस्लिम)

६. मुहम्मद (सल्ल.) भलाई र सत्कर्मको हरेक क्षेत्रमा सिफारिस गर्न मन पराउंथे । इब्ने अब्बास रजिअल्लाहु

अन्हु भन्छन्, बरीरहको श्रीमान् एउटा दास थिए । उनको नाम मुगीस थियो । मैले उनलाई श्रीमतीको पछाडि पछाडि रुंदै हिंड्दै देखें । उनको आंशु दाह्रीमाथि बग्थ्यो । दूत (सल्ल.) ले अब्बाससित भने, अब्बास, मुगीसको बरीरहसित मोह र बरीरहको मुगीससित घृणामा तिमीलाई अचम्म लाग्दैन ? मुहम्मद (सल्ल.) ले बरीरहलाई मुगीसतर्फ ध्यान पुऱ्याउने अनुरोध गरे । उनले सोधिन्, हे अल्लाहका सन्देशवाहक के यो तपाईको आदेश हो कि...? होइन । म सिफारिस गर्ने मात्र हुं उनले भने । (सही बुखारी)

७. स्वयम् कार्य गर्नुः आइशा रजिअल्लाहु अन्हासित सोधियो, मुहम्मद (सल्ल.) आफ्नो घरमा के गर्नुहुन्थ्यो ? उनले भनिन्, उनी अरु मानिसहरु झैं आफ्ना लुगा धुन्थे । बाखा दुन्थे र आफ्ना अन्य कार्यहरु पनि गर्थे । (सही इब्ने हिब्बान) बरु आचरणको उच्चताले अर्कोको काममा पनि सघाउने गर्थे । उनकी श्रीमती आइशा रजिअल्लाहु अन्हाले उपरोक्त प्रश्नको जवाफमा भनिन्, आफ्नो घर गृहणीको सघाउमा हुन्थे । अनि अजानको आवाज सुनेपछि नमाज (प्रार्थना) को लागि निस्कन्थे । (सही बुखारी)

## न्यायपूर्ण अभिव्यक्तहरु

जर्मन कवि गोएथले भनेका छन्, मैले इतिहासमा मानवजातिको सर्वोच्च उदाहरण खोज्न थालें त यो अल्लाहका अरबी सन्देशवाहक मुहम्मद (सल्ल.) मा पाएं ।

प्राध्यापक केइथ मोरले आफ्नो किताब द डेवलपिंग ह्युमनमा लेखेका छन्, कुरआनलाई अल्लाहको वाणी मान्नु मलाई गाह्रो छैन किनकि गर्भ र भ्रुणको जुन विवरण कुरआनमा छ त्यो सातौं शताब्दीको ज्ञानमा थिएन । एकमात्र बौद्धिक निर्क्यौल के छ भने यी विवरणहरु अल्लाहबाट मुहम्मद (सल्ल.) तर्फ उद्घोष गरिएका थिए ।

ओल देवरान्त आफ्नो किताब सभ्यताको कथाको एघारौं भागमा लेख्छन्, यदि हामीलाई मानिसहरुमाथि असर पारेको ठूलो मान्छेको महानताबारे फैसला गर्नुपर्छ भने हामीले भन्नै पर्छ कि मुस्लिमहरुका सन्देष्टा इतिहासका सर्वमहान मानव हुन् ।

उनले पक्षपात र अन्धविश्वासको लहडलाई नियन्त्रित पारे । यहुदी, ईसाइलगायत आफ्नो मुलुकको पुरानो धर्ममाथि यस्तो प्रष्ट, दृढ र सहज धर्म स्थापित गरे जुन आजसम्म ठूलो चुनौतीको रुपमा बांकी छ ।

जोर्ज द टोल्जले आफ्नो किताब अल्लाहका सत्य सन्देष्टामा लेखेका छन्, सन्देशवाहकको सच्चाईमाथि सबभन्दा स्पष्ट दलील के छ भने उनका परिवार र सर्वनिकट मानिसहरु उनीमाथि सर्वप्रथम आस्थावान भए किनकि उनीहरु उनका सबै रहस्यबाट अवगत थिए । यदि उनीहरुलाई उनको सत्यतामा सन्देह हुन्थ्यो भने आस्था राख्दैनथे ।

पूर्वेली विद्धान हेल आफ्नो किताब अरबको सभ्यतामा लेख्छन्, सम्पूर्ण मानवीय इतिहासमा हामीले यस्तो धर्म भेटिएका छैनौं जुन यस्तो तीब्रताका साथ फैलेर

संसारलाई बदलेको होस् जस्तो कि इस्लामले गरेको छ। मुहम्मद (सल्ल.) ले एउटा जाति अस्तित्वमा ल्याए। अल्लाहको उपासना जमीनमा कायम गरे। न्याय र सामाजिक समानताको जग हाले। र यस्तो जाति जो अराजकताबाहेक केही जान्दैनथ्यो, त्यसमा व्यवस्था, सन्तुलन, आज्ञापालन र शक्ति स्थापित गरे।

स्पेनी पूर्वेली जोन लक आफ्नो किताब अरबमा लेख्छन्, मुहम्मदको जीवन चित्रण त्यसभन्दा राम्रो गर्न सकिन्न जुन अल्लाहले आफ्नो यस कथनमा गरेका छन्, हामीले तिमीलाई (हे मुहम्मद) सर्वजगतको लागि दयाबाहेक केही पठाएका छैनौं। (कुरआन २१. १०७) मुहम्मद (सल्ल.) यथार्थ दया थिए। म उनीमाथि रहर र शौखकासाथ दया र सलाम पठाउंछु।

ब्रनार्डशाले आफ्नो किताब, इस्लाम सय सालपछिमा लेख्छन्, सिंगो संसारले कुनै न कुनै दिन इस्लाम धर्म स्वीकार्ने छन्, चाहै त्यसको खुल्ला नामबाट स्वीकार नगरुन् बरु अर्को कुनै नामबाट। यस्तो एक दिन अवश्य आउनेछ जसमा पश्चिमाहरु इस्लाम धर्म अंगाल्नेछन्। पश्चिमाहरुमाथि इस्लामबारे असत्यबाट भरिपूर्ण किताब पढ्दै कैयौं शताब्दि बितिसकेका छन्। निसन्देह मैले मुहम्मद (सल्ल.) बारे एउटा किताब लेखेको छु। तर त्यो अंग्रेजहरुको पद्धतिबाट निस्केकोले जफत गरिएको छ।

## उहांका श्रीमतीहरु

मुहम्मद (सल्ल.) ले श्रीमती खदीजा (रजि.) को निधनपछि दसभन्दा बढि महिलाहरुसित दाम्पत्य जीवन व्यतित गरेका थिए । आइशा (रजि.) बाहेक अरु सबै विधवा र ठूलो उमेरकी थिइन् । आइशा (रजि.) मात्र कुमारी थिइन् । सात वटी कुरैश समुदायका, एक यहुदी र बांकी अरबका विभिन्न समुदायका थिए । मारिया भन्ने एक जना इजिप्टको किब्ति जातिकी थिइन् । उनी मुहम्मद (सल्ल.) का छोरा इब्राहीम (रजि.) को आमा थिइन् । उनीलाई स्कन्दरियाको राजा मकोकसले सन्देष्टा (सल्ल.) का लागि उपहार दिएको थिए । सन्देशवाहकको भनाई छ, निसन्देह तिमीहरु मिस्रमाथि विजय हासिल गर्नेछौ । त्यहां एक ठाउंको नाम किरात थियो । तिमीहरु त्यसलाई विजय गरेपछि त्यहांका बासिन्दाहरुसित उपकार गर किनकि तिनको नाता र अधिकार रहेको छ । (सही मुस्लिम)

जोहरीले भन्नुभएको छ, नाता सन्देशवाहक हजरत इब्राहीम (अलै.) को आमा हाजराको कारणले गर्दा र अधिकार उनी (सल्ल.) को छोरो इब्राहीम (रजि.) को कारणले थियो ।

बहुविवाहको कारणः यति धेरै महिलाहरुसित उनको वैवाहिक सम्वन्ध जोडिनु निम्नानुसार कारणले भएको थियोः

१. धर्म संविधानका निम्ति, जस्तो कि जैनब बिन्ते जहश (रजि.) को विवाहको कारण थियो अरबीहरु अज्ञानताकालमा आफ्नो मौखिक छोरोको श्रीमतीसित

विवाह गर्नु हराम (अवैध) ठहराउंथे किनकि उनीहरु मौखिक छोरो -धर्मपुत्र) को श्रीमतीलाई वास्तविक छोराको श्रीमतीसरह ठान्थे । तसर्थ अल्लाहका सन्देशवाहक (सल्ल.) ले त्यस अनुमानलाई मिथ्या पार्न निम्ति उनीसित विहे गरेका थिए । परम् अल्लाहले भन्नुभएको छ, बरु जैदले जब उनीसित आफ्नो चाहना पूरा गरिसक्यो त हामीले उनलाई तिमीलाई श्रीमतीसरह मान्यता दियौं, ताकि मुस्लिमहरुलाई आफ्ना मौखिक छोराहरुका श्रीमतीलाई उनीहरुले तिनीसित आफ्नो चाहना पूरा गरेपछि पत्नि बनाउन गाह्रो नहोस् र अल्लाहको हुकुम पूरा हुनेछ । (३३. ३७)

२. इस्लामतर्फ तान्न र विभिन्न समुदायहरुको समर्थन प्राप्त गर्ने राजनीाति पनि थियो किनकि उनी (सल्ल.) ले कुरैशका सबभन्दा ठूला र बढि शक्तिशाली जातिहरुसित वैवाहिक नाता जोडेका थिए । आफ्ना साथीहरुलाई पनि यही तरीका अपनाउने आदेश दिएका थिए । अब्दुर रहमान बिन औफलाई दौमतुल्जन्दलतर्फ पठाउंदा भने, यदि उनीहरु तिम्रो आज्ञाकारी बन्छन् भने तिनको राजाकी छोरीसित विहे गर । (तारीख तबरी २.१६२)

डाक्टर चैन लेख्छन्, हाम्रो समकालीन सोचले गर्दा उनको जीवनका केही अर्न्तवस्तुका बारे हामी अलमलमा परेका छौं । उनी (सल्ल.) की ती नौ वटी श्रीमतीहरुलाई लक्षित गर्दै जो खदीजा (रजि.) को निधनपछि विहे भएको थियो, सन्देष्टा (सल्ल.) को यौन मनोकांक्षाबारे धेरै आलोचना गरिएको छ । तर साबित के भएको छ भने ती अधिकांश बैवाहिक सम्वन्धको नाताहरु पछाडि

राजनैतिक उद्देश्य थियो जुनबाट केही ठूला बडा मान्छे र जातिको सघाऊ खोज्ने मनसाय थियो ।

३. सामाजिक कारणले पनि थियो । जस्तो कि उनले आफ्ना केही यस्ता साथीका श्रीमतीहरुसित विहे गरेका थिए जो अल्लाहको धर्मप्रसारको मार्गमा मारिएका थिए जबकि उनीहरु धेरै उमेरकी भइसकेकी थिइन् । तर उनले उनीहरुसित दया र उनका श्रीमानहरुको सम्मानको लागि विवाह गरेका थिए ।

एउटी इटालियन लेखिका एल.वेसिया भ्याग्लिएरीले आफ्नो किताब इन डिफेन्स अफ इस्लाममा लेखेकी छिन्, निसन्देह मुहम्मद (सल्ल.) ले आफ्नो पूरै युवाकालमा एकभन्दा बढि महिलासंग दाम्पत्य कायम गरेका थिएनन् जबकि युवाकालमा यौनिच्छा सर्वाधिक बलियो हुन्छ । जब उनी अरब जस्तो समाजमा जीवन व्यतित गर्थे, जहां दाम्पत्य सामाजिक संस्थाको हैसियतले न्यून थियो । जहां बहुविवाह जग सरह थियो । जहां तलाक (सम्बन्ध विच्छेद) हदैसम्म सहज थियो । तापनि उनी (सल्ल.) ले एउटै अर्थात् खदीजा (रजि.) बाहेक अर्को कसैसंग दाम्पत्य जीवन गांसेका थिएनन् । खदीजा (रजि.) उमेरमा उनी (सल्ल.) भन्दा जेठी थिइन् । उनी २५ वर्षसम्म उनका विशुद्ध प्रेमी थिए । अरु विवाहहरु खदीजा (रजि.) को निधन र आफ्नो उमेर ५० नाघेपछि मात्र गरे । उनले आयशा (रजि.) बाहेक अरु महिलाहरुसित विहे गरेर ती चरित्रवान महिलाहरुको सम्मान बढाउन वा इस्लाम प्रसारको नयां बाटो खोल्नको लागि केही महत्वपूर्ण जातिहरुसंग

सुसुराली नाता कायम गर्नका लागि वैवाहिक सम्वन्ध कामय गरेका थिए । मुहम्मद (सल्ल.) ले विवाह गरेका ती सबै महिलाहरु कुमारी, युवती वा सुन्दरी थिएनन् । त उनी कामुक कसरी भनिए ? हो, उनी ईश्वर त होइनन् । एउटा पुरुष नै थिए । शायद नयां विहे पछाडि सन्तान उत्पादन गर्ने नियत पनि हुन सक्छ ।

उनीसित धेरै आयस्रोत नभएता पनि ठूलो परिवार चलाउने गहन जिम्मेवारी थियो । तर उनले उनी सबैसित पूर्ण समानता र न्यायको बाटो आफूमाथि सधैंको लागि अनिवार्य गरेका थिए । उनीमध्ये कसैसित कहिल्यै पनि अरुभन्दा फरक व्यवहार गर्नु भएन । उनले अल्लाह सन्देष्टा हजरत मूसा (अलै.) आदिका तरीकाझैं व्यवहार गरे । जसका बहुविवाहमाथि कसैको विरोधाभास भेटिंदैन । के उनीहरुको बहुविवाहमाथि आलोचना नहुनुको कारण यो हो कि हामीलाई उनीहरुको दिनचर्याको विस्तृत ज्ञान प्राप्त छैन जबकि मुहम्मद (सल्ल.) को दाम्पत्य जीवनका सबै कुरा जान्न सकिन्छ ।

प्रख्यात वेलायती लेखक, थोमस कार्लायलले आफ्नो किताब हिरोजमा लेखेका छन्, मुहम्मद (सल्ल.) कामी थिएनन् । यद्यपि उनलाई ज्यादती र हठले त्यस्तो भनिएको हो । हामी उनलाई यदि यस्तो कामी ठान्दछौं जसको रमाउनु र भोग गर्नुबाहेक कुनै उद्देश्य थिएन भने हामी अति ज्यादति र गल्ती गर्ने हुन्छौं । कदापि होइन, सबैखाले उपभोग र उनीबीच निकै दूरी थियो ।

## सन्देष्टा बारे केही शास्त्रीय प्रमाणहरु

### पवित्र कुरआनबाट

मुहम्मद तिमीहरुमध्ये कसैका बुवा होइनन् बरु उनी अल्लाहको भविष्यसूचक र अन्तिम सन्देष्टा हुन् । (कुरआन, ३३.४०)

ईशा अलैहिस्सलामले गोस्पेलमा मुहम्मदको दूतत्वको शुभसूचना दिनुभएको छ । परम अल्लाहले भन्नुभएको छ, मेरीको छोरो यशुलाई सम्भना गर, जब उनले भने, हे इस्राईलका सन्तानहरु म तिमीतर्फ अल्लाहको सन्देशवाहक हुं, अघि आएको धर्मको पुष्टि गर्दछु र मपछि आउने एउटा अल्लाहको सन्देशवाहकको शुभसूचना दिन्छु जसको नाम अहमद होला । (कुरआन, ६१.६)

### हदीसबाट

म र मभन्दा पहिलाका अरु सन्देशवाहकहरुको उदाहरण एउटा यस्तो मान्छे जस्तै हो जसले एउटा भवन निर्माण गऱ्यो र यसको कुनै कुनामा एउटा ईंटा राख्ने ठाउंबाहेक बांकीलाई अति सुन्दर बनायो । मानिसहरु यसको छेऊबाट गुज्रदै छक्क परेर भन्छन्, एउटा ईंटाको ठाउं किन छोडिएको छ ? उनी (सल्ल.) ले भने म त्यही ईंटा र अन्तिम सन्देष्टा हुं । (सही बुखारी र सही मुस्लिम)

## पहिलेका धर्मशास्त्रहरुबाट

अता बिन यसारबाट वर्णित छ, मैले अब्दुल्लाह बिन अमर बिन आस (रजि.) लाई भेटेर भने, पुरानो बाइबलमा भएका अल्लाहका सन्देष्टा (सल्ल.) को परिचयबारे मलाई बताऊ । उनले भने निसन्देह उनीबारे कुरआनमा बयान भएका केही बखानहरु पाइन्छन्, जस्तै हे शुभसूचक सांच्चै मैले तिमीलाई (मानवजातिमाथि) साक्षी, शुभसूचक, डराउने एवम् निमुखाहरुको सुरक्षा गर्नेवाला बनाएर पठाएको हुं । तिमी मेरो दास र सन्देष्टा हौ । मैले तिमीलाई मुतवक्किल (भरगर्नेवाला) भनेको छु । तिमी नअसभ्य हौ न कठोर, न कराउने वाला, न खराबको बदला खराबबाट दिन्छौ बरु माफ गर्छौ । म उनको प्राण मानिसहरुलाई मार्गदर्शित नगरुन्जेल झिक्ने छैन । र, जबसम्म उनी यो न भनुन्, कोही सांचो ईश्वर उपासना योग्य छैन अल्लाहबाहेक । र, जबसम्म सत्य उनीहरुमाथि छर्लंङ नभइजाओस् । (सही बुखारी)

प्राध्यापक अब्दुल अहद दाऊद भन्छन्, मैले आफ्नो बहसमा बाइबलका केही भागहरुलाई तर्क बनाएको छु जसमा भाषिक विवादको सम्भावना न्यून रहन्छ । ल्याटिन, यूनानी वा आरामीतर्फ जाने होइन किनकि त्यो बेफायदा होला । म अघिल्लो उदाहरणमा वेलायती र विदेशी बाइबलसमितिबाट सच्याइएको प्रकाशनाबाट हुबहु उही हरफ सार्दै छु । हामी बाइबलको १८ नम्बर अध्यायमा पढ्दछौं, म तिनको लागि तिनका दाजुभाईहरुमाझ तिमीहरु जस्तै एक जनालाई सन्देष्टा

बनाउने छु र आफ्ना बक्तव्य उसको मुखमा राख दिनेछु ।

यदि उक्त शब्दहरु मुहम्मद (सल्ल.) माथि फिट हुंदैनन् भने सिद्ध भएका छैनन् । यशु मसीहले त्यसको आशय स्वयम्लाई कहिल्ले पनि दाबी गर्नु भएको पाइएन । उनका शिष्यहरुको पनि सोही विचार थियो र उनीहरु दुतत्व कार्यान्यवयनको लागि यशु मसीहको पुनः आगमनको लागि पर्खिरहेका छन् । हालसम्म यसमा विरोधाभास छैन कि मसीहको पहिलो आगमन, म तिनका लागि तिमी जस्तै एक जनालाई सन्देष्टा बनाउनेछु उक्त वाक्यांशको दलील होइन । त्यसैगरी मसीहको पुनः आगमन पनि ती शब्दहरुको अर्थ होइन । चर्चको आस्था अनुसार मसीहको पुनः भविष्य आगमन न्यायधीशसरह होला, धार्मिक संविधान ल्याए सरह होइन जबकि वाचा गरिएको मान्छेको चित्रण आफ्नो दाहिने हातमा आगो जस्तो प्रज्वलित पार्ने धर्मशास्त्र बोकेको रहेको छ ।

वाचा गरिएका सन्देशवाहकको व्यक्तित्वलाई तय गर्नका निम्ति अर्का सन्देष्टा मूसाको दूतत्वले धेरै टेवा पुऱ्याउंछ । उनी भन्छन्, प्रकाश पार्ने अल्लाहको ज्योति फारानबाट उदाउनेछ । यो मक्काको पहाडको नाम हो । बाइबल किताबको ३३ औं अध्यायको दोस्रो वाक्यमा यस्ता शब्दहरु छन्, मालिक सीनाबाट आउनुभयो र उनीतर्फ साईरबाट उदाउनुभयो र फारानका पहाडहरुबाट जगमगाउनु भयो । १० हजार सन्तहरुसंग

आउनु भयो । उनको दायां हातबाट तिनका लागि धार्मिक संविधानको आगो निस्क्यो ।

उपरोक्त शब्दहरुमा मालिकलाई सूर्यसंग तुलना गरिएको छ । उनी सीनाबाट आउने छन् । साईरबाट उदाउने छन् । तर उनी आफ्नो पूर्ण गुण र गरिमामा फारानबाट जगमगाउने छन् । त्यहां उनलाई आफ्ना १० हजार सन्तहरुसंग आफ्नो दायां हातमा आगोयुक्त संविधान लिएर निस्कनु पऱ्यो । यशुसमेत कुनै इसाईको फारानसंग कुनै वास्तै थिएन । हाजराले आफ्नो छोरा इस्माईलसंग बीरे सब्आमा भौतारिन् । उनी नै पछि फारानको मरुभूमिमा बास गरिन् । त्यहां उनकी आमाले उनको बिहे एउटी एजिप्शियन युवतीसंग गरिदिइन् । जोबाट उनको पहिलो छोरो केदार (अदनान) जन्म्यो । अनि उनीबाटै सबै अरबीहरुको वंश फैल्यो । उनले त्यसैदेखि फारानको मरुभूमिमा बास गरेर त्यसलाई आफ्ना ठेगाना बनाए ।

मुहम्मद (सल्ल.) जस्तो कि सर्वविदित छ, इस्माईलको वंशबाट जन्मिएका हुन् । जसको छोरा केदार (अदनान) थिए । अनि फारानको मरुभूमिमा सन्देशवाहको रुपमा प्रकट भए । अनि मक्कामा १० हजार सन्त मुस्लिमसंग प्रवेश गरेर आफ्नो जाति कहां अग्नि शरीअत् (धार्मिक संविधान) ल्याए । के यो उही उपरोक्त दूतत्व होइन जुन ठक्कै साबित भएको छ ?

हब्कूक दूतले ल्याएको दूतत्व खासगरी विचार गर्ने लायक छ । जुन यस्तो रहेछः उन (फारानको एक जना पवित्र मान्छे) को सुन्दरताले सम्पूर्ण परम्धान र

पृथ्वीलाई छोपेको थियो । प्रशंसाबाट भरपूर थियो । प्रशंसा शब्द धेरै सार्थक छ किनकि मुहम्मदको शाब्दिक अर्थ प्रशंसा गरिएको हो । त्यसका बावजुद अरबीहरु पनि जो फारानको मरुभूमिका बासिन्दा थिए । ईश्वरीय प्रकाशनाको वाचा गरिएका थिए । त्यहांका मरुभूमि र शहरहरुलाई आफ्नो आवाज उच्च पार्नुपर्छ । जुन गाउंमा केदारले बास गरे त्यस पहाडीका बासिन्दाहरुले गाउनुपर्छ । उनीहरुले त्यस पहाडको शिविरमाथि चढेर कराउनुपर्छ । उनीहरुले मालिकको शान बढाउनुपर्छ । सबै टापुहरुमा उसको प्रशंसाको उद्घोष गर्नुपर्छ । मालिक एउटा शक्तिवान मान्छेसरह अगाडि आउनेछ । उसले कुनै योद्धाझैं आफ्नो रिस भड्काउनेछ । ऊ कराउने र गर्जने छ । उसले आफ्ना शत्रुहरुलाई हराउनेछ । (इश्इया ४२)

यसबारे विचार गर्ने अर्का दुईटा दूतत्व छन् । इश्इयाको साठौं अध्यायमा केदारको जिकिर यसरी भएको छः उठ्नुस् । प्रज्वलित हुनुस् किनकि तिम्रो ज्योति आइसकेको छ र प्रभुको शान तिमीमाथि उदाइसकेको छ । ऊंटको झुण्ड तिमीलाई मिद्यान र अैफामा ढाक्नेछन् । शैबाबाट आउनेछन् । केदार (अदनान) का सबै बाखा तिमीतर्फ भेला हुनेछन् । निबायोथका भेडहरु तिम्रो सेवा गर्नेछन् र स्वीकृत भई मेरो मण्डपमा माथि आउनेछन् । अनि म आफ्नो सुन्दरताको घरलाई सजाउनेछु ...अन्त्यसम्म ।

त्यसैगरी अर्को दूतत्व इश्इयाको इस्हाहमा पनि यसरी उल्लेख छः अरबको मुलुकबाट ईश प्रकाशन हुनेछ ।

अब्बड खब्बड जमीनमा तिमीहरु बास बस्नेछौ । हे दनानीनको यात्रा गर्ने जमातहरु, तैमाका बासिन्दाहरु ऊसमक्ष पानी ल्याए जो प्यासा थिए । उनीहरुले उसलाई आफ्नो रोटीबाट रोके जो भागेको थियो । उनीहरु तरवार र धनुको अगाडि तथा लडाईको घमसानबाट भागेका थिए । निसन्देह प्रभुले मसित यसरी नै भन्नुभएको छः मजदुरको वर्ष जस्तो एक वर्षको अवधिमा केदारको हरेक प्रतिष्ठा र शान मेटिने छ र केदार सन्तानका योद्धाहरुका बांकी धनुहरु घट्ने छन् ।

ती दूतत्ववहरुलाई इश्इयामा पुरानो बाइबलको प्रकाशमा पढ्नुस्, जसमा अल्लाहको प्रकाशनाको फारानबाट आउने जिकिर छ ।

यदि इस्माइल फारानको मरुभूमिमा बसेका थिए जहां उनको लागि केदार (अदनान) जन्मे जो अरबीहरुको सर्वोच्च पूर्खा हुन् र यदि केदारका सन्तानमाथि अल्लाहको तरफबाट प्रकाशना आउने लेखिसकेको थियो तथा यदि केदारको जातिमाथि मेरो प्रतिष्ठित घरको सम्मानको लागि पवित्र बलिदान दिनु तय गरिएको थियो, जहां कैयन शताब्दीसम्म जमीनमाथि अंध्यारो छाएको थियो । अनि त्यस क्षेत्रले प्रभुको प्रकाशनाको स्वागत गर्नु पर्‍यो । यदि ती सबै गौरव जुन केदारको लागि सम्पन्न भए र धनुधारीहरुको त्यो संख्या र केदारको सन्तानको वीरताका सबै गौरवहरु यदि यी सबैलाई एक वर्ष भित्र कस्सिएका धनु र तानिएका तरवारको अगाडिबाट भागेपछि घट्नु पर्‍यो भने के

यसको आशय फारानको एक जना (मुहम्मद) बाहेक अरु कोही हुन् ? (हब्कूक अल्इस्हाह ३)

मुहम्मद (सल्ल.) इस्माईलको वंशबाट हुन् जसको छोरा केदारका सन्तानहरुले फारानको मरुभूमिमा स्थायी बास गरे । मुहम्मद (सल्ल.) एकमात्र सन्देष्टा हुन् जसबाट अरबीहरुले ईश प्रकाशना त्यसताका स्वीकार गरे, जबकि अंध्यारोले समग्र जमीनलाई लपेटेको थियो । उनकै माध्यमले अल्लाहको प्रकाशनाबाट मक्कामा उज्यालो भयो । मक्का नै एकमात्र शहर हो जसमा प्रभुको घरमा उनको नाम गौरवमय भयो । यसैगरी केदारका जातिहरु ईश प्रकाशनाको स्वीकारोक्तीका साथ मण्डप (अल्लाहको घर) मा आए ।

मुहम्मद (सल्ल.) लाई उनका जातिले सताए । तसर्थ उनी मक्का छाड्नु विवश भए । उनलाई कस्सिएका धनु तथा तानिएका तरवारबाट भाग्दै प्यास लाग्यो र भागेको एक सालपछि केदारका नातिहरुले बद्रको मैदानमा उनको सामना गरे । यही त्यो ठाउं हो जहां मक्काका बासिन्दा र अल्लाहको सन्देशवाहकबीच पहिलो लडाई भएको थियो । त्यसपछि केदारका नातिहरु (जो धनु बोकेका थिए) छिन्नभिन्न भइसकेका थिए अनि केदारको सबै मर्यादा घटिसक्यो । यदि ती सबै पवित्र सन्देशवाहकहरुमाथि अल्लाहको प्रकाशना भएन र उनीबाटै दूतत्वहरु सिद्ध नभएको हुन्थ्यो भने यसको अर्थ के हुन्छ कि ती दूतत्वहरु अहिलेसम्म सिद्ध भएनन्...?

यसैगरी (प्रभुको त्यो घर जसमा उनको नामको जय जयकार हुन्छ) जसतर्फ अल्इस्हाह ६० वाक्य ७ मा

संकेत छ, त्यो मक्कामा अल्लाहको सम्मानित घर हो । मसीहको गिर्जा होइन । जस्तो कि क्रिश्चियन व्याख्याकारहरु यकीन गर्थे र केदारका समुदायहरु जस्तो कि सातौं अध्यायमा उल्लेख छ, मसीहको गिर्जातर्फ कहिले पनि समावेश भएनन् । यथार्थ के छ भने केदारका मातहत शहर र त्यसका बासिन्दाहरु मात्र यस संसारमा त्यतिखेरदेखि मसीहको गिर्जाको कुनै शिक्षाबाट प्रभावित भएका छैनन् त्यसैगरी १० हजार सन्तको जिकिर जस्तो कि पुरानो बाइबलमा भएको छ, खास अर्थपूर्ण छ । (अल्इस्हाह ३३)

अल्लाहको प्रकाशना फारानबाट उदायो र प्रकाशनासंग १० हजार सन्तहरु आए । यदि तिमी फारानको मरुभूमि सम्बन्धित सबै इतिहास पढ्छौ भने तिमीलाई यो घटनाबाहेक अर्को कुनै घटना पाइदैन । अर्थात् जब सन्देशवाहक (सल्ल.) मक्का जित्नुभयो त मदीनाका आफ्ना अनुयायीमध्ये १० हजार आस्थावानहरुको अगुवाईमा त्यहां छिरे अनि अल्लाहको घरतर्फ फर्के । मुहम्मद (सल्ल.) को दाहिना हातमा त्यो अग्नियुक्त धार्मिक संविधान थियो जसले अन्य सबै कानूनलाई जलाएर खैरानी बनाई दियो । जो मार्गदर्शक सांचो आत्मा हो जसको मसीहले शुभसूचना दिइएको थियो, त्यो मुहम्मद (सल्ल.) बाहेक अरु कोही हुन सक्दैन । यसको आशय चर्चधर्मशास्त्रको दाबीबमोजिम पवित्र आत्मालाई ठान्नु सम्भव छैन किनकि ईशा मसीह भन्नुहुन्छः तिम्रो लागि उपयुक्त के हुन्छ भने म धेरै टाढा जाऊं किनकि यदि म टाढा गएन भने मार्गदर्शक तिमी

कहां आउनुहुन्न । तर यदि म गइसके त उनलाई निश्चय नै तिमीतर्फ पठाउने छु । यी शब्दहरुको स्पष्ट रुपी मतलब के हुन्छ भने मार्गदर्शकको आगमन मसीहपछि हुनेछ र मसीहले ती शब्दहरु बोल्दा उनी मसीहसंग थिएनन् । यदि पवित्र आत्माको आगमन मसीहको विदापछि शर्त गरिएको छ भने के हामी विचार गरौं कि मसीह पवित्र आत्माबाट अलग्गै थिए ? यसका अलावा जुन तरीकाको चित्रण मसीहले गर्नु भएको छ त्यसले उनलाई मानवजातिमध्ये एउटा मानिस ठहराउंछ, आत्मा होइन । जस्तै, उनले आफ्नो तरफबाट केही व्यक्त गर्ने होइनन् बरु सुनेको कुरा मानिसहरुमाथि दोहोर्‍याउने हो । के हामीलाई यो मान्नु पर्दैन कि अल्लाह र पवित्र आत्मा दुई छुट्टै अस्तित्व हुन् र पवित्र आत्माले अल्लाहबाट सुनेको कुरालाई बयान गर्दछन् ?

मसीहका शब्दहरु अल्लाहले पठाएका केही सन्देशवाहकहरुलाई स्पष्ट तवरले सांचो आत्मा भन्छन् । त्यसैगरी कुरआनले पनि मुहम्मद (सल्ल.) लाई हुबहु त्यसै गुणबाट परिचित गराउंछ । जस्तो कि भन्छः बरु सत्य ल्यायो र सबै सन्देष्टाहरुलाई सत्य ठान्यो । (३७.३७)

## नयां बाइबलबाट

नयां बाइबलमा यस्ता अनेक प्रमाणहरु छन् जुन मुहम्मद (सल्ल.) को आगमन र उनको दूतत्वको कि त खुलासा गर्दछन् अथवा उनका केही कर्महरुको जिकिर गर्दछन् । यूहन्ना १, १६ मा ईशा अलैहिस्सलामको

वक्तव्य यसरी उल्लेख गरिएको छः म चांडै बुवाबाट तिम्रा लागि अर्को स्रोत माग्ने छु, जुन तिमीहरुसंग सधैं रहोस् ...।

स्रोत शब्द नयां बाइबलमा यस्तो लेखिएको छः एभचष्त्रथितयक वा एबचबअभितभ वा एबचबअबयिल, यसको अर्थ अहमद हुन्छ । अहमद शब्द कुरआनमा पनि उल्लेख छ । यो सन्देष्टा मुहम्मद (सल्ल.) को अर्को नाम हो जस्तो कि सूरह अल्सफ्मा उल्लेख गरिएको छ ।

बर्नाबासको बाइबल (१६.८०११२) मा यस्तो उल्लेख छः ईशा अलैहिस्सलामले भन्नुभयोः अल्लाहले चांडै मलाई भुईंबाट माथि उठाउनेछन् र कपटीको दृश्य यसरी फेर्नेछन् कि हरेकलाई उसबारे मेरो अनुमान हुनेछ । उसले नराम्रो मृत मर्नेछ । तापनि म त्यसै आक्षेपमा दृघकालसम्म रहनेछु । अल्लाहका पवित्र सन्देष्टा मुहम्मद (सल्ल.) आएपछि मबाट त्यो आक्षेप सफा पार्ने छन् ।

त्यसैगरी बर्नाबासको बाइबलको ३१ औं अध्यायमा यस्तो उल्लेख छः जब आदम अलैहिस्सलाम आफ्ना दुबै खुट्टामाथि उभिए त उनले वायुमण्डलमा एउटा वाणी देखे जुन सूर्यझैं चम्कदै थियो । त्यो वाक्य यो थियोः लाइलाह इल्लल्लाह, मुहम्मदुर रसूलुल्लाह (छैन कोही सांचो उपासक अल्लाहबाहेक र मुहम्मद अल्लाहका सन्देशवाहक हुन्) अनि पैतृक मोहबाट पहिलो मानिसले यी शब्दहरुलाई चुमेर आफ्ना दुबै आंखा पुछ्दै भनेः शुभ होला त्यो दिन जब उनी संसारमा आउने छन् ।

## दूतत्व पुष्टि गर्ने केही बौद्धिक तर्कहरु

१. अल्लाहका सन्देष्टा मुहम्मद (सल्ल.) निरअक्षर थिए । न पढ्न जान्दथे न लेख्न । उनी निरक्षर समुदायमाझ थिए । तिनीमाझ राम्ररी पढ्न लेख्न जान्ने मानिसहरु न्यून थिए । यसको कारण के थियो भने कसैले उनीमाथि उतारिएको वह्य (ईश प्रकाशना) माथि सन्देह नगरोस् । त्यसलाई झूठोतवरले उनको स्वयम्को तरफबाट उनको कृति नठानोस् । परम अल्लाहले भन्नुभएको छ, यसअघि तपाई न कुनै किताब पढ्थे न आफ्नो हातबाट कुनै किताब लेख्थे । नत्र झुठाहरु शंका गर्थे । (२९. ४८)

उनी (सल्ल.) यस्तो कुरा ल्याए जसले अन्य अरबीहरुलाई त्यसमा आस्था ल्याउनु विवश पार्‍यो । कुरआनको सुन्दर शाब्दिक ढांचा र गहिरो अर्थले उनीहरुलाई आश्चर्यचकित पार्‍यो । उनी (सल्ल.) माथि उतारिएको कुरआन उनको अनन्त चमत्कार साबित भयो । उनी (सल्ल.) भन्नुहुन्छ, प्रत्येक अल्लाहका सन्देशवाहकलाई अवश्य चमत्कार दिइयो जसले गर्दा मानिसहरु उनीमाथि आस्थावान भए । तर जे मलाई दिएको छ त्यो अल्लाहको प्रकाशना मात्र हो । जसलाई अल्लाहले मतर्फ पठाएका छन् । तसर्थ महाप्रलयको दिन मेरा अनुयायी ती सबै सन्देषटाहरुभन्दा बढि हुनेछन् भन्ने मेरो आशा रहेको छ । (सही बुखारी र सही मुस्लिम)

यद्यपि उनको जाति र समुदायका मानिसहरु बोलक्कड र कवितामा सिपालु थिए । तसर्थ अल्लाहले उनीहरुलाई

कुरआन जस्तो वाणी प्रस्तुत गर्न चुनौति दियो । जब उनले सकेनन् त यसको एउटा सूरह (अध्याय) जस्तो प्रस्तुत गर्न लगायो । परम् अल्लाहको भनाई छः यदि तिमीहरु हामीले आफ्नो दासमाथि उतारेकोबारे शंकाग्रस्त हौ भने यसको एउटा अध्याय जस्तो ल्याऊ र अल्लाहबाहेक आफ्ना मद्दतकर्ताहरुलाई डाक, यदि तिमी सत्य हौ । (कुरआन, २.२३)

बरु सिंगो सृष्टिलाई यसरी चुनौति दियो, परम् अल्लाहले भन्नुभयो, भन्दिनुस्, यदि सबै मानिस र सबै जिन्न यो कुरआन झैं रचनाको लागि एकत्र हुन सकुन् भने, गर्न सक्दैनन् । यद्यपि उनी एक अर्कासित सहकार्य गरुन् ।

२. उनले आफ्नो आमन्त्रणामा रहिरहनु जबकि उनलाई आफ्नो जाति समुदायबाट धेरै कष्ट र भिडन्तहरुको सामना गर्नुपर्‍यो जुन उनको आमन्त्रणालाई समाप्त पार्नका निम्ति उनको हत्याको षडयन्त्रसम्म पुगेको थियो । तापनि उनले सन्देष्टा बनाएको धर्मतर्फको आमन्त्रणामा आफ्नो यात्रा जारी राखे । परम् अल्लाहको धर्मप्रसारको बाटोमा आफ्नो समुदायबाट भेटेका सबै कष्ट, थकाई र ज्यादतीमाथि संयम गर्नुभयो । यदि उनी झूठो र दाबीकर्ता मात्र हुन्थे भने (कदापि होइन) आमन्त्रणाको निरन्तरतालाई छाडिदिन्थे र आफ्नो ज्यान गुम्नेमाथि डर्नु हुन्थे किनकि आफूसित युद्धको लागि आफ्नो समुदायको भेला र आफूलगायत आफ्नो आमन्त्रणाको उन्मूलनको लागि उनको गम्भीरता उनी देख्दै थिए ।

डा. एम. एच दुर्रानी[ज्ञ] भन्छन्, निसन्देह यस्तो आस्था, यस्तो तीब्र प्रयास, यस्तो अठोट र आंट जसबाट मुहम्मद (सल्ल.) ले आफ्नो अन्दोलनलाई अन्तिम विजयसम्म हांके यो उनको आफ्नो आमन्त्रणामा विशुद्ध सच्चाइको ठोस प्रमाण हो ।

यदि उनको मनमा अलिक मात्र पनि शंका वा अलमल हुन्थ्यो भने यस्तो आंधी विहेरी अगाडि टिक्न सक्दैनथे जसको ससल्को पूरै २० वर्षसम्म निरन्तर जारी रह्यो ।

के यसपछि पनि लक्ष्यमा पूर्ण सत्यता, नैतिकतामा निरन्तरता र आचरणमा शिखरताको लागि अर्को प्रमाण चाहियो ? ती सबै तत्वहरु एउटै निर्क्योलसम्म पुऱ्याउंछन् जसबाट छुटकारा छैन, त्यो के हो भने मुहम्मद (सल्ल.) अल्लाहका सत्य सन्देशष्टा हुन् । यी हुन् हाम्रा भविष्यसूचक मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम । उनी आफ्ना दुर्लभ खुबीहरुमा प्रतीक थिए । भलाई र सद्गुणका पूर्ण नमूना थिए । सच्चाई र शुद्ध नियतका प्रतीक थिए । निसन्देह उनको जीवन, उनका सोच विचारहरु, उनको सत्यता र सोझोपन, उनको संयमता र उदारता उनको आस्था र उनका सबै कार्यान्यवयनहरु उनको दूतत्वमाथिका अनौठा प्रमाणहरु

---

[ज्ञ] आफ्नो जीवनको केही भाग १९३१ देखि १९६३ सम्म वेलायतको चर्चमा पादरी भएर बिताउनुभयो अनि इस्लाम ग्रहण गरे ।

हुन् । जसले पनि उनको जीवनी र दूतत्वलाई निष्पक्षभई पढ्छ ऊ साक्षी हुन्छ कि उनी सांच्चिकै अल्लाहको तरफबाट सन्देष्टा हुन् । जुन कुरआन उनले मानवका लागि ल्याएका हुन् त्यो अल्लाहको किताब हो र वास्तविक यथार्थ खोज्ने प्रत्येक न्यायी र विचारशील चिन्तकलाई यसै निर्णयसम्म पुग्नु अपरिहार्य छ ।

३. सर्वविदित छ कि हरेक मान्छेलाई नैसर्गिक तवरले यस सांसारिक जीवनका धनसम्पत्ति, खानेकुरा र यौन इच्छा जस्ता वस्तुहरु आनन्द प्रिय हुन्छन् । परम अल्लाहले भन्नुभएको छ, कामना गरिएका कुराहरुको मोह मानिसनिर सुन्दर बनाइएको छ जस्तै, महिला र छोराहरु, सुन चांदीका थुप्राहरु, चिन्हित गरिएका घोडा र चौपाया एवम् खेतीहरु, यी सांसारिक जीवनका सामान हुन् र फर्कने राम्रो गन्तव्य त अल्लाहनिरै छ । (कुरआन, ३.१४)

हरेकले यी प्रलोभनहरु पाउनुको लागि विभिन्न तरीकाले अथक मेहेनत गर्छ । तर त्यसको आर्जनको तरीका मानिसहरुमा फरकफरक हुन्छ । कोही वैध विधिबाट कमाउन खोज्छ त कोही अनियमित तवरले । यसबाट हामी के भन्न सक्छौं भने अल्लाहका सन्देशवाहक (सल्ल.) सित उनको समुदायले आमन्त्रणाको प्रारम्भमा मोल मोलाइ गरेर उनलाई सम्पूर्ण सांसारिक रमाइलो र प्रलोभनबाट लालायित गर्न खोज्यो र उनीसित उनको सबै मनोकांक्षा र चाहना आपूर्ति गर्ने वाचा गरे । यदि उनलाई नेतृत्व चाहियो भने दिन्छन्, यदि सर्वसुन्दरीसित विहे गर्न मन छन् भने

गराउंछन् । यदि धनसम्पत्ति चाहियो भने दिन्छन् । शर्त के रहेछ भने यो नयां धर्म र त्यसतर्फको आमन्त्रण छाड्नुपर्छ । उनले उनीहरुसित अल्लाहको प्रेरणामा आधारित आत्मविश्वासबाट भने, अल्लाहको कसम, यसलाई छाड्नुका निम्ति यदि उनले मेरो दायां हातमा सूर्य र बायां हातमा चन्द्रमा राखुन् भने पनि म यसलाई अल्लाहले उच्च नपारिञ्जेलसम्म छाड्नेवाला छैन, चाहे यसको लागि मेरो ज्यान नै किन नजाओस् । (सिरत इब्ने हेशाम २.१०१)

यदि उनी झूठो दाबीकर्ता हुन्थे भने (कदापि होइन) उक्त मोलतोलाई स्वीकार्थे र उक्त अवसरसित फायदा उठाउंथे किनकि जे उनी सामुन्ने पेश गरिएको थियो त्यो सांसारिक लोभ राख्ने प्रत्येक मान्छेको सर्वपरी इच्छा हुनेगर्छ । डाक्टर एम.एच. दुर्रानी भन्छन्, उनले १३ वर्ष निरन्तर मक्कामा धेरै उत्पिडन सहदै गरे र यस्तै ८ वर्ष मदीनामा । ती सबै भोग्नुपऱ्यो तर आफ्नो दृष्टिकोणबाट एक रौं बराबर पनि टसकोमस भएनन् । उनी अडिग, दृढ हृदयी, तथा आफ्नो लक्ष्य र उद्देश्यमा दरिला थिए । उनको जाति समुदायले उनलाई आफ्नो धर्मतर्फ आमन्त्रण र आफ्नो दूतत्वको प्रसारबाट रोक्ने शर्तमा, आफ्ना राजा बनाउने र उनको दुबै खुट्टामुनि राज्यको सम्राज्ञ सुम्पिने प्रस्ताव गरे । तर उनले ती सबै लालसालाई अस्वीकार गरे र त्यसको सट्टा आफ्नो आमन्त्रणको लागि कष्ट भोग्न अंगिकार गरे । किन ? किन धनसम्पत्ति, पद, राजसत्ता, गरिमा, रमाइलो र शानशौकतको अलिकति पनि वास्ता गरेनन् ? यदि

कसैले यसको जवाफ चाहन्छ भने यसमा गहिरिएर सोच्नुपर्छ ।

४. प्रवृत्ति के छ भने जसको नेतृत्व र अगुवाई हुन्छ उसको मातहत रहेका सम्पूर्ण जायजेथा र मानिसहरु, उसको अधीन र सेवाको लागि नियुक्त हुन्छन् । तर मुहम्मद (सल्ल.) लाई थाह छ कि संसार बस्ने र बांच्ने ठाऊं होइन । इब्राहीम अल्कमा र उनी अब्दुल्लाहबाट बयान गर्दछन्, दूत (सल्ल.) एउटा गुन्द्रीमाथि सुतेका थिए । चटाईले उनको शरिरमा चिन्ह पारेको थियो । मैले भने, हे अल्लाहका दूत मेरा बुवाआमा तपाईमाथि समर्पित होऊन्, यदि तपाईले हामीलाई हुकुम गर्नुहुन्थ्यो भने हामी तपाईलाई यस चिन्ह र दागबाट केही बिछाएर बचाउन सक्थ्यौं । अनि सन्देष्टा (सल्ल.) ले भने, मेरो संसारसित के सरोकार, मेरो र संसारको उदाहरण त्यस सवारी जस्तो हो जो कुनै रुखमुनि छायांको लागि रोक्छ अनि त्यसलाई छोडेर गइसक्छ । (सुनन् तिर्मिजी)

उनी (सल्ल.) बारे नोमान बिन बशीर (रजि.) भन्छन्, मैले तिम्रो सन्देशवाहक (सल्ल.) लाई यस अवस्थामा हेरेको छु कि उनीसंग आफ्नो पेट भर्नको लागि दकल अर्थात् खराब खजुर पनि थिएन । (सही मुस्लिम)

अबु हुरैरह (रजि.) भन्छन्, मुहम्मद (सल्ल.) का घरवालाहरु उनको जिन्दगीभर निरन्तर ३ दिनसम्म पेट भरेर खाएका थिएनन् । (बुखारी र मुस्लिम) जबकि सम्पूर्ण उपमहाद्वीप उनको अधीनमा थियो र सम्पूर्ण मुस्लिमहरुलाई हासिल हुने हरेक भलाईको कारण उनी

नै थिए । तापति कहिल्ले काहीं उनी (सल्ल.) लाई प्रयाप्त खान हुंदैनथ्यो । उनको श्रीमती आइशा (रजि.) भन्छिन्, निसन्देह सन्देष्टा (सल्ल.) ले एक जना यहुदीबाट खानेकुरो उधार किन्नुभयो र त्यसको लागि आफ्नो कवच धित्तो राख्नुभयो । (सही बुखारी)

यसको यो अर्थ होइन कि उनले चाहेको कुरो हासिल गर्न सक्दैनथे । सांच्चै धेरै धनमालहरु उनको अगाडि मस्जिदमा राख्ने गरिन्थ्यो । उनी (सल्ल.) त्यसलाई निरीह र विपन्नहरुमा नबाडिञ्जेल आफ्नो ठाऊंबाट नउठ्थे न नै उनलाई ढुक्क हुन्थ्यो । निसन्देह उनी (सल्ल.) को साथीहरुमा धेरै धनाढ्य पनि थिए जो उनको सेवाको लागि आपसमा प्रतिस्प्रर्धा गर्थे । र उनको लागि प्रत्येक वहुमूल्य र महगो चीज खर्च गर्थे । तर उनी (सल्ल.) दुनियांको यथार्थ बुझ्थे । उनले भनेका छन्, अल्लाहको कसम, सन्सारको हैसियत आखिरत (परलोक) को तुलनामा कस्तो छ भने जस्तो तिमीमध्ये कसैले आफ्नो औंला समुद्रमा डुबाएर निकाल्छ अनि हेरोस् (समुद्रबाट) कति ल्याउंछ ? (सही मुस्लिम)

बिमथ भ अयदयमी आफ्नो किताब, मक्कातर्फको हज्ज यात्रा लण्डन १९३४) मा लेख्छिन्, यद्यपि मुहम्मद अरब उपमहाद्वीपको नायक थिए । तापनि उनले उपनामहरुबारे सोचेनन् । बरु आफ्नो त्यसै अवस्थामा कि अल्लाहको सन्देष्टा कि मुस्लिमहरुको सेवक हुनुलाई प्रयाप्त ठान्दै रहिरहे । आफ्नो घर आफ्नो हातले सफा पार्थे । आफ्नो जुत्ताको मरम्मत आफैं गर्थे । उपकार

गर्ने, दानी प्रवृत्तिका थिए । उनी आंधी झैं दानी थिए । जहिले पनि कुनै विपन्न र कष्टग्रस्तले उनको मनसाय गऱ्यो उसलाई आफूनिर भएको जेसुकै वस्तु पनि दिन्थे । उनीसंग प्रायः यति थोरै हुन्थ्यो जुन उनलाई पनि प्रयाप्त हुंदैनथ्यो ।

५. उनलाई पनि केही यस्ता दुःखद घटनाहरु आई लाग्थे जसमा स्पष्टता र यथार्थको खांचो पर्थ्यो । उनले त्यसबारे आफूमाथि ईश प्रकाशना नआउनुले केही गर्न सक्दैनथे । तसर्थ ईश प्रकाशना उत्रनुभन्दा अघि केही अवधिसम्म चिन्तित र उदासीन हुन्थे । यसैमध्ये इफ्कको घटना प्रमूख पनि हो । जसमा सन्देशवाहक (सल्ल.) को श्रीमती आइशा (रजि.) को अस्मितामाथि आरोप लगाइयो । एक महीनासम्म मुहम्मद (सल्ल.) माथि त्यस घटनाबारे ईश प्रकाशना अवतरित भएन । त्यस अन्तरालमा उनका शत्रुहरुले उनीबारे नराम्रो कुरा भन्दै गरे । अनि ईश प्रकाशना आइपुग्यो र आाइशा (रजि.) को निर्दोषिताको उद्घोष भयो । यदि उनी झूठो दावीकर्ता हुन्थे भने तत्कालै त्यस अप्ठ्यारोलाई हल गरिहाल्थे । तर उनी आफ्नो मनसायले बोल्दैन थिए ।

६. उनी (सल्ल.) ले आफ्नो लागि मानिसभन्दा उच्च तहको दाबी गरेका थिएनन् । तसर्थ उनले आफूसित यस्तो व्यवहार गरिनु मन पराउंदैनथे जसमा आफ्नो महानता प्रमाणिता होओस् । अनस (रजि.) भन्छन्, सन्देशवाहकका मित्रहरुनिर सन्देशवाहकभन्दा बढि प्रिय कोही थिएन । तापनि उनीहरु उनलाई हेरेपछि उठ्दैनथे

किनकि उनीहरुलाई उहांनिर यसको अप्रियताबारे थाह थियो । (सुनन् तिर्मिजी)

एक जना अमेरिकी पूर्विया लेखक वासिङटन इर्भिङ भन्छन्, सन्देष्टा (सल्ल.) सैनिक विजयका बावजुद ती विजयहरुले उनमा अहम् र शेखी जन्माएका थिएनन् । उनी आफ्नो निजी स्वार्थको लागि होइन, इस्लामको लागि लड्ने गर्थे । आफ्नो शक्तिको शिखरमा पनि उनले आफ्नो सादापन र विनम्रता सुरक्षित राखेका थिए किनकि कुनै समूहमाथि कुनै कोठामा छिर्दा आफ्नो लागि उभिनु वा बढि स्वागत गरिनु मन पराउँदैनथे । यद्दपि एउटा महान राज्य कायम गर्न लक्ष्य राखेका थिए तर त्यो इस्लामको राज्य थियो । र त्यसमा न्यायसंगत राज गर्नुभयो र कहिले पनि आफ्नो पारिवारिक उत्तराधिकारको सत्ताबारे सोच्नुभएन ।

७. सन्देष्टा (सल्ल.) का केही दृष्टिकोण वा कार्यबारे खप्की वा नसीहतको लागि कुरआनका केही श्लोकहरु उत्रेका छन् । जस्तै, हे नबी तिमी त्यसलाई किन हराम (अवैध) तुल्याउंछौ जसलाई अल्लाहले तिम्रो लागि हलाल (वैध) गरेको होस् ? तिमी आफ्ना श्रीमतीहरुको खुशी चाहन्छौ ? अल्लाह धेरै क्षमा गर्ने र दयालु रहेको छ । (कुरआन, ६६.१)

किनकि उनले आफ्ना केही श्रीमतीहरुका कारणले आफूमाथि मह हराम गरिसकेका थिए । तसर्थ उनको प्रभुको तरफबाट उनलाई नसीहत र खप्की सहनु पऱ्यो ।

जस्तै, अल्लाहले तिमीलाई माफ गरोस्, तिमी किन उनीहरुलाई झूठो र सांचो स्पष्ट नजानीकन अनुमति दिन्छौ ? (कुरआन, ९.१२२) यस श्लोकमा उनको प्रभुले उनलाई सचेत गर्नु को कारण के छ भने तबुक भन्ने लडाईंमा सहभागी नभएका नक्कली मुसलमानहरुको झूठो निहुंलाई स्वीकारमा हतार गर्नुभएको थियो । अनि उनीहरुलाई मात्र उनको निहुंले गर्दा माफ गरिदिनु भएको थियो जबकि तिनीहरुमध्ये झूठो र सांचो को हो जान्नको लागि जांच्नु र  पर्खनु पर्ने थियो ।

यसैगरी अल्लाहको यो भनाई कुनै सन्देष्टाका लागि उसले भुईंमा (अल्लाहका दुश्मनहरुको) कोतपर्व नगरुञ्जेल (युद्धका) बन्दी राख्नु उचित थिएन । तिमी (मुस्लिम) हरु सांसारिक माल सामान चाहन्छौ र अल्लाह परलोक चाहन्छ । अल्लाह प्रभावशाली र विज्ञाता हो । यदि पहिलेदेखि लेखिएको नभए तिमीहरुले जुन लिएका हौ त्यसबारे तिमीलाई ठूलो यातना हुन्थ्यो । (कुरआन, ८.६७)

यसैगरी आइशा (रजि) भन्छिन्, यदि मुहम्मद (सल्ल.) अल्लाहले अवतरित गरेको प्रकाशनामध्ये केही लुकाउंथे भने यस श्लोकलाई अवश्य लुकाउंथे जबकि तिमी आफूभित्र केही लुकाइरहे छौ जसलाई अल्लाहले भण्डाफोर गर्छ र तिमी मानिसहरुबाट त्रसन्छौ जबकि मात्र अल्लाहसंग डर्नु पर्छ । (३३.२७) (सही बुखारी र मुस्लिम)

जस्तै, परम अल्लाहको यो भनाई तिम्रो यसबारे कुनै अधिकार छैन । (३.१२८)

जस्तै, परम् अल्लाहको यो भनाई उसले आंखा तर्यो र पिठ्यूं घुमायो किनकि ऊनिर एउटो अन्धो आयो तर तिमीलाई (मुहम्मद) के थाहा संभवतः ऊ शुद्ध हुन सकोस् ? (करआन, ८०.१,२,३)

यदि उनी भूठो वा दाबीकर्ता हुन्थे भने (कदापि होइन) उक्त श्लोकहरु जसमा सन्देष्टामाथि खप्की जनाइएको छ कुरआनमा हुंदैनथे ।

लाइटनर आफ्नो किताब इस्लाम धर्ममा लेख्नुहुन्छ, एकचोटि अल्लाहले आफ्ना सन्देष्टा (सल्ल.) तर्फ प्रकाशना उतारेर चेतावनी दिए किनकि उनले आफ्नो अनुहार एउटा अन्धो गरीब मान्छेबाट एक जना प्रभावशाली धनाढ्य मान्छेलाई सम्बोधन गर्नको लागि फेरिलिनु भएको थियो । त्यो प्रकाशना पनि प्रसारित भयो । यदि मूर्ख इसाईहरुको उनबारे भनाई सांचो हुन्थ्यो भने त्यस्तो प्रकाशना उतारिदैन थियो ।

उनी (सल्ल.) को दूतत्व र उनले ल्याएको कुरआनको सत्यतामाथि किटान दलीलहरुमध्ये अल्मसद भन्ने सूरहमा आफ्नो काका अबुलहबलाई नर्कमा हाल्ने किटान फैसिला हो । त्यो सूरह उनी (सल्ल.) को आमन्त्रणाको प्रारम्भमै अवतरण गरिएको थियो । यदि उनी भूठो र दाबीकर्ता मात्र हुन्थे भने यस्तो किटान फैसिला सुनाउंदैनथे किनकि उनको काकाले सम्भवतः इस्लाम स्वीकार्न सक्थ्यो । डा. गेरिमिलर[६] लेख्नु हुन्छ,

---

[६] उनी कनाडामा इसाई धर्मको सबभन्दा ठूलो प्रचारक थिए । अनि कनाडामै इस्लाम धर्मका सबभन्दा

यो मान्छे अबु लहब इस्लाम धर्मसित धेरै घृणा गर्दथ्यो । यहांसम्मकि मुहम्मद (सल्ल.) जहां पनि जाने गर्थे ऊ पनि पछाडि लाग्ने गर्थ्यो । ताकि सन्देष्टा (सल्ल.) जे भनुन् त्यसको अवमुल्यन गर्न सकियोस् । ऊ जब सन्देशवाहक (सल्ल.) लाई केही अपरिचित मानिसहरुसित कुरो गर्दै देख्दथ्यो भने सन्देष्टाको भनाई नसकिएसम्म कुरी रहन्थ्यो । उनको कुरो सकिएपछि उनीहरुनिर गएर सोध्थ्यो, मुहम्मद (सल्ल.) ले तिमीहरुसित के भनेको छ ? यदि उसले सेतो भनेको छ भने कालो ठान, राति भनेको छ भने दिन ठान भन्थ्यो । यसरी ऊ पवित्र सन्देशवाहक (सल्ल.) का हरेक भनाईको विरोध गर्दथ्यो र उनीबारे मानिसहरुलाई शंकास्पद बनाउंथ्यो । अबु लहबको मृत्युभन्दा १० वर्ष अघि कुरआनमा अल्मसदको नामले एउटा सूरह (अध्याय) अवतरित भएको हो ।

यो सूरहले अबु लहब जहन्नम (नर्क) मा जाने कुरालाई किटान गरिदियो । अर्को अर्थमा ऊ इस्लाममा प्रवेश गर्ने छैन भन्ने प्रमाणित भयो ।

पुरै १० वर्षको अन्तरालमा अबु लहबलाई के गर्नुपर्दथ्यो भने मानिसहरुको सामुन्ने आएर भन्नुपर्दथ्यो: मुहम्मद मेरोबारे भन्छन्, म कदापि इस्लाम नमान्ने छु र

---

ठूलो प्रचारकमा परिणित भए । उनलाई बाइबलको गहिरो ज्ञान थियो । उक्त उल्लेख उनको किताब, चकित पार्ने कुरआनबाट सारिएको हो ।

मेरो गन्तव्य नर्क हो । तर अब म इस्लाममा छिरेर मुस्लिम हुने एलान गर्छु, त अब तिमीहरुको विचार के होला ? के मुहम्मद (सल्ल.) आफ्नो उक्त भनाईमा सांचा हुन् वा होइनन् ? के जुन प्रकाशना उनीतर्फ आइरहेको छ त्यो ईश प्रकाशना नै हो ?

तर अबु लहबले यस्तो गर्न सकेन जबकि उसका सम्पूर्ण कार्यशैली दूत (सल्ल.) को विरोधमा नै हुन्थे । तर उसले यस सन्दर्भमा विरोध जनाउन सकेन । यस कथाको भनाई अनुसार सन्देशवाहक (सल्ल.) अबु लहबसित भन्छन्, तिमी मसित घृणा गर्छौ र मलाई सिध्याउने मनसाय राख्छौ । ठीक छ, तिमीनिर मेरो कुरो काट्ने अवसर छ । तर उसले पूरै १० वर्षको अन्तरालमा त्यसो गर्न सकेन । इस्लाम अपनाउन त कता हो कता त्यसको देखाउटी पनि गर्न सकेन । १० वर्षसम्म ऊनिर १ मिनेटमा इस्लाम धर्मलाई भत्काउने मौका थियो । तर किनकि उक्त वक्तव्य मुहम्मदको वक्तव्य होइन, बरु उसको तरफबाट प्रकाशना थियो जो अज्ञात र अदृश्य वस्तुहरुलाई पनि जान्दछ । र उसलाई अबु लहब मुसलमान नहुनेबारे थाहा थियो ।

जस्तैः यदि त्यो अल्लाहको प्रकाशना थिएन भने मुहम्मद (सल्ल.) लाई कसरी थाहा भयो कि उक्त सूरहमा भएको कुरो अबु लहबले सिद्ध गर्नेछ ?

जस्तैः त्यो अल्लाहको प्रकाशना हो बारे उनलाई थाहा थियो । तसर्थ १० वर्ष त्यसको सत्यताबारे उनलाई प्रगाढ यकीन रहिरह्यो ।

कसैले यदि त्यस्तो खतरनाक चुनौति दिन्छ भने त्यसको एउटै अर्थ मान्नु पर्छ कि त्यो अल्लाहको प्रकाशना वा उद्घोष हो ।

अबु लहबका दुबै हात भांचिसके । ऊ नाश भयो । न उसको धन काम आयो नसन्तानहरु । ऊ र उसको पत्नी जो (मुहम्मद सल्ल. को बाटोमा बिछ्याउनको निम्ति) कांडा बोक्ने गर्छिन्, चांडै सल्कने आगोमा जल्नेछन् । उसको गर्धनमा खजूरको छालाबाट बुनेको दाम्लो छ । (१११.१,५)

९. कुरआनको एउटा श्लोकमा मुहम्मद नामको सट्टा अहमद नाम उल्लेख भएको छ । यदि उनी झूठो र दाबीकर्ता मात्र हुन्थे भने उक्त नामको जिकिर कुरआनमा हुंदैनथ्यो ।

१०. उन (सल्ल.) को धर्म आजसम्म निरन्तर कायम छ । इस्लामतर्फ आमन्त्रणाका लागि भौतिक वा मानविक मद्दत्त कम हुनु, इस्लामी आमन्त्रणाको विरोधमा लगातार खर्चिने गरी ती ठोस मिहिनेत र यसमा खोट निकाल्नु, यसको सक्कल विगार्नु र यसबाट विमुख पार्नुमा अलिकति पनि ढिला सुस्ती नगर्नुका बावजुद मानिसहरुको बाहुल्य यसमा प्रवेश गरेर यसलाई अर्का धर्महरुमाथि वरीयता दिइरहे छन्, त किन यस्तो छ ? किनकि परम् अल्लाहले यस धर्मको सुरक्षाको जिम्मा आफैं लिनु भएछ । जस्तो कि सर्वमहान प्रभुको भनाई छ, निसन्देह हामीले नै यस सन्देश (कुरआन) लाई उतारेका हौं र पक्कै हामी यसको सुरक्षार्थ रहनेछौं । (१५.९)

वेलायती लेखक कार्ले मुहम्मद (सल्ल.) बारे भन्छन्, के तिमीहरु कहिले हेरेका हौ कि कुनै झूठो मान्छेले अनौठो धर्मको उत्पत्ति गरेको होस् ? निसन्देह उसले ईंटाको एउटा घर पनि बनाउन सक्दैन । यदि उसलाई माटो, चुन, सिमेन्टलगायत छड्हरुको विशेषताबारे थाहा छैन भने । उसले जे बनाउंला त्यो घर हुन सक्दैन । बरु मिश्रित सामग्रीको थुप्रो होला । त्यो १२ औं शताब्दीसम्म आफ्ना खम्बाहरुमाथि कायम रहनुलायक हुंदैन । जसमा २ सय मिलियन मानिसहरु बस्न सकुन् । बरु त्यो यस लायक हुन्छ भने त्यसका खम्बाहरु भत्केर यसरी ध्वस्त हुन पुगुन्, मानव त्यो कहिल पनि थिएन । मलाई थाहा छ मानिसले आफ्ना सबै मामिलाहरुमा प्रकृतिको कानुन बमोजिम हिंड्नुपर्छ । अन्यथा प्रकृतिले उसको चाहना पूरा गर्दैन....। झूठो हो जुन ती काफिहरु प्रचार गर्दछन् । चाहे उसलाई चम्किलो पारेर सांचो किन नठानुन् र मानिसहरुले यस भट्काउबाट धोका खानु परीक्षा हो ।

कुरआनको सुरक्षा अल्लाहले लिएपछि किताब र मानिसहरुको छातीमा पुस्तौंदेखि गरिंदै आएको छ किनकि यसलाई कण्ठ पार्नु, यसको पाठ गर्नु, यसलाई सिक्नु र सिकाउनुमा मुस्लिमहरु लालायित हुंदै आएका छन् र त्यस सुकर्मको प्राप्तिका निम्ति परस्पर प्रतिस्प्रर्धा गर्दछन् । जसबारे सन्देशवाहक (सल्ल.) ले यस्तो भनेका छन्, तिमीमध्ये सर्वश्रेष्ठ त्यो हो जो कुरआन सिक्छ र अरुलाई सिकाउंछ । (सही बुखारी)

यसमा थपघट वा फेरबदलको लागि अनेकौं पटक प्रयास गरियो तर सबैमा असफलता नै हात लाग्यो किनकि चांडै र सजिलै त्यसको पहिचान भइसक्यो र प्रतिष्ठित कुरआनका श्लोकहरुसित त्यसको पृथकता छर्लङ भयौ ।

सन्देशवाहक (सल्ल.) का पवित्र हदीस इस्लाम धर्मको दोस्रो स्रोत हो । यसको सुरक्षा यस्ता भरपर्दा सांचा मानिसहरुबाट गरियो जसले आफूलाई सन्देष्टा (सल्ल.) का हदीसहरु पत्ता लगाउन खन्याइ दिए । सही, जईफ र कृत्रिमलाई सिद्ध गरे । जो कोही हदीसका किताबहरु अध्ययन गर्छ उसलाई त्यस कोशिसको यथार्थ थाहा हुन्छ जुन उनी (सल्ल.) बाट निस्केका सम्पूर्ण कुराहरुको सुरक्षाको लागि गरिएको छ र उनीबाट प्रमाणित हुनुमा उसको शंका दूर हुनेछ ।

माइकल हार्टले आफ्नो किताब प्रथम १०० जनाको अध्ययनमा लेख्छन्, निसन्देह मुहम्मद (सल्ल.) ले संसारको सबभन्दा ठूलो धर्मको जग हालेर त्यसको प्रसार गरे र अन्तराष्ट्रिय ठूलठूला राजनीतिज्ञहरुमध्ये हुन पुगे । त्यस्ताका र उनको मृत्युपछि लगभग १३ शताब्दी बितिसकेपछि अहिले पनि उनको प्रभाव बलियो र विश्वव्यापी रहेको छ ।

११. उनी (सल्ल.) ले प्रस्तुत गरेको सिद्धान्तको सत्यता र हरेक युग र ठाउंको लागि यसको उपयुक्तता र यसको कार्यान्वयनबाट देखा परेका परिणामहरु साक्षी हुन् कि उनले जे प्रस्तुत गर्नु भएछ त्यो परम् र शुभ अल्लाहको प्रकाशना हो । अझ, उनी (सल्ल.) परम् र

शुभ अल्लाहको तर्फबाट पठाइएको सन्देष्टा हुन् । के यसमा कुनै अवरोध छ जबकि उनीभन्दा अघि धेरै नबी र सन्देशवाहककहरु पठाइएका छन् ? यदि यसको जवाफ यस्तो छ भने बौद्धिक र धार्मिकतवरले कुनै अवरोध छैन । त किन सर्वसम्मतको लागि उनको दूतत्वको अस्वीकार र उनीभन्दा अघिका दूतत्वहरुलाई प्रमाणित मानिन्छन् ?

१२. राजनीति, अर्थ, समाज, युद्ध, पाठपूजा र अन्य मामिलाहरुमा इस्लाम धर्मले मुहम्मद (सल्ल.) को जिभ्रोबाट जुन व्यवस्था र संविधान प्रस्तुत गरेको छ, सम्पूर्ण मानवजाति एकत्र भएर पनि त्यस्तो पेश गर्न सक्दैनन् । त के तपाईको विचारमा यस्तो अनक्षर मान्छे जो नपढ्न जान्दछ नलेख्न, यस्तो समावेशी व्यवस्था ल्याउन सक्छ, जसबाट उनले सम्पूर्ण सांसारिक मामिलाहरुलाई व्यवस्थित गरेको छ ? के यो उनी अल्लाहको सन्देशवाहक हुनुको सत्यता र आत्मइच्छाबाट नबोलेको प्रमाण होइन ?

१३. उनी (सल्ल.) ले आफ्नो आमन्त्रणाको आरम्भ र उद्घोष ४० वर्षको उमेर पुगेपछि मात्र गरे जबकि युवाकाल र तन्नेरीको शक्ति गइसकेको थियो र बुढेसकाल अर्थात् आराम चाहने र स्थिरताको उमेर आइपुग्यो । कार्ले आफ्नो किताब नायकहरुमा लेख्छन्, मुहम्मद (सल्ल.) आफ्नो दूतत्वमा सांचो थिएनन् भन्नेहरुको दाबीको झुठाई यसरी सिद्ध हुन्छ भने उनले आफ्नो युवाकाल र किशोरावस्थाको उत्तेजना, स्थिर र ढुक्कभई (खदीजा रजि.संग) बिताउनु भयो । त्यस

अन्तरालमा उनले नाम, ख्याति, पद र सत्ता कमाउनुको लागि कुनै कार्यवाही र आन्दोलन गर्नुभएन...। तर युवावस्था गइसके र बुढेसकाल आइपुगे लगत्तै उनको छातीबाट त्यस्तो ज्वालामुखी फुट्यो जुन ठूलो र महान मामिला बन्न पुग्यो ।

बिलमबग आफ्नो किताब, इस्लाम र अरबीहरुमा लेख्छन्, मुहम्मद (सल्ल.) को भूमिका महत्वपूर्ण थियो । यस भूमिकालाई निजी कोशिसबाट सफल पार्ने आकांक्षा स्वार्थी मानिसहरुको क्षमतामा हुनै सक्दैन । (जस्तोकि केही पश्चिमा लेखकहरुले उक्त अरबी दूतलाई आरोपित गरेका छन्) आफ्नो दूतत्वको कार्य सम्पादनमा मुहम्मद (सल्ल.) ले जुन शुद्ध नियति प्रकट गरेका छन् र उनका अनुयायीहरुले उनीमाथि अवतरित अल्लाह प्रकाशनामा जुन पूर्ण विश्वास र आस्था देखाएका छन् त्यसले मुहम्मद (सल्ल.) लाई कुनै किसिमको जानीजानी धोका दिनुको आक्षेप लगाउनु अविवेकपूर्ण ठहराउंछ । जानीजानी कृते गरिएको धर्मको आयु दीर्घ भएको होस् इतिहासले कहिल्ले पनि यस्तो स्वीकार गरेको छैन । इस्लामले १३ सय वर्ष केवल नाघेको होइन बरु यसले हरेक वर्ष नयां नयां अनुयायी कमाइरहेको छ । इतिहासका पानाहरु हामीसामु एउटा पनि यस्तो उदाहरण पेश गर्दैनन् कि कुनै कृति गर्ने मान्छेको दूतत्वले संसारभरिका सर्वश्रेष्ठ साम्राज्य र सर्वश्रेष्ठ संस्कृति जन्माउने गरेको होस् ।

## मुहम्मद (सल्ल.) लाई अल्लाहको दूतमान्नुको हक के हो त ?

१. उनको सन्देशलाई सांचो र त्यसलाई सम्पूर्ण मानवजातिको लागि सार्वजनिक मान्नु । अर्थात् उनको सन्देश उनको जाति समुदाय वा उनको युगको लागि मात्र सीमित थिएन । बरु यो महाप्रलयसम्म कुनै युग वा ठाउंमा सीमित नभई आम सन्देश हो । परम् अल्लाहले भन्छन्, शुभ हो त्यो हस्ती जसले आफ्नो दासमाथि कुरआन उतार्‍यो ताकि सारा संसारको लागि डराउनेवाला होस् । (२५.१)

२. उनले परम् अल्लाहको तर्फबाट जे पुर्‍याउंछन् त्यसमा उनी सुरक्षित हुनुको आस्था राख्नु । परम् अल्लाहको यस भनाईले गर्दा, उनले आत्मइच्छाबाट बोल्नु हुन्न । त्यो अल्लाहको तर्फबाट गरिएको प्रकाशना मात्र हो । (कुरआन, ५३.३) तर आफ्नो अन्य मामिलाहरुमा उनी एउटा मानिस नै हुन् । आफ्ना मामिला र निर्णयहरुमा उनी मिहिनेत गर्थे । उनको यो भनाईले गर्दा, तिमीहरु मनिर आफ्ना भैं झगडाहरु पेश गर्दछौ र तिमीमध्ये कोही आफ्नो कुरो पेश गर्नुमा अर्कोबाट सिपालु हुन सक्छ । अनि म उसको तर्क सुनेर उसको हकमा फैसिला गरिदिन्छु । त यदि म कसैको लागि उसको भाई (मुस्लिम) को हकबाट किटान फैसिला गर्छु भने उसले त्यसलाई लिनु हुंदैन किनकि म उसलाई आगोको टुक्रा काटेर दिन्छु । (सही बुखारी)

३. उनको आगमन सम्पूर्ण मानव जातिको लागि दया र कृपा थियो भन्ने कुराको आस्था राख्नु । परम्

अल्लाहको भनाई छ, हामीले तिमीलाई सर्वजगतको लागि दया मात्र पठाएका हौं । (कुरआन २१.१०७) परम् अल्लाहको भनाई सांच्चै हो । उनी उक्त शब्दमा निहित सम्पूर्ण अर्थ बमोजिम दया नै हुन् किनकि उनले मानिसहरुलाई मानिसहरुको दासताबाट मुक्त पारेर मानिसहरुको प्रभुको दासतातर्फ र अन्य धर्महरुको ज्यादतिबाट इस्लामको न्यायतर्फ तथा संसारको सांघुरोबाट आखिरत (परलोक) को फराकिलोतर्फ निकाल्नु भयो ।

४. उनी अन्तिम र सर्वश्रेष्ठ सन्देष्टा (सल्ल.) हुन् । उनीपछि कोही अल्लाहका सन्देशवाहक वा भविष्य सूचक आउने छैन भन्ने कुरामा दृढ आस्था राख्नु । परम् अल्लाहको यस भनाईले गर्दा मुहम्मद (सल्ल.) कसैका बुवा होइनन् । बरु उनी अल्लाहका सन्देशवाहक र भविष्य सूचकहरुमध्ये अन्तिम हुन् । (कुरआन, २३.४०) अझ उनको यस भनाईले गर्दा मलाई ६ वटा कुराहरुबाट अल्लाहका अरु भविष्य सूचकहरुमाथि श्रेष्ठता दिएको छ । म समावेशी शब्दहरु दिएको हुं । रवाफबाट मेरो मद्दत्त गरिएको छ । युद्धबाट जितिएको धन मेरो लागि हलाल गरिएको छ । समग्र भुईं मेरो लागि पवित्र र ढोग्ने ठाउं ठहराइएको छ । म सर्वसृष्टितर्फ सन्देष्टा पठाइएको हुं र मपछि सन्देष्टाहरुको सिलसिला बन्द गरिएको छ । (सही मुस्लिम)

५. उनी (सल्ल.) बाट इस्लाम धर्म पूर्ण भएको छ । अब यसमा थपघट गर्ने गुन्जाइश नै छैन भन्ने कुरामा

दृढ आस्था राख्नु । परम् अल्लाहको यस भनाईले गर्दा आज मैले तिम्रो धर्म तिम्रा लागि पूरा गरिदिएको छु र तिमीहरुमाथि आफ्नो वरदान पूरा गरिदिएको छु र तिमीहरुबाट धर्म स्वरुप इस्लामलाई मन पराएको छु । (कुरआन, ५.३)

इस्लाममा जीवनका हरेक कोण राजनीनिक, आर्थिक, सामाजिक र नैतिक क्षेत्रहरुमा समावेशिता पाइएको छ । यो धर्म र राजनीति दुबै हो । वेलायती चिन्तक पधभफिले आफ्नो किताब इस्लामी आस्था पृष्ठ ११९, १२० मा लेखेका छन्, इस्लामका बुंदाहरु साहित्यिक र धार्मिक दायित्वहरुमा सिमित छैनन् । यो सम्पूर्ण इस्लामी जगतको आम संविधान हो । यो संविधानमा निजामति, वाणिज्य, जंगी, अदालती, फौजदारी र दण्डनीयलगायत सबै ऐनहरु सामेल छन् । अनि यो यस्तो धार्मिक ऐन हो जसको धुरमा धार्मिक मामिलाहरुदेखि हरेक सांसारिक मामिलाहरु घुमिरहेका छन् । ज्यानको सुरक्षादेखि स्वास्थ्यसम्म, आम जनताको अधिकारदेखि हरेक मान्छेको अधिकारसम्म, मानिसको निजी फाइदादेखि सामाजिक संस्थाको हितसम्म, सत्कर्मदेखि कुकर्मसम्म, सांसारिक सजायदेखि पारलोकको सजायसम्म.....। यसरी कुरआन पवित्र ईसाई ग्रन्थहरुबाट भौतिक रुपमा भिन्न छ । ती ईसाई ग्रन्थहरुमा धार्मिक सिद्धान्तहरुमध्ये केही छैन । बरु त्यसमा प्रायः किस्सा, कथा र मिथ्या विश्वासहरु छन् र उपासना सम्बन्धी मामिलाहरुमा ठूलो अलमल रहेको छ । ती अविवेकशील र निश्प्रभावी छन् ।

६. परम् अल्लाहको तर्फबाट उनी (सल्ल.) लाई जुन जिम्मेवारी सुम्पिएको थियो त्यसलाई उनले पूर्णतया निर्वाह गरे । अल्लाहको सन्देश पुऱ्याए । मानव जातिको लागि भलाई चाहे । सबैखाले भलाई स्पष्ट पारेर त्यसको आदेश दिए । सबैखाले खराबीबाट डराएर त्यसबारे निषेधाज्ञा दिए....आदि कुराहरुमा दृढ विश्वास राख्नु । उनी (सल्ल.) ले आफ्नो अन्तिम हज्जको बेलामा हजारौं मानिसलाई सम्बोधन गर्दै भने, सुन, के मैले पुऱ्याइसकें ? उनीहरुले भने, हो । मेरो अल्लाह, तपाई साक्षी रहनुस्, उनले भने । (सही बुखारी र मुस्लिम)

७. जुन शरीअत उनीमाथि उतारिएको छ, उनको दूतत्वपछि त्यही नै अल्लाहनिर स्वीकार्य छ । त्यसबाहेकबाट अल्लाहको उपासना गर्न सकिन्न । त्यसबाहेक अरुलाई अल्लाह कदापि स्वीकार गर्दैन र यसै बमोजिम मानिससित सोधपूछ हुनेछ । यसर्थ उपरोक्त कुराहरुको आस्था राख्नुपर्छ । परम् अल्लाहको यस भनाईले गर्दा, जो कोहीले इस्लामबाहेक अर्को धर्म खोज्छ त्यो कदापि मान्य हुंदैन र ऊ पारलोकमा घाटा व्यहोर्नेहरुमध्ये हुनेछ । (कुरआन, ३.८५) सन्देष्टा (सल्ल.) को यस भनाईले पनि, त्यस हस्तीको कसम जसको हातमा मुहम्मदको ज्यान रहेको छ, यो समुदायमध्ये जो कोहीले मलाई सुन्छ, ऊ यहुदी होस् वा इसाई, अनि जससित म पठाइएको हुं, त्यसलाई मान्दैन भने ऊ नर्कवालाहरुमध्ये हुनेछ । (सही मुस्लिम)

८. उनी (सल्ल.) को आज्ञापालन गर्नु, परम् अल्लाहको यस भनाईले गर्दा, जो मानिसहरु अल्लाह र उनको

सन्देशवाहकको आज्ञापालन गर्छन्, उनीहरु (स्वर्ग) माती मानिसहरुका साथ हुनेछन् जसलाई अल्लाहले बरदान दिएका छन्, अर्थात् नबी, सिद्धीक, शहीद र सदाचारीहरुका साथ । यिनीहरुको संगत सर्वश्रेष्ठ हो । (कुरआन, ४.६९)

उपरोक्त कुराको कार्यान्यवयन उनी (सल्ल.) को आज्ञापालन र निषेधाज्ञाबाट बचेर मात्र हुन्छ । परम् अल्लाहको यस भनाईले गर्दा, तिमीहरु अल्लाहका सन्देष्टाको आज्ञापालन गर र उनको निषेधाज्ञाबाट रुक । (कुरआन, ५९.७)

उनी (सल्ल.) को अवज्ञाको दुष्परिणाम परम् र शुभ अल्लाहले यसरी बयान गरेका छन् जसले अल्लाह र उनको सन्देशवाहकको अवज्ञा गर्छ र उनका सीमाहरु नाघ्छ भने अल्लाहले उसलाई आगोमा हाल्नेछ । उसलाई त्यसमा सधैं रहनुपर्छ र कष्टकर सजाय हुनेछ । (कुरआन, ४.१४)

९. उनी (सल्ल.) को निर्णयबाट खुशी हुनु र उनले नियमित तुल्याएका कुराहरुमाथि असन्तुष्टि नजनाउनु । परम् अल्लाहको यस भनाईले गर्दा, तिम्रो प्रभुको कसम, उनीहरु त्यतिञ्जेलसम्म मुस्लिम हुन सक्दैनन् यदि आपसी विवादहरुमा उनलाई निर्णायक बनाउंदैनन् । अनि उनले गरेका निर्णयहरुबाट आफ्नो मनमा असुन्तुष्टि न महसुस गरुन् । र त्यसलाई सहर्ष स्वीकार गरुन् । (४.६५)

त्यसैगरी उनको शरीअत (धर्म कानून) र आदेशलाई अरु सबै आदेश, व्यवस्था र कानूनहरुभन्दा अगाडि

राख्नु । अल्लाहको यस भनाईले गर्दा, के उनीहरु अज्ञानता कालका फैसिला खोज्छन् ? पत्याउने समुदायको लागि अल्लाहभन्दा बढी राम्रो फैसिला कसको हुन सक्छ ।

१०. उनको सुन्नत (पद्धति) को अनुसरण गर्नु । परम् अल्लाहको यस भनाईले गर्दाः भनिदिनुस् यदि तिमीहरु अल्लाहसित माया गर्छौ भने मेरो अनुसरण गर, (फलस्वरुप) अल्लाह तिमीहरुसित माया गर्नेछ । र तिम्रा पापहरु माफ गर्नेछ र अल्लाह अति माफ गर्ने र अत्यन्त दयालु छन् । (कुरआन, ३.३१)

उनको पद्धतिको अनुरण गर्नु, उनको तरीकामा हिंड्नु र उनलाई अनुसरणको नमूना बनाउनुबारे परम् अल्लाहको भनाई यस्तो छ, निसन्देह अल्लाहका सन्देष्टा (सल्ल.) भित्र अल्लाह र अन्तिम दिन (परलोक) मा आशा राख्ने मान्छेको लागि राम्रो नमूना रहेछ (कुरआन, ३३.२१)

सन्देष्टा (सल्ल.) को अनुसरण गर्नुको अनिवार्य अर्थ उनको जीवनीको अध्ययन गरेर जानकारी हासिल गर्नु हो किनकि त्यहीमार्फत उनको अनुसरण सम्भव हुन्छ । जैनुल्आबिदीन अलि बिन हुसैन बिन अलि बिन अबु तालिब (रजि.) भन्छन्, हामीलाई कुरआनको सूरह (अध्याय) पाठ गराउनु झैं दूत (सल्ल.) का युद्धहरुबारे पनि पाठ गराइनु गरिन्थ्यो । (अल्बिदायह वल्निहायह (इब्ने कसीर ३.२४२) युद्धहरु उनको जीवनीका केही अंश हुन् ।

११. उनलाई अल्लाहले जुन तह र दर्जा दिएका छन् त्यसैमा उनलाई बांकी राख्नु । न उनीबारे अतिश्योक्ति गर्नु, न ज्यादती गर्नु किनकि उनको भनाई छ, मलाई त्यसै नउचाल्नु जस्तो ईसाइहरुले मरयमको छोरा (यशु) लाई उचालेका छन् । म उनको दास मात्र हुं । तसर्थ मलाई अल्लाहको गुलाम र उनका सन्देष्टा भन । (सही बुखारी)

१२. उनको जिकिर भएपछि उनको लागि दुआ गर्नु अल्लाहको यस भनाईले गर्दा, निसन्देह अल्लाह र उनका फरिश्ताहरु सन्देष्टाको लागि दुआ गर्दछन् । हे आस्थावानहरु तिमीहरु पनि उनको लागि दुआ र शान्ति पठाउने गर । (३३.२१)

यसबारे उनी (सल्ल.) को भनाई यस्तो छ, जो समक्ष मेरो जिकिर भयो र उसले मेरो लागि दुआ गरेन ऊ कन्जूस हो । (सुनन् तिर्मिजी)

१३. उनलाई माया गर्नु, उनको आदर सम्मान गर्नु र उनको मायालाई अरुको मायाभन्दा बढि राख्नु किनकि मानिसहरुलाई सही धर्मतर्फ उन्मुख गराउनुमा अल्लाहपछि उनकै योगदान रहेको छ । यस धर्मलाई अंगाल्नुमै संसार र परलोक दुबैको कल्याण छ । यस सन्दर्भमा अल्लाहको भनाई यस्तो रहेको छ, भनी देऊ, तिम्रा बुवा, तिम्रा छोरा, तिम्रा दाजुभाई, तिम्रा श्रीमती, तिम्रा जाति समुदाय, तिमीले आर्जन गरेको धन, त्यो व्यवसाय जसमा घाटाको तिमीलाई भय हुन्छ र ती भवन जसबाट तिमी प्रफुल्लित हुन्छौ, यदि यी सबै तिमीसमक्ष अल्लाहलगायत उनका सन्देशवाहक र

उनको बाटोमा जेहादभन्दा बढी प्रिय छन् भने अल्लाहले आफ्नो आदेश ल्याउञ्जेल पर्खने गर । अल्लाह कुकर्मीहरुलाई सोझो बाटोतिर डोऱ्याउँदैन ।

उनी (सल्ल.) ले आफूसित माया गर्नुमा जुन फाइदा हासिल हुन्छ त्यसबारे त्यो मान्छेलाई प्रस्ट पार्नु भएको थियो जसले उनीसित यस्तो प्रश्न गरेको थियो, अल्लाहका सन्देशवाहक महाप्रलय कहिल्ले हुन्छ ? उनी (सल्ल.) ले प्रतिउत्तर गर्दै भने त्यसको लागि के तयारी गरेका छौ ? ऊ संकोचमा पऱ्यो । अनि भन्यो, अल्लाहका सन्देशवाहक मैले धरै ब्रत, उपासना र दान दक्षिणाबाट तयारी गरेको छैन । तर अल्लाह र उनको सन्देशवाहकसित माया गर्छु । उसलाई उनी (सल्ल.) ले भने तिमी जोसित माया गर्छौ उसैसित हुनेछौ । (सही बुखारी र सही मुस्लिम)

उनी (सल्ल.) को भनाई छ, ३ वटा कुराहरु जसमा हुन्छन् ऊ त्यसबाट आस्थाको गुलियोपन महसुस गर्छ । अल्लाह र उनका सन्देष्टा (सल्ल.) ऊ समक्ष अरुभन्दा बढी प्रिय हुनुपर्छ । कसैसित माया गर्छ भने अल्लाहको लागि मात्र गर्दो होस् । अल्लाहले बहुदेववादबाट निकालि दिएपछि त्यसतर्फ फर्कनु ऊनिर आफूलाई आगोमा फ्यााक्नु सरह अप्रिय होस् । (सही बुखारी र सही मुस्लिम)

उनी (सल्ल.) सितको मायाले उनका प्रिय मानिसहरुसंग पनि माया गर्न अनिवार्य बनाउंछ । जस्तै, उनका आफन्त र मित्रहरुलाई । उनले मन नपराएका मानिसहरुसित मन नपराउनुलाई पनि अनिवार्य बनाउंछ

र उनी जोसित मित्रता गर्थे उनीसित मित्रता गांस्नु र जोसित शत्रुता गर्थे उनीहरुसित शत्रुता गर्नुपर्छ किनकि उनी (सल्ल.) अल्लाहको लागि नै माया र अल्लाहको लागि नै रीस गर्थे ।

१४. उनको धर्मतर्फ डाक्नु र मानिसहरुमाझ त्यसको प्रचार गर्नु जोसम्म पुगेको छैन ऊसम्म पुऱ्याउनु । उनको सदाचरणलाई बुद्धिमता र राम्रो प्रवचनबाट जीवित पार्नु । अनभिज्ञलाई सिकाउनु । बेवास्तालाई सचेत गराउनु र अनुसरण गर्नेलाई सघाउनु । परम अल्लाहको यस भनाईलाई व्यवहार गर्दै, आफ्नो प्रभुको बाटोतिर बुद्धिपूर्वक र मिठो वचनबाट डाक्ने गर र उनीहरुसंग राम्ररी बहस गर । (कुरआन, १६.१२५)

यसको लागि उनी (सल्ल.) को यस्तो भनाई रहेको छ, मेरो तर्फबाट पुऱ्याई राख चाहे एक श्लोक किन नहोस् । (सही बुखारी)

१५. उनी (सल्ल.) र उनको सुन्नत (पद्धति) को प्रतिरक्षा गर्नु । उनीतर्फ झूठो आक्षेप गरिएका सबै कुराहरुको खण्डन गर्नु र त्यसबाट अनभिज्ञ रहेका मानिसहरुमाथि यथार्थता प्रस्ट पार्नु । त्यसैगरी उनको सुन्नत र आमन्त्रणाको, त्यससित गांसिएका र त्यसका वरिपरी इस्लामका छल र कपटी शत्रुहरुबाट भड्काइएका आशंकाहरुको खण्डन गरेर प्रतिरक्षा गर्नु ।

१६. उनी (सल्ल.) को सुन्नतलाई बलपूर्वक समात्नु । यसबारे उनको यस्तो भनाई छ, मेरो र मेरा मार्गदर्शित सदाचारी खलीफा (उत्तराधिकारी) हरुको तरीका अपनाऊ । त्यसलाई दांतले सशक्त रुपमा समात । नौला

कुराहरुबाट बच किनकि धर्ममा हरेक नौलो कर्म बिद्अत् हो र हरेक बिद्अत् पथभ्रस्टता हो । (मुस्नद इमाम अहमद)

**अन्त्यमा,**

म आफ्नो यस शोधको अन्त्य फ्रान्सका कवि लामार्टेनको भनाईबाट गर्छु, जो मुहम्मद (सल्ल.) को महानताबारे कुरा गर्दै लेख्दछन्: यस्तो उच्चकोटीको जिम्मेवारी स्वेच्छाले होस् वा बाध्यताले यसअघि कसैलाई सुम्पिएको थिएन । निसन्देह यो जिम्मेवारी मानिसको छमताभन्दा ठूलो थियो । यसबाट मानिस र उनको स्रष्टामाझ अड्केका पथभ्रस्टताहरुको अन्त्य गरियो । यसमार्फत अल्लाह मानिससमक्ष र मानिस अल्लाहनिर पुग्छन् । यसबाट उनी पूजनीयता र यसको पवित्रतालाई मानिस र उनको स्रष्टामाझ अड्केका तत्काल मानिसहरुले पूज्दै गर्ने विभिन्न कुरुप मूर्ति र देवी देवताहरुमाझबाट ठीक दिशामा फर्काउने हुन्छन् । यस्ता कमजोर स्रोतहरुबाट कसैले मानिसको छमताभन्दा बढि भएको यस्तो काम गरेको होस्, यसभन्दा अघि कहिले सम्पन्न भएको छैन किनकि उनले आफ्नो कार्यको योजना र सम्पादन आफैं गरेका छन् । यसमा उनको सघाउ त्यस विशाल मरुभूमिको अज्ञात कुनामा उनीमाथि आस्थावान भएका केही मूठ्ठीभर मानिसहरु मात्र गर्दै थिए ।

अन्ततः यस्तो ठूलो र दीर्घ क्रान्ति संसार भरमा कसैले योभन्दा पहिला गर्न सकेन किनकि इस्लाम प्रकट भएको २ शताब्दिभन्दा कम अवधिपछि उनले आस्था र

हतियारको बलले सम्पूर्ण अरबद्वीपमाथि कब्जा जमाएका थिए । त्यसपछि अल्लाहको नाम लिएर इरान, इराक, पश्चिमी भारत, सिरिया, इथोपिया, सम्पूर्ण उत्तरी अफ्रीका, मध्य महासागरका केही टापुहरु, स्पेन र फ्रान्सका केही भागहरुसंग युद्ध गरेर विजय हासिल गरेका थिए । यदि हामी मानवीय दक्षताको लागि तीन वटा कुरा अर्थात् महान् लक्ष्य, कम स्रोत र चकित पार्ने उपलब्धीहरुलाई पहिचान गर्छौं भने समकालीन इतिहासका ठूलठूला मानिसहरुमध्ये मुहम्मदसंग दांजो गर्न कसको आंट छ ? ती महान् व्यक्तिहरुले हतियार वा ऐन कानून वा साम्राज्य मात्र सृजना गरे । केही यस्ता भौतिक ढांचा मात्र स्थापना गरे जुन प्रायः उनका आंख अगाडि नै खसी सके ।

तर यो मान्छेले सेना, ऐन कानून, साम्राज्य, जनता र राज्यहरुलाई मात्र हल्लाएन, अझ त्यसकासाथै संसारमा तत्काल बस्ने एक तिहाइभन्दा बढी कैयन मिलियन मानिसहरुलाई हल्लायो । त्यसभन्दा अझ बढी ठूलठूला धर्मगुरु, पवित्र स्थल, धर्म, दर्शन, आस्था र महात्माहरुलाई त्यस पुस्तकको उज्यालोबाट हल्लायो जसको हरेक श्लोक ऐन सरह हो । यस्तो आध्यात्मिक जाति सृजना गर्‍यो जसमा हरेक वंश, रंग र भाषाका पूर्ण जातिहरु विलय भए । हामीमाझ यस्तो विशेषता छाड्यो जुन मुस्लिम जातिमा कहिले मेटिन सक्दैन । त्यो के हो भने अल्लाहसंग मिसाउनुको घृणा र यस्तो एकल तथा एकमात्र पूजनीयको इबादत (दासता) जसलाई आंखाले देख्न सकिदैन । यसरी महुम्मद (सल्ल.) माथि

आस्था राखेका मानिसहरु कृत्रिम देवता र आकाशलाई दूषित पार्ने बहुदेववाद विरुद्ध कडाईकासाथ खट्नुमा पृथक भए । संसारका एक तिहाई संख्याले उनको धर्ममा प्रवेश गर्नु उनको चमत्कार हो वा झन् बढी सही शब्दमा भन्ने हो भने मान्छेको चमत्कार होइन, बुद्धिको चमत्कार हो ।

किनकि ज्योतिषि र मूर्तिसेवकहरुको अभ्यासले बलियो पारेका अन्धविश्वास र  कथाहरुमाझ उनले डाकेको एउटै पूजनीयको दर्शन, वास्तवमा चमत्कार नै थियो । यस दर्शनले आफूलाई स्वीकारेपछि मूर्तिपूजनका स्थानहरुलाई ध्वस्त पार्न र एक तिहाई संसारमा आगो सल्काउन सक्यो । उनी (सल्ल.) को जीवन र संसारबारे उनको चिन्तन, आफ्नो मुलुकको अन्धविश्वास र पथभ्रष्टता विरुद्ध उनको साहसी क्रान्ति, मूर्तिपूजकहरुलाई रिसाउनुमा उनको आंट, मक्कामा पन्द्रह वर्षसम्म दुःख सहिरहनुमा उनको क्षमता, हत्या गर्नुसम्म पुगेको उनको जातिको मनपरी र आफ्नो अवहेलना गर्नुमाथि उनको धैर्य, ती सबै हुंदाहुंदै आफ्नो आमन्त्रणाको प्रसारमा उनको निरन्तरता, विकृति र आज्ञानताकालको प्रवृत्ति विरुद्ध उनको लडाई, सफलतामा उनको गहिरो पत्यार, कष्टहरुको बेला उनले ढुक्क हुनु, विजयको बेला उनको विनम्रता, पद र सत्ता प्राप्तिको लागि होइन, बरु एउटै दर्शन स्थापनाको लागि उनको महत्वाकांक्षा, उनको लगातारको प्रार्थना र अल्लाहसंगको विन्ती फिरयाद, उनको मृत्यु अनि मृत्युपछि पनि उनको गतिलो विजय, यी सबै के को

साक्षी हुन् भने हामी कुनै झूठो र दाबीकर्ताको अगाडि होइनौं, बरु हामी दृढ विश्वास र अडिग आस्थाको सामुन्ने हौं । उनको आस्थाले उनलाई धर्मस्थापना गर्ने बल पुऱ्यायो । अनि उनले आफ्नो आस्थाको संरचना दुई आधारभूत विचारधारामा गरे । पहिलो, अल्लाह (उपासनीय) एउटा हो र दोस्रो, उनी भौतिकतवरले अदृष्य छन् । पहिलो विचारधाराबाट हामी अल्लाह को हो भन्ने बारे बुझ्छौं भने दोस्रोको सम्बन्ध अलौकिक वा गोप्य ज्ञानसित छ ।

उनी दार्शनिक, धर्मोपदेशक, ऐन निर्माता, लडाकु, विजेता, चिन्तक, अल्लाहको सन्देशवाहक, बुद्धियुक्त धर्म तथा मूर्ति वा शालिक बेगरको उपासनाका संस्थापक, २० वटा भुईंसाम्राटसमेत असीम अध्यात्मिक साम्राज्यको अगुवा थिए । यिनै हुन् मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम । जुन गुणहरुबाट कसैको महानता ठोकुवा गरिन्छ त्यसमा मनन गर्दै हामी आफैंसित सोधौं: के मुहम्मद (सल्ल.) भन्दा महान कोही जन्मेको हो ?

अल्लाहका सन्देष्टा (सल्ल.) मेरा बुवाआमा तपाईमाथि समर्पित हुन्, उनी जेजतिका हकदार थिए यो सानो पुस्तिकामा मैले दिन सकिन । यसमा जेजति लेखिएका छन् उनी महान सन्देष्टाबारे केही संक्षिप्त संकेत मात्र हुन् । उनको दूतत्वबाट पहिलेका मिश्रणगर्नेहरु निस्सासिएका थिए र मनपरी गर्ने, सांसारिक र पाश्विक अभिलाषा राख्ने एवम् मानिसलाई दास बनाउन खोज्नेहरु उनीबाट सधैं निस्सासिने छन् ।

यस पुस्तिकाले उनको सम्मानित व्यक्तित्वसित टांसिएका मिथ्याहरुलाई अल्लाहको कृपाबाट सच्याउंछ । हरेक असल कुरा बताउने र हरेक खराबबाट सचेत गराउने उनी जस्तो महान सन्देष्टाबारे थप ज्ञान प्राप्तिको एउटा सांचो हुनेछ । जसका वक्तव्य र कर्तव्य यस्ता व्यवस्था र विधान हुन् जसले परम अल्लाहको खुशी र उनको स्वर्गसम्म पुऱ्याउंछन् ।

तसर्थ हामी पूर्वजका निराधार परम्परा र अनुसरण छोडेर अबदेखि व्यवहारको लागि ज्ञान, छनोट र चिन्तनमा आधारित जीवनको थालनी गरौं ।

النيبالية

محمد رسول الله

صلى الله عليه وسلم

تصنيف: عبدالرحمن الشيحة

ترجمة الداعية: أبو بكر الندوي

مراجعة: رحمة الله ميان

إعداد مركز الدعوة والإرشاد بدولة قطر
الدوحة - مدينة خليفة الجنوبية
ت: ‎+٩٧٤٤٤٨٧١٧٠٦ فاكس: ‎+٩٧٤٤٤٨٦٤٧٣٧ ص.ب: ٢٤٨٢